गुर्भाकोट नगरपालिका

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

# Disaster Preparedness and Response Plan

गुर्भाकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

शुभाघाट, सुर्खेत

२०८३

## कृतज्ञता ज्ञापन

नेपालको संविधान,२०७२ ले विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको साझा अधिकारको सूचीमा राखेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ स्थानीय सरकार संचालन ऐन, २०७४ र स्वास्थ्य सेवा ऐन, २०७५ तथा जनस्वास्थ्य सेवा नियमावली, २०७७ तथा गुर्भाकोट नगरपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७७ ले प्रवन्ध गरेको स्थानीय सरकारको विपद् तथा स्वास्थ्य संकट व्यवस्थापन सम्बन्धी काम, कर्तब्य र अधिकार अनुसार स्थानीय सरकारले विपद् व्यवस्थापन सम्बन्धि आवश्यक नीति, रणनीति तथा योजना तयार गर्न, ऐन नियम तथा कार्यविधि तयार गर्न, अध्ययन ,अनुसन्धान र विपद् जोखिमको लेखाजोखा गर्न गराउन, विपद् प्रतिकार्यका लागि आवश्यक पूर्वतयारी गर्न तथा प्रतिकार्य संचालन गर्न सक्दछ। यसै आधारमा गुर्भाकोट नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ।

यस नगरपालिका क्षेत्रमा बारम्बार भइरहने प्रमुख विपद्का घटनाहरूलाई मध्यनजर गरी पूर्वतयारी योजना र विषय क्षेत्रगत आवश्यकतालाई सन्तुलित र एकिकृत रूपमा सम्बोधन गर्न ५ वटा विषयगत क्षेत्र निर्धारण गरि विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्य योजना तयार गरेको छ। नेपाल विशेषतः कर्णाली प्रदेश बिभिन्न समयमा बिभिन्न किसिमका बिपदबाट प्रभावित भैरहेको छ। जसका कारण सयौ जनाले ज्यान गुमाउनका साथै, हजारौं बिस्थापित भैरहेका छन् भने त्यतिकै सङ्ख्यामा धन-सम्पती नोक्सान भैरहेको छ। जसबाट गुर्भाकोट नगरपालिका पनि अछुतो छैन। बिगतमा भएका नोक्सानी , क्षति पुन नहोस् भन्नका निम्ति सोही अनुसारको निती, योजना निर्माण गरी प्रभाबकारी रुपमा कार्यान्वयन गर्न जरुरी भएका कारण LI-BIRD र WHH सँगको सहकार्यमा यस बिपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिएको छ। नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धि आफ्नै स्रोत, विकास साझेदार संस्थाहरूको सहायता तथा निजी एवम् सामाजिक क्षेत्रसँगको साझेदारीमा यस योजनाको कार्यान्वयन गरिनेछ। विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई नगरपालिकाका सम्बन्धित विषय क्षेत्रका योजना तथा कार्यक्रमहरूसँग समायोजन र एकिकरण गरी विपद् जोखिम सुसूचित विकासको अभ्यास मार्फत यस नगरपालिकाको उत्थानशीलता विकास गर्दै लगिनेछ। यस योजनाको कार्यान्वयनबाट पर्याप्त पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गरी विपदबाट हुनसक्ने क्षति एवम् नोक्सानी घटाउन नगरपालिकालाई सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु।

यस योजना तर्जुमाको क्रममा नगरपालिका स्तरीय विपद् ब्यवस्थापन समितिमा रहेर काम गर्नुहुने समितिका सदस्यहरु, सबै वडाका वडाध्यक्ष तथा वडा विपद् व्यवस्थापन समितिका सदस्यहरू तथा विभिन्न छलफलमा सहभागी भई सल्लाह सुझाव दिनुहुने सरोकारवाला संस्थाका प्रतिनिधिहरु, विषयगत क्षेत्रका सदस्यहरु, त्यसैगरी योजना तर्जुमाको लागि योगदान गर्नुहुने नगरपालिकाको कार्यपालिकाका पदाधिकारी एवंम् सदश्यहरु, विषयगत समितिका संयोजकहरू, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखाका सम्वद्ध कर्मचारीहरू सहीत प्राबिधिक सहयोग र सहकार्य गर्नु हुने LI-BIRD र WHH प्रती हार्दिक आभार प्रकट गर्दछु।

हस्त पुन

नगर प्रमुख, गुर्भाकोट नगरपालिका

# Table of Contents


गुर्भाकोट नगरपालिका 1

Table of Contents i

परिच्छेद एक 1

प्रारम्भिक 1

१.१ योजनाको पृष्ठभूमि 1

१.२ योजनाको उद्देश्य 1

१.३ योजना तर्जुमा प्रक्रिया 2

१.३.१ नगर विपद् व्यवस्थापन समितिको बैठक 2

१.३.२ आधारभूत अध्ययन 2

१.३.३ विषयगतक्षेत्र सम्बन्धी अबधारणा 3

१.३.४ कार्यशाला गोष्ठी 3

१.३.५ योजनाको मस्यौदा तयारी 3

१.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परीक्षण 3

१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी 3

परिच्छेद दुई 1

विपद् जोखिम र व्यवस्थापनको अवस्था 1

२.१ नगरपालिकाको संक्षिप्त परिचय 1

२.१.१ नगरपालिकाको जनसङ्ख्या तथा सामाजिक संरचना सम्बन्धी विवरण 1

२.१.२ नगरपालिकाको अपाङ्गता भएका जनसङ्ख्या 1

२.१.३ नगरपालिकाको प्रमुख नदीनाला तथा खोलाको विवरण2

२.१.४ भौतिक पूर्वाधार र सेवा 2

२.२ नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरु तथा प्रकोप स्तरीकरण 3

२.३ विगतका विपद्को अवस्था विश्लेषण 1

२.३.१ विपद्को ऐतिहासिक समय रेखा तथा क्षतिको विवरण: 1

2.३.२ विपद्को आवृत्ति र गम्भिरता 1

२.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र 1

२.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण3

२.६ पूर्वसूचना प्रणालीको अवस्था 4

२.७ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था 4
२.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी 4
२.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार, शीघ्र पुनर्लाभ क्षेत्र 5
२.८.२ खाद्य तथा कृषि क्षेत्र 5
२.८.३ स्वास्थ्य तथा पोषण, संरक्षण तथा सूरक्षा, आपत्कालीन शिक्षा क्षेत्र 6
२.८.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र 7
२.८.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र 7
परिच्छेद तीन 1
पूर्वतयारी तथा प्रतिकार्य योजना 1
३.१ सामान्य पूर्वतयारी योजना 1
३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार, शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना 1
३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना 3
३.१.३ स्वास्थ्य तथा पोषण, संरक्षण तथा सूरक्षा, आपत्कालीन शिक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना 4
३.१.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना 6
३.१.५ आपत्कालीन आश्रय तथा गैर–खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना 7
३.२ पूर्वानूमानमा आधारित पूर्वतयारी योजना 8
३.२.१ मनसुन परिदृष्यको सूचना 8
३.२.२ मौसम विषेश बुलेटिन 11
३.२.३ तिन दिने मौसम पूर्वानुमान बुलेटिन 15
३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना 19
३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार, शीघ्र पुनर्लाभ क्षेत्र 19
३.३.२ खाद्य कृषि विषयगत क्षेत्रको प्रतिकार्य योजना 20
३.३.३ स्वास्थ्य तथा पोषण, संरक्षण तथा सूरक्षा, आपत्कालीन शिक्षा क्षेत्र 21
३.३.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको प्रतिकार्य योजना 23
३.३.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री तथा बन्दोबस्ती क्षेत्रको प्रतिकार्य योजना 24
परिच्छेद चार 1
बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा 1
४.१ स्रोत-साधनको वर्तमान अवस्थाका साथै थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत विवरण 1

४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता 3
४.३ बन्दोबस्ती सामग्रीको आंकलन 3
४.३.१ गैर–खाद्य सामग्री भण्डारण स्थल 3
४.३.२ मानवीय सहायता स्थल, खुला क्षेत्र तथा स्थान 3
परिच्छेद पाँच 9
विविध 9
५.१ स्रोत साधनको व्यवस्थापन 9
५.२ अन्य निकायसँगको समन्वय र सहकार्य 9
५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई 9
५.३.१ लक्ष्य र सूचकहरू 9
५.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन 10
५.४ क्षमता विकास रणनीति र योजना 11
अनुसूची-१ 12
प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची 12
अनुसूची-२ 13
स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यादेश 13
अनुसूची-३ 14
सरोकारवाला निकायको पहिचान तालिका 14
अनुसूची-४ 15
विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची 15
अनुसूची-५ 17
विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त (नमूना) 17
अनुसूची-६ 17
अगुवा सहयोगी संस्थाको कार्यशर्त 17
अनुसूची-७ 19
कार्यशाला गोष्ठीको कार्यसूची 19
अनुसूची-८ 23
स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण 23
अनुसूची-९ 24
विषयक्षेत्रका अगुवा संस्थाका पदाधिकारीहरूको विवरण 24

अनुसूची-१० 25

विषयक्षेत्र अन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण 25

अनुसूची-११ 27

प्रतिकार्यको लागि उपलब्ध जनशक्ति तथा संस्थाहरूको विवरण 27

अनुसूची-१२ 28

योजना अनुगमन, मूल्याङ्कन तथा सिकाई संश्लेषण प्रारुप 29

अनुसूची-१३ 31

सूचना प्रवाह संयन्त्र 31

# परिच्छेद एक: प्रारम्भिक

## १.१ योजनाको पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको मूलभूत उद्देश्य विपद्ले हुने मृत्युदर तथा प्रभावितहरुको सङ्ख्या उल्लेख्य रूपमा घटाउनु, अन्य विपद् वा महामारीका कारण उत्पन्न हुनसक्ने स्वास्थ्य संकटको रोकथाम एवम् व्यवस्थापन गरी मानवीय क्षति न्यूनीकरण गर्नु,कृषि उद्योग, सडक, सञ्चार, खानेपानी एवम् सरसफाईका संरचना तथा स्वास्थ्य र शिक्षाका पूर्वाधार एवम् सेवामा विपद्का कारणबाट हुने क्षति तथा नोक्सानी घटाउँदै तिनीहरूको उत्थानशीलता बढाएर विकासको दीगोपनालाई स्थायित्व दिनु र विकास तथा पूर्वाधार निर्माणमा गरिएको लगानीलाई सुरक्षित गर्नु हो। तीनवटै तहका सरकारको अधिकार बाँडफाट सम्बन्धी संवैधानिक व्यवस्था, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७५ को दफा ८ (१) एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) तथा ११ (४) ख (१५) र स्वास्थ्य सेवा ऐन २०७५ को दफा ४८ मा प्रवन्ध गरिए बमोजिम स्थानीय तहको प्रकोपजन्य तथा जलवायुजन्य विपद् व्यवस्थापन सम्बन्धमा तोकिएको काम, कर्तव्य र अधिकार एवम् गुर्भाकोट नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७७ को परिच्छेद २ को दफा ३ मा नगर विपद् व्यवस्थापन समितिको गठन, काम ,कर्तव्य र अधिकार एवम् विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय नीति, २०७५ तथा रणनीतिक कार्ययोजना, २०१८ - २०३० को लक्ष्य र मार्गदर्शन एबम नीतिगत र कानूनी आधार र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ को पहिलो संशोधन २०७६ले तय गरेको विधि र प्रकृया बमोजिम नगरको विपद् तथा संकटको लागी पूर्वतयारी एवम् विपद् प्रतिकार्यलाई चुस्त तथा प्रभावकारी बनाउन र त्यसको लागि आवश्यक पूर्वतयारी गर्न यस गुर्भाकोट नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ।

यस नगरपालिका प्रकोप तथा विपद्को दृष्टिले बाढी तथा पहिरो जन्य प्रकोपबाट उच्च जोखिमा रहेको पाइन्छ। यस नगरपालिकाको भौगोलिक अवस्थिति, धरातलिय स्वरुप, माटो, जलबायु विविधता र संवेदनशीलतालाइ हेर्दा यस नगरपालिकामा मुख्यगरी १० प्रकारका प्रकोपहरु रहेको पाइन्छ। खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापको अभाव, अवैज्ञानिक भू उपयोग, असुरक्षित संरचना तथा विकास निर्माण जस्ता कारणले बाढी, पहिरो, आगलागी, रोगकिराको प्रकोप, स्वास्थ्य जन्य महामारी, चट्याङ्ग, असीना–पानी आदिले जोखिम सिर्जना गरिरहेको छ। विगतदेखि हालसम्मको प्रकोपको इतिहासलाइ नियाल्दा यस नगरपालिकामा खडेरी, पहिरो, शत्रुजीवको प्रकोप, बाढी, सडक दुर्घटना, बेमौसमी बर्षा, आगलागी,बनजंगल डढेलो,हुरीवतास, चट्याङ्ग, असीनापानी जस्ता प्रकोपहरुबाट प्रभावित गरेको पाइन्छ। यस नगरपालिकाको प्रकोप स्तरीकरण गर्दा पहिरो, बाढी, नदि कटान, रोगकिरा, आगलागी, सुख्खा खडेरी, वन्यजन्तु आक्रमण, असिना, महामारी, चट्याङ्ग, हुरीवतास, डढेलो, तुसारो, सडक दुर्घटना क्रमै संग स्तरिकण गरी पहिलो, दोस्रो देखि चौधौं स्थान सम्म राखिएको छ।

## १.२ योजनाको उद्देश्य

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको मुख्य उद्देश्य विपद् जोखिम व्यवस्थापन (विपद् पूर्व, विपद्को समय र विपद् पश्चात) का लागि सरोकारवालाको सक्रिय सहभागितामा आवश्यक गतिविधिहरू सञ्चालन गर्नु, सम्भावित जनधनको क्षति कम गर्दै विपद् उत्थानशील समुदाय निर्माण गर्नु हो। साथै प्रकोप पूर्वसूचना प्रणालीको उपयोग गरी उपलब्ध अवसर समयमा पूर्वतयारी र पूर्वकार्य गरी सम्भावित विपदबाट जनधनको रक्षा गर्नु र विपद् प्रभाव कम गर्नु हो।

(1) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयक्षेत्रको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,

(2) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी सरोकारवाला निकायहरू बिचमा प्रभावकारी समन्वय, सहकार्य अभिबृद्धि गराउने र अद्यावधिक गर्ने।

(3) विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाको तथ्याङ्क सङ्कलन र विश्लेषणका आधारमा योजना तर्जुमा गर्नु।

(4) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वकार्य तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु।

(5) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न सक्ने गरि आवश्यक क्षमताको आंकलन, प्रक्षेपण र प्रबन्ध गर्नु।

(6) नगरपालिकाको क्षेत्र भित्र बसोबास गर्ने जनसमुदाय विशेष गरि महिला, पुरुष, अपाङ्गता भएका व्यक्ति, विपन्न र पछाडि परेका समूहहरूको योजना निर्माण प्रकिया र कार्यान्वयनमा समान प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु।

(7) प्रकोपजन्य तथा जलवायुजन्य विपद् एवम् विपद्बाट हुने क्षति तथा नोक्सानी घटाउनु र प्रभावित हुने व्यक्ति, परिवार तथा समुदायलाई उपयुक्त मानवीय सहायता सुनिश्चित गर्नु।

(8) प्रकोपजन्य जोखिम एवम् जलवायुजन्य जोखिम न्यूनीकरणका लागि विपद् पूर्वतयारीलाई प्राथमिकताका साथ कार्यान्वयन गरी विपद् पछि उद्धार राहतका लागि हुने खर्च घटाउनु।

## १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ ले स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयक्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार गुर्भाकोट नगरपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्बन गरिएको प्रक्रियागत ढाँचा देहाय बमोजिम रहेको छः




### १.३.१ नगर विपद् व्यवस्थापन समितिको बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीका लागि सर्वप्रथम मिति २०८२/०३/३० मा नगरपालिकाको विपद् व्यवस्थापन समितिले तयारी बैठकको आयोजना गरेको थियो। बैठकले योजना तर्जुमा गर्न विषयक्षेत्र निर्धारण गर्नुका साथै विगतका विपद्का घटना सम्बन्धी तथ्याङ्क, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान एवम् पूर्वसूचना प्रणाली र विपद् सम्बन्धी विध्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि अनुभव प्राप्त विज्ञ समेत रहेको प्राविधिक कार्यसमूह (Technical Working Group) गठन गरेको थियो। प्राविधिक कार्यसमूहको बैठकको कार्यसूची **अनुसूची-४** मा संलग्न छ। स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले प्राविधिक कार्य समूहलाई काम, कर्तव्य र जिम्मेवारी सहित **अनुसूची- २** बमोजिमको कार्यादेश प्रदान गरेको थियो। बैठकले स्थानीय तहमा कार्यरत सरोकारवाला र साझेदार संस्थाको पहिचान तथा सूचीको प्रस्ताव तयार गरी सूचीलाई पूर्णता प्रदान गर्ने विषयलाइ कार्यसमूहको जिम्मेवारीमा समावेश गर्ने निर्णय समेत गरेको थियो। यसरी पहिचान गरीएका सरोकारवाला निकायहरूको विवरण **अनुसूची-.३** मा समावेश गरिएको छ।

### १.३.२ आधारभूत अध्ययन

नगर विपद् व्यवस्थापन समितिबाट नगर विपद् व्यवस्थापन सम्बन्धी मौजुदा नीति, योजना, विपद्का घटना सम्बन्धी तथ्याङ्क ,प्रकाशनहरू, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन (Baseline Study) र विश्लेषण गरीएको थियो। योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखको समेत अध्ययन तथा विश्लेषण गरिएको थियोः-

- नेपालको संविधान ,२०७२
- विपद् व्यवस्थापन सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहका नीति, ऐन, नियम तथा निर्देशिका,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा प्रदेश र स्थानीय तहको रणनीतिक कार्ययोजना,
- विगत पाँच वर्षको दस्तावेज गरीएका र समूहगत छलफलको माध्यमबाट विगत तीस वर्ष वा सो भन्दा अगाडिका विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशन, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सम्बन्धी तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेख,
- सुर्खेत जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२
- स्थानीय विपद्को इतिहास (भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, चट्याङ्, खडेरी, महामारी, सडक दुर्घटना, जङ्गली जनावर आतङ्क आदि),

- जनसङ्ख्या विवरण, सडक सञ्जाल, नदी, बसोबास क्षेत्र तथा नगरपालिकाको सीमाना देखिने नक्सा,
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई,
- गुर्भाकोट नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७
- गुर्भाकोट नगरपालिकाको जोखिम पार्श्व चित्र २०८०
- गुर्भाकोट नगरपालिकाको स्थानीय अनुकूलन कार्ययोजना (लापा) २०८०/८१-२०८४/८५,
- गुर्भाकोट नगरपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रम २०७९/०८०, २०८०/८१ र २०८१/८२

### १.३.३ विषयगतक्षेत्र सम्बन्धी अबधारणा

गुर्भाकोट नगरपालिकामा सम्भावित विपद्को जोखिमलाई व्यवस्थापन गर्न नगर विपद् व्यवस्थापन समिति गठन भएको छ। नगरप्रमुखको अध्यक्षतामा नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरीएको छ (**अनुसूची - ८** )। १४ वटै वडामा वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय विपद् व्यवस्थापन समिति र बाढी , पहिरोका कारण अति जोखिमा रहेको वस्तिहरूमा सामुदायिक विपद व्यवस्थापन समिती र कार्य समुहहरू गठन गरीएको छ। नगरपालिकामा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनको लागि सरोकारवाला निकायको सहभागितालाई सुनिश्चित गर्न विषयगतक्षेत्र उपसमितिको व्यवस्था गरीएको छ। पाँच विषय क्षेत्रको विस्तृत विवरण र कार्ययोजना परिच्छेद ३ मा संलग्न छ।

विषयक्षेत्रगत रुपमा योजनाको प्रस्ताव तयार गर्न ५ वटा  विषयक्षेत्रगत समिति गठन गरीएको थियो। विषयक्षेत्रको समितिको बैठकको कार्यसूची **अनुसूची-.४** मा प्रस्तुत गरीएको छ। विषयक्षेत्रका सदस्य संस्था (Cluster Member) र ती निकायको कार्यशर्त **अनुसूची-९** मा तथा अगुवा सहयोगी संस्था (Lead Support Agency) को कार्यशर्त **अनुसूची-६** मा समावेश गरीएको छ।

### १.३.४ कार्यशाला गोष्ठी

विषयक्षेत्रको प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा कार्यशाला गोष्ठी आयोजना गरीएको थियो। कार्यशालामा विषयक्षेत्रबाट प्रस्तावित विवरण तथा योजनाउपर छलफल गरी सुझाव सङ्कलन गरीएको थियो। कार्यशाला गोष्ठीको कार्यसूची **अनुसूची-७** मा संलग्न रहेको छ।

मिति २०८३-०२- गते सञ्चालित कार्यशाला गोष्ठीमा नगर विपद् व्यवस्थापन समितिका सदस्य, विषयक्षेत्रका सदस्य सङ्घ/संस्था, निजी क्षेत्रका प्रतिनिधि, विज्ञ, सङ्कटासन्न समुदाय लगायतका सरोकारवालाको सहभागिता रहेको थियो। कार्यशालाको सञ्चालन तथा सहजीकरण विज्ञ कार्यसमूहले गरेको थियो। योजना तर्जुमा प्रक्रियामा मानवीय सहायतामा संलग्न सरकारी निकाय तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संलग्न भएका थिए ।

### १.३.५ योजनाको मस्यौदा तयारी

उपलब्ध नीति, कानून तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषयक्षेत्रको छलफल र अन्य स्रोतबाट सङ्कलन गरीएका सूचना र कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्ष र सुझाव समावेश गरी नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रस्तुत मस्यौदा तयार गरीएको छ।

### १.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परीक्षण

विपत पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा प्रस्ताव गरीएका मुख्य क्रियाकलाप उपयुक्त भए नभएको तथा प्रस्तावित क्रियाकलाप गर्ने क्षमता नगरपालिका तहमा उपलब्ध भए नभएको सुनिश्चित गर्न सरोकारवालाको सहभागितामा डेस्क कृत्रिम घटना अभ्यास मार्फत परीक्षण गरीनेछ । यस्तो परीक्षणबाट प्राप्त भएका सुझाव एवं सिकाइलाई यो योजना समीक्षा गर्ने चरणमा संलग्न गरीनेछ ।

### १.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी

कार्यशालाबाट प्राप्त राय एवं सुझाव सहित तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, सङ्घ संस्था र विज्ञहरूको सुझाव लिईएको थियो। यसरी प्राप्त भएका सुझावलाई  नगर विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिईएको छ।

# परिच्छेद दुई: विपद् जोखिम र व्यवस्थापनको अवस्था

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगर देखी पुर्व क्षेत्रमा अवस्थित यो नगरपालिका जनसंख्याका दृष्टिकोणले कर्णाली प्रदेशको दोश्रो ठुलो नगरपालिका हो। साविकका दहचौर, गुमी, घुमखहरे र मेहेलकुना गाविसहरु मिलि तत्कालिन शुभाघाटगंगामाला नगरपालिका २०७२ असोजमा बनेको थियो। स्थानीय तहको पूनसंरचना हुँदा यसमा साविकका सहारे, मालारानी र धारापानी गाविस थपगरी २०७३ कार्तिक १९ गतेको स्थानीय तह पुर्नसंरचना जिल्ला आयोग प्राविधिक समितिको निर्णय अनुसार १४ वटा वडाहरु कायम गर्दै सो समितिको सिफारिस अनुसार यसको नाम गुर्भाकोट नगरपालिका रहन गएको हो। अक्षांश २८०३३ देखि २८०५३ सम्म र देशान्तर ८१०८१ सम्म फैलिएको यस नगरपालिकाको क्षेत्रफल २२८.६० वर्ग कि.मी. रहेको छ।यस नगरपालिकाको पुर्वमा सिम्ता नगरपालिका र सल्यान जिल्ला पश्चिममा भेरीगंगा नगरपालिका र लेकवेशी नगरपालिका दक्षिणमा सल्यान जिल्ला र उत्तरमा लेकवेशी नगरपालिका तथा चिंङ्गाड नगरपालिका रहेका छन।

बिक्रम संबत २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या ४८ हजार २ सय १६ जना रहेकोमा पुरुष २२ हजार १ सय ८३ जना र महिला २६ हजार ३३ जना रहेका छन्। यस पालिकाको साक्षरता दर ८२.८० रहेको छ, जस मध्य ७७.६% महिला र ८९.१ % पुरुष रहेको छन। यस नगरपालिकाको जिविकोपार्जनको स्रोत हरु व्यापार, उद्योग, पर्यटन, व्यवसायिक कृषि, पशुपालन आदि रहेको देखिन्छ।

यस क्षेत्रमा मगरहरुको उल्लेखनिय बसोवास रहेको पाइन्छ। यस क्षेत्रका समुदायले नेपाली भाषालाइ मातृभाषाका रुपमा प्रयोग गरेको पाइन्छ, भने मगर भााषाको पनि यस नगरपालिकामा प्रचलन रहेको छ। यस क्षेत्रमा पर्याप्त खेतीयोग्य जमिन भएपनि सिँचाइ तथा आधुनिक प्रविधिको अभावमा यहाँका मानिसहरु जिविकोपार्जनका लागि व्यापार व्यवसाय, पशुपालन, ज्याला मजदुरीका अतिरिक्त अन्य बैकल्पिक रोजगारीका अवसहरु खोजिरहेको पाइन्छ। नगरपालिकाको नाम गुर्भाकोट नामाकरण गर्नुमा यस क्षेत्रको ऐतिहासिक बाइसे राज्यका रुपमा रहेको गुर्भाकोट हो।

### २.१.१ नगरपालिकाको जनसङ्ख्या तथा सामाजिक संरचना सम्बन्धी विवरण

यस नगरपालिकाको २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या ४८ हजार २ सय १६ जना रहेकोमा पुरुष २२ हजार १ सय ८३ जना र महिला २६ हजार ३३ जना रहेका छन्। जातियरुपमा कुल जनसन्ख्याको ३६.३ प्रतिशत ब्राहमण/छेत्री, ३४.३ प्रतिशत दलित , २८.५ प्रतिशत जनजाती र ०.८ प्रतिशत अन्य जातिको जनसख्या रहेको छ

### २.१.२ नगरपालिकाको अपाङ्गता भएका जनसङ्ख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा निम्न रूपमा अपाङ्गता भएका जनसङ्ख्या रहेको छ।

| अपाङ्गताको प्रकार | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| **शारीरिक अपाङ्गता** | ५५० | २९७ | २५३ |
| **न्यून दृष्टी** | २७६ | १३४ | १४२ |
| **दृष्टिविहीन** | ४१ | १८ | २३ |
| **वहिरोपन** | ११८ | ६१ | ५७ |
| **मनोसामाजिक अपाङ्गता** | १७८ | ८५ | ९३ |
| **न्यून श्रवणशक्ति** | १८ | ६ | १२ |
| **बहिरोपन एवं दृष्टिविहीन** | ११२ | ६३ | ४९ |
| **मानसिक वा मनोसामाजिक** | ६१ | ३२ | २९ |
| **बौद्धिक अपाङ्गता** | १९ | ९ | १० |
| **अनुवंशीय रक्तश्राव (हेमोफेलिया)** | ९ | ६ | ३ |
| **अटिजम्** | १६ | ८ | ८ |
| **बहुअपाङ्गता** | १३१ | ७१ | ६० |
| **जेष्ठ नागरीक,** | ४२९८ | २०६२ | २२३६ |
| **गर्भवती महिला,** | १४६६ | ० | १४६६ |

स्रोतः केन्द्रिय तथ्यांक कार्यालय, २०७८ र गुर्भाकोट नगरपालिकाको स्वास्थ्य प्रोफायल,२०८२

### २.१.३ नगरपालिकाको प्रमुख नदीनाला तथा खोलाको विवरण

यस नगरपालिका भएर बहने प्रमुख नदीनाला तथा खोलाहरू धेरै छन् ।धेरै खहरे खोलाहरूमा वर्षातको समयमा मात्र पानी बहने र यि साना खोलाहरूले धेरै ठुलो मात्रामा नै क्षति पुर्याउने गरेका छन् । वडागत रूपमा रहेका प्रमुख खोलानालाहरूको विवरण निम्न तालिकामा प्रस्तुत गरीएको छ ।

| वडा नं. | प्रमुख खोला | वडा/बस्ती |
|---|---|---|
| १ | च्याने खोला, आले खोला, ढाब खोला, बल्गासे खोला, मजुवा खोला ,सानो खोला (बुचे घुमाउने खोला) जुगेपानी खोला, ,गोचे खोला, | भुल्के, झगडीया, सानो खोला गाउँ, सिस्नेरी, मजुवा, फुलफुले,जुगेपानी, बन्दुके डाँडाकाल्चे, भिरगाउँ, भालुओडार, बेतखोला,खेत्यान, सिमस्यार |
| २ | गोलारह खोला, कामी खोला, सांख्रे खोला, खोलाढाब, आपखोला, भित्रि खोला, खहरे खोला, गोचे खोला | ओर्दी, चियूरी डाँडा, खोलाढाब बस्ति, आपखोली बस्ति, पिपले बस्ति, भित्रि खोला गाउँ, दह, खरीगैरा, दर्खासे |
| 3 | भित्रि खोला, आरुखर्क खोला, छहरे रैकर-धारापानी खोला, हिले-नादे दुई खोला | काउले, सिमजिउला, धारापानी, तल्लो नादे |
| ४ | आपखोली, बगमारे खोला, धोद्रे खोला, | सिमलटरा, ताराम खाल्टा, बाघखोरी गाउ, मझखर्क टोल |
| ५ | कोशिघाट खोला, मज्वा खोला, ठुलो खोला, कुर्मी खोला, कत्ले खोला, डोटे खोला | कोशिघाट फाट, मजुवा फाट, बेतेनी टोल, थक्लेनी, रातमाटा, कत्ले बस्ति, डोटे बस्ति |
| ६ | सिन्दुरे खोला, सर्किमारे खोला, निमारे खोला, सोतर खोली, कुर्मी खोला, चुके खोला | सिन्दुर खोला गाउँ, नन्कले गाउँ, रातामाटा, खार खोली, सार्किमारे गाउँ, सातमुले गाउँ, निमारे गाउँ, सोतर खोली गाउँ, जारकाटे, तोरीबारी |
| ७ | नाउली खोला, मुलपानी खोला | नाउली खोला गाउ, मुलपानी गाउ |
| ८ | धुला खोला, गंगटे खोला | सुन्दरनगर टोल, गंगटे खोला बस्ति |
| ९ | सिमल गैरा खोला, खहरे खोला, काप्रे खोला, घुघुती खोला, पोखरे खोला, खुती खोला | सिमल गैरा बस्ति, खहरे बस्ति, काप्रे खोला बस्ति, घुगुटि बस्ति, पोखरे खोला बस्ती, डाप्चा |
| १० | भेरी नदी, चुनेअम्रै खोला ,आगर खोला, डुम्रेपानी खोला,फेकरी खोला, लौरे खोला | भेडाबारी, डाँफे,तल्लो झ्याँग्रेघारी,दमार बस्ती, फेकरी ,फुलबारी टोल, खरायो चौर ,गैरीबजार, लौरे दमार ,पुलबजार |
| ११ | बर्मागार खोला, सुर्मा खोला, सिम खोला | चामखाली, बर्मागार, अवलसुर्मा, जिउला, गाडापानी, बेलतडा |
| १२ | भेरी नदी ,बेतेनी खोला, मंग्रा खोला, ठाँटी खोला, डोटे खोला, काप्रे खोला, घुगुती खोला | चिसापानी , ड्वाङ्ड्वाङ्गे ,लामकाने,शुभाघाट, सानो र ठुलो राइके, ज्यामिरे, लक्ष्मी नगर, मंग्रा टोल, सलामी टोल, किटेनी, सिम्ले , पिप्ले , बस्यालडाँडा |
| १३ | बेतेनी खोला, गुर्जे खोला, बेतेनी खोला | सेरा फाट, भम्का, राइके, भक्तपुर, सैपा, रातडाँडा |
| १४ | बेतेनी खोला, खहरे खोला | कपासे गाउ, लिनी गाउ, गैडा गाउ |

स्रोतः सामुहिक छलफल, २०८३

### २.१.४ भौतिक पूर्वाधार र सेवा

- **विध्यालयः-** यस नगरपालिकामा सामुदायिक तथा संस्थागत गरी जम्मा ८२ वटा विध्यालय रहेका छन् । आपत्कालीन अवस्थामा जस्तै: बाढी पहिरो आउँदा गाउँ, टोलका परिवारले आश्रय लिन सामुदायिक विध्यालयका कक्षा कोठा र परिसर प्रयोग गर्नुपर्ने वाध्यता छ । कतिपय विध्यालयमा वा विध्यालय जाने सडकमा पहिरो वा बाढी आउन सक्ने जोखिम छ ।

- **स्वास्थ्य सेवा:-**यस नगरपालिकामा सामुदायिक तथा संस्थागत गरी जम्मा १९ वटा स्वास्थ्य केन्द्र रहेका छन् । आपत्कालीन अवस्थामा जस्तै: बाढी, पहिरो आउँदा गाउँ, टोलका परिवारले प्राथमिक उपचार तथा अन्य स्वास्थ्य सुविधाको निम्ति प्रयोग गर्ने गरेका छन्। तर कतिपय स्वास्थ्य केन्द्र जाने सडकमा पहिरो वा बाढी आउन सक्ने जोखिम छ।

- **सञ्चार सेवा र पूर्वसूचना:-** यस नगरपालिकामा मोवाइल टेलिफोन, एफ एम रेडियो, टेलिभिजन, सामाजिक सञ्जालका साथै माइक, साइरन, फेसवुक, ह्वाट्स एप, मौलिक बाजा लगायतका स्थानीय उपकरण मार्फत् सूचना आदानप्रदान गर्न सकिन्छ। सुरक्षा निकायसँग वाकिटकी सेट रहेका छन्।

- **नजिकको बजार, पसलको विवरण:-**
  - **वडा न. ८ मेहेलकुना बजार:** बैक, अस्पताल, फार्मेसी पसल, एग्रो- भेट पसल, तरकारी तथा फलफूल पसल, दुध तथा डेरी पसल, कपडा पसल, हार्डवयर पसल, किराना पसल, होटेल, खाजा पसल, आदि

- **वडा न. ९ बोटेचौर बजार:** बैक, फार्मेसी पसल, एग्रो- भेट पसल, तरकारी तथा फलफूल पसल, दुध तथा डेरी पसल, कपडा पसल, हार्डवयर पसल, किराना पसल, होटेल, खाजा पसल, आदि
- **वडा न. २ खरी गैरा तथा गैरी बजार:** फार्मेसी पसल, तरकारी तथा फलफूल पसल, दुध तथा डेरी पसल, किराना पसल, होटेल, खाजा पसल, आदि
- **वडा न. ६ बडाखोली बजार:** फार्मेसी पसल, तरकारी तथा फलफूल पसल, दुध तथा डेरी पसल, किराना पसल, होटेल, खाजा पसल, आदि
- **वडा १० भेडावारी :** तरकारी तथा फलफूल पसल, दुध तथा डेरी पसल, किराना पसल, होटेल, खाजा पसल, आदि
- **वडा १३ शिवनगर** : बैक, फार्मेसी पसल, एग्रो- भेट पसल, तरकारी तथा फलफूल पसल, दुध तथा डेरी पसल, कपडा पसल, हार्डवयर पसल, किराना पसल, होटेल, खाजा पसल, ग्रील पसल आदि
- **वडा नं १४ कृष्णनगर बजार** :- तरकारी तथा फलफूल पसल, दुध तथा डेरी पसल, कपडा पसल, हार्डवयर पसल, किराना पसल, होटेल, खाजा पसल, ग्रील पसल आदि

## २.२ नगरपालिकामा विद्यमान प्रमुख प्रकोपहरु तथा प्रकोप स्तरीकरण

यस गुर्भाकोट नगरपालिकाको वडा स्तरीय प्रकोप स्तरीकरण विपद् प्रभावित समुदायका ज्येष्ठ नागरीक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, यौनिक तथा विविध लैङ्गिक व्यक्ति, बुद्धिजिवी, समाजसेवी एवं वडा समिति सदस्य आदिको प्रत्यक्ष सहभागितामा सहभागितामुलक तवरबाट गरिएको थियो । प्रकोप तथा विपद् लेखाजोखाका, ऐतिहासिक समयरेखा तथा प्रकोप तथा जोखिम नंक्शाकनबाट पहिचान गरिएको जोखिम क्षेत्र र यस नगरपालिका अन्तर्गतका १४ वटा वडामा रहेका विभिन्न जलवायुजन्य प्रकोपहरु मध्ये सबैभन्दा बढी असर तथा प्रभाव पारेको जोखिम तथा प्रकोपको आधारमा स्तरीकरण गर्दै विश्लेषण गरिएको थियो। यस अनुसार प्रत्यक वडाको प्रकोप स्तरीकरण तलको तालिकामा देखाइएको छ ।

| प्रकोप स्तरीकरण | वडाहरु | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| १ | मिचाह झार | पहिरो | पहिरो | वाढि/ खोला कटान | पहिरो | बाढी | वाढि/ खोला कटान | मिचाहा झार | वाढी | वन्यजन्तु आक्रमण | पहिरो | रोगकिरा | रोगकिरा | पहिरो |
| २ | डढेलो | वाढी | वाढी | सुख्खा खडेरी | वाढी | पहिरो | पहिरो | रोगकिरा | पहिरो | नदी कटान | रोगकिरा | वन्यजन्तु आक्रमण | बाढी | वाढी |
| ३ | वन्यजन्तु आक्रमण | वन्यजन्तु आक्रमण | वन्यजन्तु आक्रमण | रोगकिरा | रोगकिरा | हुरीबतास | वन्यजन्तु आक्रमण | महामारी | रोगकिरा | मिचाहा झार | पशुरोग | अतिवृष्टी | वन्यजन्तु आक्रमण | वन्यजन्तु आक्रमण |
| ४ | पशुरोग | रोगकिरा | आगलागी | महामारी | चट्याङ्ग | रोगकिरा | सुख्खा खडेरी | पशुरोग | पशुरोग | सुख्खा खडेरी | वन्यजन्तु आक्रमण | महामारी | अतिवृष्टी | रोगकिरा |
| ५ | पहिरो | मिचाह झार | पशुरोग | आगलागी | वन्यजन्तु आक्रमण | सुख्खा खडेरी | रोगकिरा | हुरीबतास | महामारी | रोगकिरा | बाढी | बाढी | हुरीबतास | मिचाहा झार |
| ६ | बाढी | आगलागी | रोगकिरा | हुरीबतास | हुरीबतास | महामारी | पशुरोग | आगलागी | वन्यजन्तु आक्रमण | आगलागी | हुरीबतास | पशुरोग | महामारी | डढेलो |
| ७ | सुख्खा खडेरी | वेमौसमि वर्षा | हुरीबतास | वन्यजन्तु आक्रमण | सुख्खा खडेरी | आगलागी | पहिरो | डढेलो | आगलागी | असिना | महामारी | हुरीबतास | चट्याङ्ग | सुख्खा खडेरी |
| ८ | रोगकिरा | हुरीबतास | महामारी | पहिरो | आगलागी | डढेलो | महामारी | बाढी | हुरीबतास | बाढी | | पहिरो | असिना | असिना |
| ९ | महामारी | सुख्खा खडेरी | असिना | असिना | वेमौसमि वर्षा | वन्यजन्तु आक्रमण | डढेलो | पहिरो | चट्याङ्ग | पहिरो | | आगलागी | डढेलो | महामारी |
| १० | असिना | असिना | चट्याङ्ग | | असिना | | | वन्यजन्तु आक्रमण | | | | नदी कटान | पहिरो | हुरीबतास |
| ११ | हुरीबतास | चट्याङ्ग | | | मिचाहा झार | | | असिना | | | | | | चट्याङ्ग |

यस नगरपालिकाका वडामा घटेका विपद्का घटनाको आधारमा सहभागितात्मक लेखाजोखा तथा छलफलको माध्यमबाट वडाका विभिन्न प्रकोपको स्तरीकरण गरीएको र वडागत प्रकोप स्तरीकरणबाट आएको सूचनालाई आधार मानि नगरपालिकाको प्रकोप स्तरीकरण निम्नानुसार निर्धारण गरीएको छ ॥

| प्रकोप | स्तरीकरण |
|---|---|
| पहिरो | १ |
| बाढी | २ |
| नदि कटान | ३ |
| रोगकिरा | ४ |
| आगलागी | ५ |
| दुर्घटना | ६ |
| सुख्खा खडेरी | ७ |
| महामारी | ८ |
| चट्याङ्ग | ९ |
| हुरीबतास | १० |
| वन्यजन्तु आक्रमण | ११ |
| असिना | १२ |
| डढेलो | १३ |
| तुसारो | १४ |

स्रोतः सामुहिक छलफल, २०८३ तथा विपद् व्यवस्थापन समतिको छलफल, २०८३

## २.३ विगतका विपद्को अवस्था विश्लेषण

यस नगरपालिका प्रकोप तथा विपद्को दृष्टिले बाढी तथा पहिरो जन्य प्रकोपबाट उच्च जोखिम रहेका भएको पाइन्छ। यस नगरपालिकाको भौगोलिक अवस्थिति, धरातलिय स्वरुप, माटो, जलबायु विविधता र संवेदनशीलतालाइ हेर्दा यस नगरपालिकामा १० प्रकोपहरु रहेको पाइन्छ। खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापको अभाव, अवैज्ञानिक भू उपयोग, असुरक्षित संरचना तथा विकास निर्माण जस्ता कारणले बाढी, पहिरो, आगलागी, शत्रुजीवको प्रकोप, स्वास्थ्य जन्य महामारी, जलउत्पन्न प्रकोपहरु चट्याङ्ग, असीनापानी आदिले जोखिम सिर्जना गरिरहेको छ। विगतदेखि हालसम्मको प्रकोपको इतिहासलाइ नियाल्दा यस नगरपालिकामा देहायका प्रकोपहरुबाट प्रभावित गरेको पइन्छ। यस नगरपालिकामा रहेको प्रकोपहरु तथा तिनको स्तरीकरण देहाय अनुसार रहेको पाइन्छ।

पहिरो, शत्रुजीवको प्रकोप, बाढी, सडक दुर्घटना, बेमौसमी बर्षा, आगलागी, बनजंगल डढेलो, हुरीवतास, चट्याङ्ग, असीनापानी जस्ता माथिका प्रकोपहरुलाई जोखमको आघारमा क्रमैसंग स्तरिकण गरी पहिलो ,दास्रो देखि दशौँ स्थान सम्म राखिएको छ। त्यसैगरि स्वास्थ्य तथा पोषण क्षेत्र अन्तरगत देखा परेका स्वास्थ्य संकटहरुमा कोभिड १९, कुपोषण, झाडापखाला, फ्लू, सर्पदन्स र स्यालको टोकाइ मुख्य रहेका छन्।

| मुख्य विपद् | जोखिम वडा | उच्च जोखिम वस्तिहरु | जोखिममा रहेको पुर्वाधार | अति जोखिममा रहेको घरधुरि | जोखिममा रहेको जनसंख्या |
|---|---|---|---|---|---|
| पहिरो | १४ | कपासे गाउँ , खारखोला देखि जहरे क्षेत्र, जोगी कुटी , भकुन्डे डाँडा, राताडाँडा देखि प्रहरी बेस क्याम्प ,सिरेनि कुना , हिलेनी सागुरे गाउँ | वाटो, कुलो, घर, खानेपानि, वस्ति , खेतबारि | १०० | ४०० |
| | १२ | काप्रे,लामिडाँडा,आंपटाकुरा, सुनदह,धैरेनी,बसेरी,वल्लो वेतेनी | वस्ति, खेतबारी | १३० | ५०० |

| मुख्य विपद् | जोखिम वडा | उच्च जोखिम वस्तिहरु | जोखिममा रहेको पुर्वाधार | अति जोखिममा रहेको घरधुरि | जोखिममा रहेको जनसंख्या |
|---|---|---|---|---|---|
| | ११ | अबसुर्मा,खहरे,नारङ्गे, बर्मागार,भित्रिखोला गाउँ ,रम्चउना, लेख सुर्मा र सिम खोला | वस्ति, खेतबारी | २०३ | ६०० |
| | १० | चुने अम्रै, टुनिडाँडा, पतिने घारी, भेडावारी माथिल्लो लामिताले टोल , लौरे दमार र हनिमान डुम्रेपानी खोला | वस्ति, खेतबारी | ३४१ | ६६५ |
| | ९ | काप्रे खोला\ चिसापानी, घुघुति खोला\ माझ खण्ड, ठुलो भालु खोला\ खहरे खोला, दमारगाउ बोटेचौर, दाप्चा, नादे कोट, पोखरे, भुल्के\ थार खोरिया र सिमघाट बोटेचौर | वस्ति, खेतबारी | २६२ | ५३२ |
| | ८ | कुमाल पानी टोल, गङ्गटे खोला गाउँ, भेडावारी पुल बजार र रानी बनक्षेत्र | वस्ति, खेतबारी | ३० | ८० |
| | ७ | गोकलपुर ड्याम, नाउली खोला गाउँ, नाङ्गी स्कुल र सानो थक्लेनि | वस्ति, खेतबारी | ३० | १०० |
| | ६ | केरेनी, तिल्केनी, लेख बडाखोली र सिन्दुरे खोला गाउँ | वस्ति, खेतबारी | ७० | ३७५ |
| | ५ | आरुपाटा, पोखरी पाटा, बेल डाँडा, प्युठान टोल, फाट बेतेनी, बेल डाँडा, मिल्के टोल, लेख बेतेनि र सिमल गैरा | वस्ति, खेतबारी, स्कुल | ४० | १५० |
| | ४ | आपटांकुरा, झालेपहर, तारम खाल्टा र नाउपानी | वस्ति, खेतबारी | २४० | ५३० |
| | ३ | अट्क, काउले, घारीसोता, चिसिखोली, लेख कुरिले, लौरि डाडा, नादे, सिमल गैरा र हिले | वस्ति, खेतबारी,सडक | ६०६ | ३२०० |
| | २ | खहरे, खोला ढाब, पल्लो मालारानी, लेक मालारानी, भित्रि गाउँ, मचैं बारी र घर्ति बसे | वस्ती , खेतबारी , सडक | ६० | २८० |
| | १ | काल्चे (तल्लो गाउँ, माथिल्लो गाउँ, घुरचौर, भालुओडार (डाँडागाउ, तुसारेपानी)र सिस्नेरी | स्कुल ,सडक , वस्ति र खेतबारी | ७५ | ३५० |
| वालिनालिमारोगकिरा | १४ | वडाकासबैवस्तिहरु | बालीनाली | २१०० | १२००० |
| | १२ | वडाकासबैवस्तिहरु | बालीनाली | ६०० | ३५०० |
| | ११ | वडाका सबै वस्तिहरु | खेतबारी | ५८५ | २९८२ |
| | ६ | तोरीबारी, निमारे, वडाखोला, नकले, केरणी, लेख | मकै, तरकारी, धान | ७५० | ४००० |
| | ३ | वडाका सबै वस्तिहरु | मकै, तरकारी, धान | | |
| | ४ | मकै, तरकारी, धान | मकै, तरकारी, धान | | |

| मुख्य विपद् | जोखिम वडा | उच्च जोखिम वस्तिहरु | जोखिममा रहेको पुर्वाधार | अति जोखिममा रहेको घरधुरि | जोखिममा रहेको जनसंख्या |
|---|---|---|---|---|---|
| | १० | सबै बस्ती | मकै, तरकारी, धान | ५३४ | २५३४ |
| | ५ | वडाका सबै वस्तिहरु | मकै, तरकारी, धान | | |
| | १ | वडाका सबै वस्तिहरु | मकै, तरकारी, धान | | |
| बाढी | १४ | खारखोला, गौडा, भिमपुर, जहरे, कर्णपुर | कालो, खानेपानि, खेतबारि | १५० | ६०० |
| | १२ | वेतेनिखोला, आँपखोला | वस्ति | १५० | ६०० |
| | ११ | सिमखोला, भित्रिखोला, घुमफाँट, ओलेसुर्मा, वर्मागार | खेतबारि, सडक, कुलो, खानेपानि | १५० | ६०० |
| | ६ | सिन्दुरखोला, त्योतरखोली, सकिमारे खोला | | २५ | ११० |
| | ३ | सिमजिउला खोला, काउले खोला | कालिका मा.वि., सरस्वती आ.वि. - लामीडाँडा | | |
| | ४ | आँपटाकुरा, तराम खल्टा, पोखरा | आँपखोली, गोचेखोलाको आसपासका खेतहरु | | |
| | १० | डुम्रेपानी खोला, अगर खोला | झ्याक्रे घारी, भेडावारी | १५० | ६०० |
| | २ | ओर्दि | बस्ती | १५ | ३०० |
| सडक दुर्घटना | १४ | नौलेकाँडा, बेलगैडा, सिकारीपास, धुलाईकोट, भेडावारी | सडक | | |
| | १२ | भेरिनदि | बस्ति | १५० | ६०० |
| | ११ | सिमखोला, भित्रिखोला, घुमफाँट, ओलेसुर्मा, वर्मागार | विद्यालय, घर | १०० | ४०० |
| | ६ | वडाखोली, लेखबेल्ट | झ्याक्रे घारी, भेडावारी | १५० | ६०० |
| | ३ | बोटेचौर, धारापानी सडक खण्ड | डोब खहरे खोला | भगवती आ.वि. - धारापानी | |
| | ४ | पातिहाल्ना, मिलन चोक | पशु, चौपाया, बस्ति | ८० | ३०० |
| | १० | भेडावारी | झ्याक्रे घारी, भेडावारी | १५० | ६०० |
| | ८ | मेहेलकुना | बस्ति | १०० | ३५० |
| वेमौसमी बर्षात | ११ | वडाभरी | खेतिपाती पशुचौपाया | ५३० | २९३० |
| | ६ | नकले, जारकाटे, तोरीबारी, निमारे, गैले, लेखबेल्ट | | ५०० | २३०० |
| | ३ | १-९ साबिकका वडा | बथानडाँडा | | |
| | ४ | | बाघखोर, परेखेत | | |

| मुख्य विपद् | जोखिम वडा | उच्च जोखिम वस्तिहरु | जोखिममा रहेको पुर्वाधार | अति जोखिममा रहेको घरधुरि | जोखिममा रहेको जनसंख्या |
|---|---|---|---|---|---|
| | १० | X | X | X | X |
| आगलागी | १४ | वनजंल, घर | | | |
| | ११ | डोस्का, सुर्मा, आपगैरा, खहरे, भुतेपानि, कुमालगाड | खानेपानिपाइप, घर, वस्ति | १०० | ४०० |
| | ६ | जंगलभरीया बस्ती | | ५० | २८० |
| | ३ | साबिक १-९ सबै वडा | | | |
| | ४ | कोट, झालेबगर | | | |
| वनजंगल /डढेलो | १२ | सामुदायिक वन | वस्ति | | |
| | ११ | डोस्का, सुर्मा, आपगैरा, खहरे, भुतेपानि, कुमालगाड | खानेपानिपाइप, घर, वस्ति | १०० | ४०० |
| | ६ | भुतेचौर, रातामाटा, लेख बेल्ट सामुदायिक बन | | ७० | ३७५ |
| | ३ | बथानडाँडा, डोव, लामिडाँडा, धारापानी, आरुखर्क, बल | | | |
| | ४ | | सामुदायिक बन | | |
| | १० | भेंडाबारी सा.व. लगायत | हनिमनि झ्याक्रेघारी | ५३४ | २३४४ |
| हावाहुरी | १२ | सवैवस्ति | | | |
| | ११ | सवैवस्ति | विद्यालय, घर, विधुत, खानेपानि | ५३० | २९३० |
| | ६ | प्राय सबै बस्ती | | ८० | ३९० |
| | ३ | १-९ साबिकका वडा, विशेषगरी बथानडाँडा | | | |
| | ४ | सम्पुर्ण वडा | | | |
| | १० | सबै वस्ती-बिशेष डाँडागाउँ | विद्यालय | | |
| चट्याङ्ग | ११ | वडाभरि सवै | विद्यालय, घर, विधुत, खानेपानि | ५३० | २९३० |
| | १२ | वडाभरिसवै | | | |
| | ६ | सबै | | ५ – १० | ३० |
| | ३ | १-९ साबिकका वडा, विशेषगरी बथानडाँडा | | | |
| | ४ | परेयको ठाउँ, कोट, माझखर्क | | | |
| | १० | भेँडावारी | भेंडावारी | १ | |
| | २ | डाँडाढाब | बस्ति | ३० | २०० |

| मुख्य विपद् | जोखिम वडा | उच्च जोखिम वस्तिहरु | जोखिममा रहेको पुर्वाधार | अति जोखिममा रहेको घरधुरि | जोखिममा रहेको जनसंख्या |
|---|---|---|---|---|---|
| असिनापानी | ११ | वडाभरिसवै | विद्यालय, घर, विधुत, खानेपानि | ५३० | २९३० |
| | ६ | सबै | | ६०० | ३००० |
| | ३ | १-९ साबिकका वडा, विशेषगरी बथानडाँडा | | | |
| | ४ | सबै ठाउँमा | | | |

स्रोतः सामुहिक छलफल,२०८३

### २.३.१ विपद्को ऐतिहासिक समय रेखा तथा क्षतिको विवरण:

यस नगरपालिकामा विगत ३० वर्ष देखि भइरहेका विभिन्न प्रकोप र उक्त प्रकोपका कारण भइरहेको क्षति तथा उक्त प्रकोपको घटनाले प्रभावित पारेको वर्गको विवरण तलको तालिकामा देखाइएको छ

| वडा नं. | प्रकोप वा विपद् | मिती | प्रकोपको असर | प्रभावित वर्ग तथा समुदाय |
|---|---|---|---|---|
| १ | बाढी | २०७१ साउन २९ | ८ जनाको मृत्यु (ठूलो खोला सिरान), ठूलो खोला सिरान (५० रोपनी खेत बगाएको) | ठूलो खोला सिरानका स्थानीय तथा गोचेखोला आसपासका बासिन्दा |
| | हुरीबतास | २०७२, २०७८, २०७९ | सिम्सार(१ विद्यालय, ४ घर), काल्चे(१ गोठ, १ घर), भालुओडार(३ घर), नेरा. प्रा. वी असारेबन | |
| | पहिरो | २०७३, २०७४, २०७९, २०८०,२०८१, २०८२ | जनज्योति प्रा.वि. काल्चे, ६ वटा घर बगाएको र खेती योग्य जमिन कटान गरेको,( २०८१ मा भुल्केमा ३ रोपनी जति खेतीयोग्य जमिन प्रभावित भएको ), (२०८२ मा काल्चेमा ३ घरमा आंसिक क्षेति भएको) | |
| | महामारी | २०७७ | कोरोना कारण तथा डेंगुका कारण करीव ५ जनाको मृत्यु भएको | |
| | आगलागी | २०८० | २ घर, गोठ र खानेपानी पाइपमा क्षेति | |
| | डढेलो | २०५५ साल देखि निरन्तर | ४ वटा सामुदायिक बनमा (अन्नपुर्ण, जनप्रेमि, लालीगुँरास) डढेलो लागेको र साल, साज जस्ता वनस्पतीको पोथ्रा पोथ्री नस्ट भएको | अन्नपुर्ण, जनप्रेमि, लालीगुँरास सामुदायिक वनमा आश्रित समुदाय |
| २ | असिना | २०७५ | वडाका विभिन्न टोलमा(खोलाडाव, डाडाडाव, वर्दि, दर्खासे, रपट, गौरिबजार. खारीगैरा, दाप्चा, तल्लो कोटखोला, लेक मलारानी, सानो पिप्ले) मकै(२०७८), धान(२०७९), फलफुल(२०७८) मा क्षति | |
| | वन्यजन्तु आक्रमण | २०५० देखि हाल सम्म, | बांदर, वंदेल जस्ता वन्यजन्तुका कारण कृषि उत्पादनमा क्षति भएको, | सम्पुर्ण वडाको वन क्षेत्र नजिको कृषि वालिमा क्षति |
| | | २०७८ | स्याल तथा कुकुरले टोकेर २ भैंसि मरेको | |
| | आगलागी | वर्षेनी | वनक्षेत्र (वर्षसाल), दाउरा, बुट्यान तथा जडिबुटी नस्ट, पानीको स्रोत सँग जोडिएको निजी निवास दुर्ग बहादुर खड्का(२०७७), तेज बहादुर डाँगी(२०७८), चीउरीडाडा बजार क्षेत्र, २०५७/२०५८ तिर पशुचौपाया(गाई-१) मरेको | |
| | पहिरो | २०७१, २०८० | लेक मालारानीमा पहिरोले २५ घर जोखिममा रहेको, र २०८१ मा खरिगैरामा २ घर प्रभावित भएको | खोलढाप, मरिचे गाउँ |
| | बाढी | २०७१, २०८१ | ओर्दीमा गोलार खोलाले १० रोपनी जग्गामा क्षेति पुराएको र ४ घर जोखिममा रहेको र प्रत्येक वर्ष खेती (धान) मा क्षति गर्ने गरेको | गैरी बजार, ओर्दी, चिउ डाँडा |

| वडा नं. | प्रकोप वा विपद् | मिती | प्रकोपको असर | प्रभावित वर्ग तथा समुदाय |
|---|---|---|---|---|
| | हुरीबतास | २०७० | खरको छाना उडाएको(खोलाडाव, डाडागाउँ, पल्लो मालरानी, प्रहरी चौकी, दल बहादुर डाँगी लगायत २५ घर जति) | |
| | चट्याङ | प्रत्येक वर्ष | डाँडाढाबमा चट्याङले बस्तिमा क्षेति गर्ने गरेको | डाँडाढाब |
| ३ | वन्यजन्तु आक्रमण | २०५० | मकै, गहुँ, धान, फलफूल, तरकारीमा क्षति (करिब २५% परिमाण) | सम्पूर्ण ३ नं वडा भरि |
| | असिना | २०५१ | मकै बाली र सम्पुर्ण फलफूल र जडीबुटी (अनुमानित ४१४० रोपनीमा) | काउले, टिमुरे, लामीडाँडा, डोब, हिले, नादे, गोगनपानी, धारापानी, बथानडाँडा, बाँयाकाडाँ सहित सम्पुर्ण ३ नं वडा |
| | | २०७५ जेष्ठ | सुन्तला लगायतका फलफूल पूरै झरेर नस्ट | काउले, टिमुरे, लामीडाँडा |
| | हुरीबतास | २०५५,२०७१, २०७५ | विधालय, विधालयका शौचालय र केही घरहरुको छानो उडाएको, टिनको एउटा छाना उडाएको, १२ वटा जति घरको छानामा क्षति | टिमुरे,लामीडाँडा,डोब, नदे बिधालय, हिले, नादे, बथानडाँडा,बाँयाकाडाँ |
| | चट्याङ्ग | २०५८, २०७०,२०७८ | घर आगलागी सहित पूर्ण रुपमा क्षति र १ जना व्यक्तिको मृत्यु , ९ वटा बाख्रा, ४० वटा सोलारमा क्षति,गोठमा आगलागी भएर पूर्ण रुपमा क्षति | डोब(तल्लो), |
| | | | घर क्षति, गोरु १ र बाख्रा ४ मरेका | हिले, नादे |
| | आगलागी | प्रत्येक वर्ष | ९ वटा घर पूर्णरुपमा क्षति, पूर्णरुपमावन क्षति (गुराशे,मालिका), गुराशेको कालिका मन्दिरमा क्षति , | नदे, बथानडाँडा, चौरखोली, चिसखोली, बाँयाकाडाँ, आरुखर्क, डोव, लामिडांडा |
| | | | ३ घर जलेर नस्ट, | |
| | पहिरो | २०७१ | भैसी,गोरु,बाख्रा,कुखुरा मरेका, घर,गोठ,घट्ट भत्काएको, खानेपानी मुहानका इन्टेक पाईप,खेत, जग्गा बगाएको, बिद्यालयहरुका प्राङ्गण बगाएको,खेतीबाली(अन्दाज १०-४० रोपनीमा बगाएको) | काउले, टिमुरे, लामीडाँडा, डोब, हिले, नादे, गोगनपानी, धारापानी, बाँयाकाडाँ,बथानडाँडा सहित सम्पुर्ण ३ नं वडा |
| | बाढी | २०७१,२०७७, २०८० | ४ वटा घर ढलेको(बगेको), पशुचौपाया बगेका /मरेका , खेतीयोग्य १५ रोपनी बारी बगरमा परिणत, ३ वटा पिसानी घट्ट बगेको, | काउले भित्री खोला, डोब, लामीडाँडा बीचगाँउ, लामीडांडा |
| | | | धान खेतीयोग्य जमीन बगाएको(आन्दाजी ३० रोपनी), खानेपानी बगाएको, | |
| | | | विधालयको गेट तारजाली लगाएत संरचना बगाएको (लामिडांडाको) | |
| | खडेरी | २०७२ | खेतबाली र तरकारी खेतीमा क्षति | ३ नं वडाका धेरै बस्ती |

| वडा नं. | प्रकोप वा विपद् | मिती | प्रकोपको असर | प्रभावित वर्ग तथा समुदाय |
|---|---|---|---|---|
| | भू-कम्प | २०७२ | आन्दाजी ३५ घर आंशिक चर्केको | काउले, टिमुरे,लामीडाँडा, डोब |
| | महामारी | २०७६ | २ जनाको मृत्यु भएको, करिब १०० जना संक्रमित (कोरोना तथा डेगुका कारण) | सम्पूर्ण ३ नं वडा भरि |
| ४ | सुख्खा खडेरी | २०५५/०६० | खानेपानी अभाव, पानिको लागी टाढा जानुपर्ने, सहरका विभिन्न समुदाय आपखोली, औपटाकुरा, सिचाई अभाव, बालीनालीको उत्पादनमा कमि, गरिबी बढायो, मानिसहरुको बसाई सराई, परम्परागत अन्नबाली र फलफूलहरुको उत्पादनमा कमि, बिकासे जातहरुको उत्पादन गर्न समुदाय हरु बाध्य | |
| | बाढी | २०७१ साउन ३१, २०७७ | खेतियोग्य जमिन बगाएको घोद्रेखोला देखि गोछेखोला सम्म, आपखोली अ-५०० रोपनी, कुलोहरु बगाएको, घर बगाएको (८-१० वाटा), सडक बगाएको १ कि.मि., वन क्षेत्रमा पहिरो गएको विभिन्न स्थानमाहरुमा पशुपंशीहरु को मृत्यु भएको, बाघमारे खोलामा भएको खा. पा. पुर्ण क्षति (१५० घर), सिंचाई ड्याम र पक्कि कुलो भत्काएको, दाङ-सुर्खेत सडकको हेम्मपाईप थुनिएर सडक आवरुद्ध भएको २० मि., दमाई टोल - डोब्रा सडकआवरुद्ध भएको (१ कि. मी) | झालेपदर, कोट, माझखर्क, डोब्रा, दमाईटोल, तल्लाकाडा, आपखोलीमा पहिरो जान सक्छ |
| | भू-कम्प | २०७२ | घर, विधालयका भवनहरु चर्किएको अवस्था | |
| | चट्याङ्ग | २०७५ | कोटमाईखर्क टोलमा गणेश खत्रीको घरमा चट्यांग परि घरका २ जना घइते भएको | |
| | असिना | २०७८/०७९ | धान, मकै, तरकारी, फलफूल (प्रत्येक टोलमा), अन्दाज क्षति ८० प्रतिशत धानको, तरकारी तथा फलफूल ४० प्रतिशत, मकै ४० प्रतिशत | |
| | पहिरो | २०७९, २०८०,२०८१ | डाडागाउ वुदवुदी खाने पानीको मूल भासिएको प्रयोगकर्ता (७०घर) , घरहरु भत्किएका(४५ घर), सिचाईमा अबरोध (१५० घर), ३ घरको क्षति र यस वर्ष कुमालडाँडामा पहिरो कारण ५ रोपनी जत्ति खेती योग्य जमिन प्रभावित भएको | आँपटाकुरा, ताराम खाल्टा, कुमालडाँडा |
| | आगलागी | २०७९, २०८० | कोटढुंगा घर आगलागी, धन र पशुको क्षति (५ लाख बराबरको क्षति) आपटाकुरा टोलको गोठ आगलागी, धनसम्पती अन्दाजी ३ लाख बराबर को क्षति, २ घर तथा १ गोठ आगलागी | मिलन चोक |
| ५ | भू-कम्प | २०७१ | पहिरो, पशु, धनजनको क्षति | |

| वडा नं. | प्रकोप वा विपद् | मिती | प्रकोपको असर | प्रभावित वर्ग तथा समुदाय |
|---|---|---|---|---|
| | बाढी | २०७२ | पहेरोले घर, बारी, कुलो, पानीको मुहान, कुलाको बाध, खेत, आदि बगाएको, घर, खेत, पशुचौपाया, सिचाई कुलो, खानेपानी मुहान,-५ , २५ वटा, कुखरा-२२० , गोछेखोला अन्तर्गत पोखरा फाट, कुर्मी खोला खेत, कुर्मीको खानेपानी मुहान सुकेको छ, निग्लेनी डोटेखोला सिचाई कुलाको बाध प्रत्येक वर्ष बाढीबाट प्रभावित भएको, कुर्मी खोलाले बगाएर मृत्यु(१ जना)(२०७८), पोखरीपाटामा घर-४, गोठ-१, जग्गा-९ रोपनी वगाएको, कुर्मी, निग्लेनी, थाग्लेनी, दमार, राजिगाउँ का खेतमा काटिएका धान बारीमा बर्षाको पानी डुबानमा परि अनुमानित ४२० रोपनी खेतको धानबाली नस्ट भएको | सिमखोरिया, डाँडापानी रातमाटे, ओखले, घर-७, पानीको मुहान-१, कुला-८, पशुचौपाया-४ |
| | हुरीबतास | २०७८, | थालेनी विद्यालयको छाना, थाग्लेनी गाउँमा ७ वटा, राजीगाउँ ३ वटा, कुर्मी निग्लेनी ३ वटा घर को छाना, फलफूल झरेर नस्ट भएको | |
| | | २०७९ | रातमाटे-१, कोशिघाट-१, बेतेनी-२, पोखरीपाटा-६ वटा घरको छाना उडाएको | |
| | आगलागी | २०७९ | ४ वटा घर तथा १ गोठको क्षति | हल्दे-१,पोखरीपाटा-१, कोशिघाट, डांडापानी |
| | पहिरो | २०७६, २०८२ | सिमखोरिय, पोखरीपटा, कुलो-३, पानीको मुहान-१, जग्गा-२१ रोपनी, घर- ७ वटा क्षति भएको, १ घर चर्केको<br>पोखरिपाटामा पहिरोले २ घर बिस्थापित र १५ घर उच्च जोखिममा रहेको, र बेलडाँडा क्षेत्र पहिरो जोखिममा रहेको | |
| ६ | डढेलो | सबै वर्ष | वडामा रहेका सामुदायिक वनमा वर्षेनी डढेलो लाग्ने गरेको र पोथ्रा पोथ्रीलाई असर र वढ्न नदिने हुनाले वनमारा जस्ता झार धेरै फैलिएको | |
| | वन्यजन्तु आक्रमण | सबै वर्ष | बालीनालीमा क्षती (बदेल, बादर) (खारखोला, निमारे) | |
| | सुख्खा खडेरी | २०६८ | हिउदे खेति गर्न नसकेको (गैरा, बडाखोलि-२५० रोपनी) | |
| | पहिरो | २०७१, २०७९ | मानविय क्षति (३ जनाको मृत्यु, ७ जना घाइते), घर+गोठ भत्केको (१ घर+गोठ), खानेपानी वितरणमा क्षती (५०० मि. पाइप), पक्की नाली तथा सडक (नेपाल राष्ट्रिय मा. वी. बडाखोली- ४ कि. मी.), खेति योग्य जमिनमा क्षती, कृषि उपज क्षती, २०-२२ रोपनी (तोरीबारी), कुर्मी खोला छेउ | |

| वडा नं. | प्रकोप वा विपद् | मिती | प्रकोपको असर | प्रभावित वर्ग तथा समुदाय |
|---|---|---|---|---|
| | बाढी | २०७१ श्रावन | खेतियोग्य जमिन कटान [सर्किमारे खोला क्षेत्र- ४० रोपनी, सोतर खोला- ४० रोपनी, कुर्मी खोला- २० रोपनी, खर खोला+सिन्दुरे खोला+ठुलो खोला- २५ रोपनी, गोचे खोला (जम्बुधारी +चितमारे)- १५ रोपनी], सिचाई कुलो( ७००० मि), खानेपानी (५ खाने पानी योजनाको इन्टेक, मुहान ७०० घरधुरी) | |
| | हुरीबतास | २०७४/०७५/०७८/०७९/०८० | छाना उडाएको कृषि (धान, मकै), ४५ घर - नक्कले सानो र ठुलो, शान्ति चौर, निमारे, सानो नक्कले (जन सेवा प्रा. वि. ), बडाखोलि, तोरीबारी, २ घर तथा २ वटा स्कुल क्षति केरेनी तथा नक्कले क्षेत्रमा | |
| | आगलागी | २०७४/०७८ | धनजनको, लता कपडा, भाडाको क्षति, कृषि उपज, १ घर लेख बडाखोलि, ३५ के. जी. | |
| ७ | सुख्खा खडेरी | २०४५ | उत्पादनमा ह्राष | गु.न.पा. ७ का सबै क्षेत्र |
| | वन्यजन्तु आक्रमण | २०५० | वालीनाली नस्ट र मानवीय क्षती(घाइते) | गु.न.पा. ७, थक्लेनी, नांगी, मानिडे |
| | बाढी | २०७२ | सिचाई कुलोको बाधमा क्षतीः सहारे ६०%(२९ मि.), माथिल्लो श्रीबारी(बलसी टोल र पुन टोल), मानिके मुहानको च्याम्बर र ड्यामा क्षति, रिटे झाक्रीको घर निर लाइनिंग भत्किएको (२० मि.), गोकलपुर र गोछे खोला(८ + ५ रोपनी) | सहारे ६०%(२९ मि.) |
| | पहिरो | २०७२ | कोप्ची पासखोला क्षेत्रमा पहिरोको प्रकोप , गु.न.पा. ७, को नांगी क्षेत्र को बाँदरकटेरा देखि मुलपानी सम्म झन्डै १ कि.मी. क्षति भएको | गु.न.पा. ७, कोप्ची, बाँसखोला सेरोफेरो क्षेत्र |
| | | २०७९, २०८०,२०८१ | पिउने पानीको मुहान पूर्णरुपले क्षति , कोप्ची-नक्कले जोड्ने सडक पहिरोले क्षतिग्रस्त १०० मिटर, १ रोपनी जमिन क्षति यस वर्ष चिसीखोलीमा वर्षाका १ घरको भित्ता भत्किएको | |
| | हुरीबतास | २०८० | २० वटा घरमा क्षति गरेको | नांगी, चिसिखोली, कोप्ची |
| | आगलागी | २०८० | डढेलोको कारण सिचाई वितरण पाईप जलेर नस्ट हुदा सिंचाईमा अवरोध भईरहेको वर्षेनी | गु.न.पा. मालारानी चौर |
| ८ | हुरीबतास | प्रत्येक साल | घर ,गोठ, मकै तथा तरकारी वालीमा क्षती, ८ वटा घरमा क्षति | |
| | आगलागी | प्रत्येक साल | घर जलेर धनमाल नस्ट | बिचटोल (१), बजारटोल (३) |
| | पहिरो | २०७० | घर क्षती, कृषि क्षेत्रको कटान | गंगटे टोल, सुन्दर बजार टोल |

| वडा नं. | प्रकोप वा विपद् | मिती | प्रकोपको असर | प्रभावित वर्ग तथा समुदाय |
|---|---|---|---|---|
| | भू-कम्प | २०७२ | घरहरु आंशिक क्षति भएको दिपटोल (१), सुन्दरनगर बजार टोल(१), रोल्पाली टोल (३), गंगटे टोल (३), ठारी टोल, बिच टोल, खटांग टोल (१), बजार टोल (३) | वडा भरी |
| | बाढी | २०७२, २०८० | नदि कटान, बस्ती (१८ मी.) बिस्थापित, गोठ भत्किएर गोरु, चौपायको मृत्यु, अन्नबालीको क्षती, घर जोखिम(५-६ वटा), खाने पानी ट्यांकी डुवान, खैरेनी चौर डुबान तथा कटान, सिटी हल, खानेपानी, अफिस, नर्सरि, खेलकुद मैदान, प्रतिक्षालय डुवान, सिंचाई नहरमा क्षती, सिमाना टोल डुबान, २ वटा घर डुबान | गंगटे टोल, घारी टोल, बजार टोल |
| | वन्यजन्तु आक्रमण | २०७४ | स्यालले टोकेर घाईते बनाएको, बंदेलले खेतिपातीमा क्षति गरेको | घारीमेहेलकुना टोल, सुन्दरनगर टोल |
| | असिना | २०७८ | धानबाली नस्ट (२०%) | वडा भरी |
| | डढेलो | २०८० | वडा. न. ७ मा जङ्गलमा आगलागी जसको कारण ८ नं मा आउने सिचाईको पाईपमा असर | वडा नं ७ को वन क्षेत्र |
| ९ | वन्यजन्तु आक्रमण | वर्षौनी | १०-४०% बालीको नोक्सान हुने गरेको (बांदर र बंदेल) | भालुखोला, सिमघाट, नादेकोट, दाप्चा, साजगैरा, भुल्के गरी वडाका अन्य स्थानमा समेत असर गर्ने गरेको |
| | सर्प दंश | वर्षेनी | वार्षिक २ जनाको मृत्यु हुने गरेको | बोटोचौर, भुल्के, दमारगाउँ, |
| | आगलागी | वर्षेनि | ५ घर गोठको क्षति | भालुखोला, काप्रेखोला, सिमघाट |
| | डढेलो | २०७० देखि निरन्तर | सामुदायिक वनमा भएका सालका पोथ्रा पोथ्रीको नोक्सान भएको (करीब ४० हेक्टरमा क्षति) | चौपारी र देवी साब |
| | चट्याङ्ग | २०७१ | १ जनाको मृत्यु | चिसापानी माझ खर्क |
| | भू-कम्प | २०७२ | ९३ घर आंशिक क्षती, १ गोठ पुर्ण क्षती | |
| | नदि कटान | २०७२ देखि निरन्तर | भुल्के देखि बोटेचौर सम्म कृषि योग्य जमिन बगाएको , २०७२ सालमा २ विघा भन्दा वढी बगाएको | |
| | पहिरो | २०७२, २०७८ | १ घर र १ गोठ क्षति भएको, १ घर पुरेको | खुटी, माथिल्लो भालु खोला |
| | बाढी | २०७२, २०७८, २०७९ | सिंचाई कुलो १०० मिटर र २ वांध क्षति भएको, बोटेचौर डुवान भएको, सिमलगैरा सिंचाई कुलो तथा बांध भत्किएको, नादेकोटमा ३ घर पुर्ण क्षती भएको, ४ वटा घर क्षति भएको, ४ जनाको डुवेर मृत्यु भएको, ६ रोपनी खेत बगाएको | भालुखोला, खहरेखोला, काप्रेखोला, घुघुति खोला क्षेत्र, नादेकोट |

| वडा नं. | प्रकोप वा विपद् | मिती | प्रकोपको असर | प्रभावित वर्ग तथा समुदाय |
|---|---|---|---|---|
| | हुरीबतास | २०७५, २०८९ | भुल्के प्रा.विको छाना उडाएको, सिमघाट मा.विको पर्खाल भत्केको, १ घर उडाएको, आंप र लिचिका फुल पुर्ण क्षति भएको (२०८०) | वडा भरी |
| १० | हुरीबतास | बर्सेनि | फलफूल तथा अन्नबालीमा क्षती पुर्याएको (यो वर्ष आपमा ९०% क्षती भएको) | |
| | असिना | बर्सेनि | फलफूल तथा अन्नबालीमा सामान्य क्षती पुर्याएको | |
| | सुख्खा खडेरी | बर्सेनि | धान, मकै खेतीमा उत्पादन घटाउने गरेको (२०-२५%), दलहन र गहुँ बारीमा क्षति पुर्याउने गरेको (३०-४०%) | |
| | आगलागी | बर्सेनि | वार्षिक रुपमा औषत ३ का दरले, ३ वटा घरमा क्षति | भेडावारी |
| | पहिरो | २०७१, २०७८, २०७९ | खानेपानीको इनटेक ४ घ. मि. को पुरिएको, सिंचाई कुलो १० मि. क्षति भएको, खानेपानीको इनटेक ६ घ. मि. को पुरिएको, घरगोठ क्षति (१ परिवारको), ६५ मि. क्षति भएको (विभिन्न भागमा), (२५+२० मि.) दुइ खण्डमा, सिमखोला- हनिमान खण्डमा\ रहेको सिंचाई कुलोमा ५ ठाउँमा क्षती पुर्याएको, सिमखोला-इ्याक्रेघारी खण्डमा रहेको सिंचाई कुलोले बन्चरेगौडा नजिक क्षति भएको | पतेनाघारी, मुलबाटो, आगरखोला (भेडाबारी), लामितालेको पुर्वी क्षेत्रमा, सिमखोला-हनिमान- भेडाबारी सिंचाईकुलो, सिमखोला-इ्याक्रेघारी सिंचाई कुलो |
| | बाढी | ०४/२९/२०७१ | सिमखोला-हनिमान-भेडाबारी सिंचाई कुलोको मुहान क्षति भएको, सिमखोला-इ्याक्रेघारी कुलोमा क्षती भएको, सिम्खोलमा रहेका खानेपानी इन्टेक ट्यांकीमा क्षती भएको, वितरण ट्यांकी भत्केको, पाईपलाइन बगाएको, बाढीले तटबन्ध बगाएको ( करिब १०० भन्दा बढि सिसौका रुख बगाएको),बाढीले तटबन्ध बगाएको ( करिब २० मि.) | गु. न. पा. १० |
| | अतिवृष्टी | २०७९ | हनीमान पूर्णक्षति-२, डाडागाउ- लौरेदमार पूर्णक्षति (२ वटा), सामान्य क्षति भएको ५० घर, फुलबारी-१ क्षति | |
| ११ | वन्यजन्तु आक्रमण | २०५० | कृषि उत्पादनमा कमी, कृषि क्षेत्रबाट विस्तापित, डोवकमा कृषि गर्न छोडेको | भित्री खोला, सिम खोला, लेक सुर्मा, आँप गौरा, अल सुर्मा(सम्पुर्ण वडा) |
| | चट्याङ्ग | २०५६ | मानवीय क्षति, पशुचौपाया मृत्यु | |
| | बाढी | २०७१ श्रावण २७-३०, २०७८ | घर भत्केको, घट्ट, खेतीयोग्य जमीन, सिचाई कुलो(बाँध), पशुचौपाया(क्षति), बर्मागर खोला, सुर्मा खोला, ढोप्का खानेपानी, लेकसुर्मा खानेपानी, आँप गौरा सिचाई, गैरी गाउँ खा.पा., अलसुर्मा खा.पा. क्षति भएको | सिमखोला, निरिन्य मंसेरी, घुम खोला(सिमलखोला), मिर्ती खोला, |
| | चट्याङ्ग | २०७२ | मानवीय क्षति | |

| वडा नं. | प्रकोप वा विपद् | मिती | प्रकोपको असर | प्रभावित वर्ग तथा समुदाय |
|---|---|---|---|---|
| | हुरीबतास | २०७३, २०७८, २०७९ | विधालय पाता र छाना उडाएको, विधालयको पाता (सुर्ज्यजोती आँप गौरा), बिद्यालय चर्पी पाता , विधालय पाता र छाना उडाएको, ५ वटा घरमा क्षति गरेको | ने.रा.प्रा.वि राधाकृष्ण, सुर्यज्योती आँप गौरा, ने.रा.प्रा.वि भित्रीखोला, चुनीअमाराई, आँप गौरा, ढीनी गाँउ, घुमखहरे स्वास्थ्य चौकी |
| | अतिवृष्टी | २०७९ | वडा नं ११ मा ३ घर भत्केको | भलय दमार, भित्री खोला |
| | पहिरो | २०,८०२,०८१ | सडक अवरुद्द भएको र यस वर्ष वर्मागरमा पहिरोका कारण १ बाख्रा पुरिएको | बर्मागर |
| | आगलागी | २०८० | २ घर क्षति | |
| १२ | हुरीबतास | वर्षेनी | घर गोठको छानो उडाउने, विधालयको छाना उडाएको | रईके, सरस्वती प्रा. वि, शान्ति प्रा. वि, जनता प्रा. वि, सुर्य ज्योति प्रा. वि, कुमार प्रा. वि |
| | आगलागी | २०५०/ हालसम्म | वनजंगल आगलागी | प्रगतिसिल सामुदायिक वन, शान्ती सामुदायिक वन, बसन्त बहार सामुदायिक वन, चेतना एकता वन |
| | वन्यजन्तु आक्रमण | २०५०/ ८० सम्म | खेति वाली नष्ट | राईके, सिमल गैरा किटेनी, लामकाने, घट्टेचौर, पिपल टाकुरा, लमीदाडा, मंग्रा साबिक ४ दहचौर, आपगैरा |
| | भू-कम्प | २०७२ | घर गोठ चरकेको | राईके, ज्यामिरे, सुभाघाट, साबिक ४ दहचौर |
| | बाढी | २०७२, २०७९ | घर, खेतबारी बगाएको, नदी कटान (२० रोपनी क्षति) | ठुलो राईके, सानो राईके, धबेनी खोला देखि भेरी नदि सम्म, काभ्रेटोल वारीपारी, सुनदह |
| | अतिवृष्टी | २०७८/७९ | वडा नं १२ मा धान खेति नष्ट | गुर्भाकोट १२ सबै स्थानमा |
| | आगलागी | २०७९ | घर गोठ आगलागी | साबिक ४ दहचौर |
| १३ | बाढी | २०७२ | १२० घरधुरीको राईके मा १५ बिगाहा खेत बगाएको, २ जनाको मृत्यु, ५ कुलो-१५० मि बगाएको , गुमि खानेपानी, बेतिनी खोलाको सिमलरुख माथि बर-करिब सैया देखि, खत्री खोला देखि गर्जु खोला सम्म खेत बगाएको, भेरी नदी ले १५०० मी कटान गरेको | राइके, भम्का, सैया ताल , भम्का, रोरा(तल्लो), बेतेनी खोला, सैघा ताल(२ वटा) |
| | पहिरो | २०७२ | खानेपानी(गुठि) को मुख्य लाईन ५०० मि भन्दा वढी क्षति भएको | १४ न. वडा (हिलेनी) |
| | असिना | २०७६ | धानवाली नस्ट | समग्र वडा |
| | वन्यजन्तु आक्रमण | २०७६ | १५-२०% कृषि उत्पादन क्षति, ९ जना घाइते | सामुदायीक वन छेउछाउका वस्ती |

| वडा नं. | प्रकोप वा विपद् | मिती | प्रकोपको असर | प्रभावित वर्ग तथा समुदाय |
|---|---|---|---|---|
| | आगलागी | २०८० | ३ घर क्षति भएको | |
| | चट्याङ्ग | २०७७ | १ खसी, १ गोरु को मृत्यु तथा १ गोठ नोक्सान | सैया |
| | अतिवृष्टी | २०७९ | वडा न १३ मा खेती ७०% नस्ट भएको | समग्र वडा |
| | हुरीबतास | २०७९ तथा ८० | ५ घरको छाना उडाएको, १ स्कुलको छाना उडाएको, ५० घरको छाना उडाएको | |
| १४ | सर्प दंश | बर्षेनी | ५/६ जनाको मृत्यु, २०७८मा १ को मृत्यु | |
| | वन्यजन्तु आक्रमण | वर्षेनी | हिऊदे, बर्षे खेति क्षति, थुम्का, राते डाडा, खारखोला, खोल्ते पानी, डुम्का | लोसे, ढाउपानी देखि जहरे, राता माटे, शिकारी बास, बेतेनी, कपासे, बतासै |
| | सुख्खा खडेरी | २०६२/०२,०३,०४ | धान, मकै बालीमा क्षति | सम्बन्धित वडा सबै कृषि क्षेत्र |
| | चट्याङ्ग | २०६६ | मानविय क्षति | जहरे |
| | हुरीबतास | २०६८ | ३ घर क्षति (छाना), १ विधालय क्षति, मकै बालीको नष्ट | लोसे, रातामाटे, पण्डितकाल्ना, कपासे, बेतेनी लगायत वडाको लेक बेल्ट |
| | बाढी | 4/28/2071, तथा २०७९ | खेतिबारी बगायो, पशु , चौपाया, खोल्टे पानी, गौंडाखोला, तल्लो विकासि, रेऊकी कुलो, मोतिपुर कुलो, भिमपुर कुलो, तल्लो जहरे, माथिल्लो जहरे कुलो, अम्बापुर कुलो बगएको, ११ घर भत्कियो र ५०% भन्दा वढी धान कुहिएको, १ जनाको मृत्यु (२०८०) | गौंडा देखि जहरे |
| | असिना | २०७५/२०७८ | पाकेको अन्न बाली क्षति गरेको | रातामाटे, पण्डितकाल्ना, बेतेनी, कपासे, लोसे, जुगेपानी लगायतको वडाको माथिल्लो बेल्ट |
| | आगलागी | २०७९ | १ घरको क्षति | गाईमारे |
| | हुरीबतास | २०७९ | घरको छानो उडाउने | सिरेनी कुनरा, रातामाटे, कपासे, नेप्टेकाँडा, कृष्णनगर, बिशालचोक, जहरे |
| | डढेलो | ०१/०५/२०८० | खाने पानिको पाइप लाइन जलेको तथा वन विनास भएको | सिस्नेरी, रातमाटे, लाम्पोखरी सा.ब. |

स्रोतः सामुहिक छलफल,२०८२

### 2.३.२ विपद्को आवृत्ति र गम्भिरता

यस नगरपालिकामा विगत तीस वर्ष यताका विपद्हरुको आवृत्ति र गम्भिरताको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ:

| क्र.सं. | विपद् विवरण | पटक (Frequency) | जोखिम स्तर | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | उच्च | मध्यम | न्यून | |
| १ | पहिरो | १० | | | | |
| २ | बाढी | ८ | | | | |
| ३ | भूकम्प | २ | | | | |
| ४ | महामारी | २ | | | | |
| ५ | हावाहुरी | १२ | | | | |
| ६ | असिनापानी | ५ | | | | |
| ७ | चट्याङ | ७ | | | | |
| ८ | वन्यजन्तु आतङ्क | ३० | | | | |
| ९ | खडेरी | ६ | | | | |
| १० | आगलागी | ३० | | | | |
| ११ | अतिवृष्टि | २ | | | | |
| १२ | रोगकिरा | ९ | | | | |
| १३ | डढेलो | ९ | | | | |
| १४ | मिचाह झार | ६ | | | | |

## २.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

यस नगरपालिकको वाढी जोखिम नक्साङ्कन अनुसार मुख्य गरी गोचे खोला आसपासका क्षेत्र तथा विभिन्न खहरे खोलाले वाढीको जोखिम वढाईरहेका छन् ।

| वडा नं. | प्रकोप | जोखिममा रहेका समुदाय तथा वस्ती |
|---|---|---|
| १ | बाढी | ठूलो खोला सिरान, गोचेखोला आसपासका वसिन्दा |
| २ | बाढी | गोचे खोला, आपखोली, खोलाढाप, गैरी बजार |
| ३ | बाढी | काउले भित्री खोला, डोब, लामीडाँडा बीचगाँउ |
| ४ | बाढी | घोद्रेखोला देखि गोछेखोला, आपखोली, गोलार |
| ५ | बाढी | गाँडापानी, थग्लेनी, पान्दुने क्षेत्र |
| ६ | बाढी | विर काट्टे, केरेनी |
| ७ | बाढी | गोकलपुर, खैरौनी, गोछेखोला, माथिल्लो श्रीबारी, मानिके, गोकलपुर |
| ८ | बाढी | गंगटे टोल, घारी टोल, बजार टोल |
| ९ | बाढी | भालुखोला, खहरेखोला, काप्रेखोला, घुघुति खोला क्षेत्र, नादेकोट |

| वडा नं. | प्रकोप | जोखिममा रहेका समुदाय तथा वस्ती |
|---|---|---|
| १० | बाढी | बाघमारे टापु |
| ११ | बाढी | सिमखोला, सुर्माखोला, घुम खोला(सिमलखोला), भित्री खोला, |
| १२ | बाढी | ठुलो र सानो राईके, किरेनी, भौम्राह, काप्रेखोला तथा जामनुने घारी, सुभाघाट |
| १३ | बाढी | राइके, भम्का, सैया ताल , भम्का, रोरा(तल्लो), बेतेनी खोला, सैघा ताल |
| १४ | बाढी | गौंडा देखि जहरे, पण्डित काल्ना, बतासे, थुम्का, कपासे, भर्लेनी |

यस नगरपालिकाको पहिरो जोखिम नक्सांकन अनुसार वडा नं १, २, ३, ४, ५, ६, ११ र १४ सबै भन्दा बढी जोखिममा रहेको देखिन्छ भने वडा नं ७, ८, १० र १३ सबै भन्दा कम जोखिममा रहेको देखिन्छ भने बाँकि वडाहरु मध्यम जोखिममा रहेको देखिन्छ। यस क्षेत्र पहिरोको उच्च जोखिममा हुनुको मुख्य कारण कमजोर भू-बनोट, चुरे तथा भित्रि मधेस, भौगर्भिक अध्ययन विना खनिएका सडकहरु रहेका छन्।

| वडा नं. | प्रकोप | जोखिममा रहेका समुदाय तथा वस्ती |
|---|---|---|
| १ | पहिरो | ठूलो खोला सिरान, गोचेखोला आसपाका वसिन्दा |
| २ | पहिरो | लेक मालारानी, खोला ढाब |
| ३ | पहिरो | काउले, टिमुरे, लामीडाँडा, डोब, हिले, नादे, गोगनपानी, धारापानी, बथानडाँडा, लेक कुरिले |
| ४ | पहिरो | झालिपर, माझखर्क, ताराम खाल्टा, आँपटाकुरा |
| ५ | पहिरो | सिमखोरिय, बेतेनी, पोखरीपाटा, निङ्गलेनी, बेलडाँडा र कुर्मी |
| ६ | पहिरो | विरकाट्टे, केरेनी, तिल्केनी, लेक बडाखोली, सिन्दुरे खोला गाँउ |
| ७ | पहिरो | कोप्ची, बाँसखोला |
| ८ | पहिरो | गंगटे टोल, सुन्दर बजार टोल |
| ९ | पहिरो | खुटी, माथिल्लो भालु खोला, नादेकोट, दाप्चा, थारखोरीया |
| १० | पहिरो | पतेनाघारी, मुलबाटो, आगरखोला (भेडाबारी), लामितालेको पुर्वी क्षेत्रमा, सिमखोला |
| ११ | पहिरो | बर्मागर, अवलसुर्मा, नारंगे, मसेरी, खहरे, गाँडा गाँउ |
| १२ | पहिरो | काप्रेटोल, सुनदह, लाटीगैरा, बेतेनी, पिपल टाकुरा, लामीडांडा, धैरेनी |
| १३ | पहिरो | छैन |
| १४ | पहिरो | हिलेनी, बतासे, सिकारीबाट, रातमाटे, खारखोला, बेलगैरा, थुम्का, जुगेपानी, कपासे |

यस नगरपालिकामा डढेलो तथा आगलागी लागेको स्थानको आधारमा तयार गरेको डढेलो नक्शाङ्कन अनुसार वडा नं ४, ७, ८, ९ र ११ उच्च जोखिममा रहेको देखिन्छ। यस नगरपालिकाको जोखिममा रहेका वस्ती तथा समुदायको जानकारी तलको तालिकामा देखाईएको छ।

| वडा नं. | प्रकोप | जोखिममा रहेका समुदाय तथा वस्ती |
|---|---|---|
| १ | डढेलो | अन्नपुर्ण, जनप्रेमि, लालीगुँरास सा.ब. |
| २ | आगलागी | चीउरीडाडा बजार क्षेत्र |
| ३ | आगलागी | नदे, बथानडाँडा, चौरखोली, चिसखोली, बाँयाकाडाँ, आरुखर्क, डोव, लामिडांडा |

| वडा नं. | प्रकोप | जोखिममा रहेका समुदाय तथा वस्ती |
|---|---|---|
| ४ | डढेलो | बाघखोर वन, आपखोली वन, गुर्भाकोट सामुदायिक वन, देउती सामुदायिक वन, शान्ती सामुदायिक वन, कोट वन, माझखर्क वन |
| | आगलागी | आपटाकुरा, कोटढुङ्गा |
| ५ | आगलागी | हल्दे,पोखरीपाटा |
| ६ | आगलागी | लेख बडाखोलि |
| ७ | आगलागी | मालारानी चौर |
| ८ | आगलागी | बिचटोल, बजारटोल |
| ९ | आगलागी | भालुखोला, काप्रेखोला, सिमघाट |
| | डढेलो | चौपारी र देवी साब |
| १२ | आगलागी | प्रगतिसिल सामुदायिक वन, शान्ती सामुदायिक वन, बसन्त बहार सामुदायिक वन, चेतना एकता वन |
| | आगलागी | दहचौर |
| १४ | डढेलो | सिस्नेरी, रातमाटे, लाम्पोखरी सा.ब. |

## २.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण

यस नगरपालिकाको प्रकोपले गरेको क्षतिको आधारमा तथा उक्त प्रकोपबाट हुन सक्ने प्रभावित घरधुरीको विश्लेषण तलको तालिकामा गरीएको छ।

| सि.नं. | प्रकोप | सन्दर्भ सम्भावना आंकलन | प्रभावित हुनसक्ने घरधुरी |
|---|---|---|---|
| १ | भूकम्प | घरहरूको बनावट हेर्दा ७ वा ७ भन्दा वढी रेक्टर स्केल म्याग्नेट्युडको भूकम्प गएमा | ९३१८ वटा घरहरु ढुङ्गा तथा माटोले बनेको हुनाले क्षति हुने सम्भावना वढी रहन्छ। ठुलो स्तरको भु-कम्प गएको अवस्थामा कम्तिमा १० प्रतिशत घरमा मात्र क्षति गरेमा ९०० वटा घरमा क्षति पुग्ने छ |
| २ | बाढी | मनसुन सिजनमा औषत भन्दा बढी वर्षा भई २०७१ तथा २०७९ सालको भन्दा ठुलो बाढी आएमा | २००० भन्दा वढी घरधुरी तथा २००० रोपनी भन्दा वढी खेतीयोग्य जमिनमा प्रत्यक्ष क्षति गर्ने सक्ने छ (ठुलो धनजनको क्षति हुने छ कम्तिमा २० जना भन्दा वढीको मृत्यु, १०० भन्दा वढी पशु-चौपायाको क्षति हुन सक्ने ) |
| ३ | पहिरो | मनसुन सिजनमा औषत भन्दा बढी वर्षा भएमा वा २०७१ सालको भन्दा ठुलो वर्षा भएमा | ५०० भन्दा वढी घरधुरी तथा १००० रोपनी भन्दा वढी खेतीयोग्य जमिनमा प्रत्यक्ष क्षति गर्ने सक्ने छ (ठुलो धनजनको क्षति हुने छ कम्तिमा २० जना भन्दा वढीको मृत्यु, १०० भन्दा वढी पशु-चौपायाको क्षति हुन सक्ने ) |
| ४ | हावाहुरी | २०७७/२०७८ सालको भन्दा ठुलो हावाहुरी आएमा | ५० वटा भन्दा घरधुरी तथा १० वटा भन्दा वढी विधालयमा क्षति तथा असर पुर्याउने छ भने ३०% फलफुल वालीमा क्षति पुर्याउने छ मुख्य गरि लिचि, आँप, कागती |
| ५ | चट्याङ | २०५८-२०६० को समय भन्दा ठुलो चट्याङग गएमा | ५० वटा भन्दा वढी पशु चौपायाको क्षति पुग्न सक्ने |
| ६ | आगलागी तथा डढेलो | २०८०/८१ को भन्दा ठुलो आगलागी तथा डढेलो लागेमा | करिब ५० घरधुरी तथा २० वटा भन्दा वढी सामुदायिक वन तथा राष्ट्रिय वनमा क्षति पुर्याउन सक्ने |
| ७ | महामारी | २०७६-७९ सालमा भए जस्तै कोरोनाको प्रकोप वढेमा | करिब ३००-५०० जना संक्रमित हुन सक्ने तथा २०००-५००० मानिस प्रभावित हुन सक्नेछन् |

## २.६ पूर्वसूचना प्रणालीको अवस्था

नगरपालिकामा स्थापना हुने आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट भारि वर्षा, हावाहुरी, चट्याङ जस्ता विषम मौसम र बाढी, पहिरो, डढेलो, आगलागी लगायतका प्रकोपको पूर्वसूचना जल तथा मौसम विभाग बाट प्राप्त मौसम पुर्वानुमान नगर स्तरीय सुचना प्रवाह माध्यम जस्तैः एस एम एस, ह्वाट्स एप, नगरपालिकाको सामजिक संजाल मार्फत गर्ने गरिएको छ। जल तथा मौसम विज्ञान विभाग र जिल्ला तथा प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको सम्पर्क गरी विषम मौसम तथा बाढी, पहिरो जस्तो विपद्को सूचना आदान प्रदान गरिरहेको छ। मौसम पूर्वानुमान र पूर्व सूचना प्रणालीको सहायतामा गाउँ, वडा तथा पहिरो जोखिम रहेका समुदाय स्तरमा आवश्यक पूर्वतयारी एवं पूर्वकार्य गर्न कार्ययोजना तयार गरिनेछ।

विपद् व्यवस्थापनका लागि नगरपालिका स्तरमा नगर प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरीएको छ भने वडा स्तरमा वडा अध्यक्षको नेतृत्वमा वडा विपद् विपद् व्यवस्थापन समिति र समुदायस्तरमा विशेष गरि विपद प्रभावित क्षेत्रमा सामुदायियक विपद व्यवस्थापन समिती, विपद कार्य समुह गठन भई क्रियाशील रहेका छन्। नगरपालिकामा विपद् जोखिम सम्बन्धी पूर्वसूचना साथै आपत्कालीन अवस्थामा सूचना सम्प्रेषण गर्नका ति संयन्त्रहरूलाइ प्रभावकारी रूपमा परिचालन गर्न सकिन्छ। सुचना संयन्त्र तलको चित्र मा देखाए (अनुसुची १३) बमोजिम रहेको छ।

## २.७ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था

जलवायुवायु तथा प्रकोपजन्य विपद्को बढ्दो प्रभावसँग अनुकूलित हुँदै सम्भावित प्रकोपजन्य विपद्को जोखिम कम गर्न र विपद् भएको खण्डमा त्यसको प्रभावकारी व्यवस्थापन गर्नका साथै विपद् पश्चात झन् राम्रो र बलियो पुनःस्थापना तथा पुनर्निर्माणका लागी दिशानिर्देश गर्न तयार गरिएको योजनाबद्ध क्रियाकलापहरु र बजेट सहितको ढाँचा नै स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना हो। राष्ट्रिय एवं स्थानीय रूपमा समेत जल्दोबल्दो सवालको रूपमा रहेको प्रकोपजन्य तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र उत्थानशीलताका क्षेत्रमा योजनाबद्ध रुपमा प्रयासका लागि यो योजना एक महत्वपूर्ण दस्तावेजको रुपमा सावित हुने अपेक्षा गरिएको छ।

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन राष्ट्रिय रणनीतिक योजना २०१८-२०३०, स्थानीय सरकार संचालन ऐन २०७४, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संशोधन, २०७६) जस्ता नीतिगत व्यवस्थाहरु तयार गरी विपद् र जलवायु सम्बन्धी नितीगत प्रावधानहरुको कार्यान्वयन शुरु गरेको छ। यसका साथै विपद् पूर्वतयारी र प्रतिकार्य योजना तर्जुमा निर्देशिका २०७६ र स्थानीय अनुकुलन कार्य योजना खाका २०७६ अनुसार विभिन्न स्थानिय तहले विपद् पूर्वतयारी र प्रतिकार्य योजना अन्तर्गत विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरु गर्दै आइरहेका छन्।

नेपाल सरकारको विभिन्न मार्गदर्शन र निर्देशिका अनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापनका लागी स्थानीय तहमा छुट्टाछुट्टै योजनाहरु निर्माण हुदै आएका छन्। विगतका वर्षहरुमा बनाइएको उल्लेखित अलग अलग योजनाहरुको सट्टा एउटै एकिकृत योजना भएमा कार्यबोझ कम हुने, समय र श्रोतको बचत हुने सिकाई रहेको छ। यस यर्थाथलाई मध्यनजर गरी नेपाल सरकार गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं वन र वातावरण मन्त्रालयको समन्वय र सहकार्यमा स्थानीय तहमा तयार गरिने योजनाहरुलाई समायोजन गरी एकीकतृ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न सरकारले "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संशोधन, २०७६)" जारी गरेको छ।

गुर्भाकोट नगरपालिकका लागी आगामी वर्षहरुमा यस पालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अन्तर्गत गरिने विभिन्न चरणका कार्यहरूलाई व्यवस्थित गर्न र जलवायु अनुकूलन, तथा समुदायको उत्थानशीलता बढाउनका लागि स्थानीय स्तरमा तर्जुमा गरिने विकास योजनाको एउटा प्रमुख भागका रूपमा यो योजना निरन्तर कार्यान्वयन हुनेछ। स्थानिय स्तरमा रहेको प्राकृतिक, गैरप्राकृतिक तथा जलवायुजन्य तथा प्रकोपहरुका कारण निम्तिने विपद्को घटनामा मानव समुदाय सम्वेदनशील भएकोले यस्तो अवस्था नआओस् भन्नाका निम्ति हरेक विकासका कार्यलाई विपद् व्यवस्थापन र जलवायु अनुकूलनका क्रियाकलापहरुसँग समायोजन गरी दीगो विकासका साथै समुदायको उत्थानशीलता बढाउन यस योजनाले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएकोछ। योजनामा प्रकोप तथा जलवायुजन्य विपद व्यवस्थापनमा जीविकोपार्जन सुधारका क्रियाकलापहरु समेत पहिचान भएको हुँदा यसले गरिवी निवारणण, प्राकृतिक सम्पदा संरक्षण तथा समग्र विपद् व्यवस्थापनमा समेत मद्दत पु¥याउँदै समग्र रुपमा समुदायको उत्थानशीलता बढाउन सहयोग गर्नेछ।

यस नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा/इकाई स्थापना गरीएको छ। १४ वटा वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति रहेका छन्। यस नगरपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरीएको छ। सो कोषमा आर्थिक वर्ष 20८१/८२ मा नगरपालिका र अन्य श्रोतबाट गरी रकम रु. २० लाख बिनियोजन गरीएको थियो भने चालु आर्थिक वर्ष 20८२/८३ को लागि रु.६१ लाख (१२ लाख विपद् व्यवस्थापन कोषमा , ४९ लाख विकास साझेर संस्था मार्फत स्वमसेवक तालिम, बाढि पहिरो जाने क्षेत्रमा वृक्षा रोपण, जोखिम क्षेत्र वर्गीकरण, मैसम मापन केन्द्रको स्तरिकरण र आपतकालिन कार्यसञ्चालन केन्द्र स्तरोन्नतिको निम्ति) बिनियोजन गरीएको छ। यस वाहेक नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी केहि नीति, ऐन, नियम, मार्गदर्शन बनेका छन् र केहि बन्ने क्रममा रहेका छन्।

## २.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

यस नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ५ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिमका कार्य जिम्मेवारी प्रदान गरेको छ:

| सि.नं. | विषयक्षेत्र | नेतृत्व गर्ने निकाय | विषय क्षेत्र प्रमुखको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार, शीघ्र पुनर्लाभ क्षेत्र | नगरपालिका<br>सहजिकरणः विपद् शाखा | नगर प्रमुखः हस्त पुन<br>सदस्य सचिवः कृष्ण प्रसाद शर्मा | ९८५८०८५७७७<br>९८४८२०२३४२ |
| २. | खाद्य तथा कृषि क्षेत्र | कृषि शाखा | दिपा पौडेल | ९८४४८७२३५५ |
| ३. | स्वास्थ्य तथा पोषण, संरक्षण तथा सूरक्षा, आपत्कालीन शिक्षा क्षेत्र | स्वास्थ्य शाखा | पूर्ण बहादुर घर्ती | ९८४४८०७६८० |
| ४. | आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र | प्राविधिक शाखा | दिपक राज पनेरु | ९८४८९८९३८३ |
| ५. | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र | प्राविधिक शाखा | भानुभक्त ढकाल | ९८४८२४८५६८ |

### २.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार, शीघ्र पुनर्लाभ क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ साथै विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ।

| सि.न. | निकाय | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १. | नगरपालिका | हस्त पुन - नगर प्रमुख | संयोजक | ९८५८०८५७७७ |
| २. | नगरपालिका | मैना बि.क. - नगर उपप्रमुख | सदस्य | ९८५८०६३५०० |
| ३. | नगरपालिका | कृष्ण प्रसाद पोख्रेल - प्र.प्र.अ. | सदस्य | ९८५८०६५१११ |
| ४. | नगरपालिका | चितेन्द्र बि.क. - ब.वा. तथा वि. स. संयोजक | सदस्य | ९८४८१६४७३५ |
| ५. | नगरपालिका | कृष्ण प्रसाद शर्मा - विपद सम्पर्क व्यक्ति | सदस्य | ९८४८२०२३४२ |
| ६ | नेपाल प्रहरी | प्रहरी चौकी इन्चार्ज मेहेलकुना | सदस्य | ९८५८०५२१५६ |
| ७ | शसस्त्र प्रहरी वल नेपाल | वेसक्याम्प इन्चार्ज | सदस्य | ९८५८०७४५७७ |
| ८ | नेपाल रेडक्रस सोसाईटी-उपशाखा | भोजराज पौडेल | सदस्य | ९८४८१९६१९२ |
| ९ | नगरपालिका | नरेन्द्र कुमार वि.क. (सुचना प्रविधि) | सदस्य | ९८४८२४१७५८ |
| १० | उधोग वाणिज्य संघ-गुर्भाकोट | यामलाल पंगाली | सदस्य | ९८४८१६८८५४ |
| ११ | निर्माण व्यवसायि संघ-गुर्भाकोट | रमेश गुरुङ्ग | सदस्य | ९८५८०२९९२९ |
| १२ | गंगामाला खबर न्यूज (अनलाईन खबर) | हुम बहादुर कार्की | सदस्य | ९८४८२३०५९१ |
| १३ | सुन्दर नेपाल/ सुपर परियोजना | खिम रेग्मी | सदस्य | ९८५८०५०६६४ |

### २.८.२ खाद्य तथा कृषि क्षेत्र

यो विषयक्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

| सि.नं. | निकाय | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १. | नगरपालिका | दिपा पौदेल - कृषि शाखा | संयोजक | ९८४४८७२३५५ |
| १. | नगरपालिका | नवराज थापा - कृषि शाखा | सदस्य | ९८४८१६२५६१ |
| २. | नगरपालिका | मान बहादुर खत्री - कृषि शाखा | सदस्य | ९८४४८०८३०४ |
| ३. | नगरपालिका | ओम प्रकाश ओली - पशु शाखा | सदस्य | ९८६८३०४६८५ |
| ४. | नगरपालिका | मनोज पुन - पशु शाखा | सदस्य | ९८४८०९५१६६ |
| ५. | नगरपालिका | दिपक राज पनेरु -नगर प्राविधिक | सदस्य | ९८४८९८९३८३ |
| ६ | ली-वर्ड | प्रकाश न्यौपाने | सदस्य | ९८६८६३४२९५ |
| ७ | सुन्दर नेपाल सस्था | प्रदिप सुनार | सदस्य | ९८४८१९४९५२ |
| ८ | लक परियोजना | देभराज भण्डारि | सदस्य | ९८५८७५१७५२ |

### २.८.३ स्वास्थ्य तथा पोषण, संरक्षण तथा सूरक्षा, आपत्कालीन शिक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाईतेलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समस्याबारे पीडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ। साथै यस विषयक्षेत्रले कोभिड-१९ लगायतका महामारीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ। साथै यस विषयक्षेत्रले विपदमा परेका व्यक्तिलाई मनोसामाजिक तथा मानसिक स्वास्थ्य सम्वन्धि परामर्श समेत दिनेछ।

विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ। राष्ट्रिय महिला आयोग, बाल कल्याण परिषद, नेपाल प्रहरी संग समन्वय गर्ने, आवश्यक सूचना आदानप्रदान गर्ने र सम्वन्धित विपद् सृजित हिंसा प्रभावितलाई सचेतिकरण गर्ने।

विपद्को कारण विध्यालय तीन दिनभन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई अस्थायी सिकाई केन्द्रको व्यवस्था गरी सिकाई सहजिकरण गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराए वा क्षति पुऱ्याएमा सोको व्यवस्था गर्ने र विध्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

| सि.नं. | निकाय | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १. | नगरपालिका | पूर्ण बहादुर घर्ति - स्वास्थ्य शाखा | संयोजक | ९८४४८०७६८० |
| २. | नगरपालिका | बलविर बि.क. -शिक्षा शाखा | सदस्य | ९८४८१३६०६८ |
| ३. | नगरपालिका | जिवन लामिछाने - स्वास्थ्य शाखा | सदस्य | ९८४९२५७५११ |
| ४. | नगरपालिका | यज्ञ पन्त- स्वास्थ्य शाखा | सदस्य | ९८६७७५८२८१ |
| ५. | नगरपालिका | गणेश बहादुर ओली | सदस्य | ९८४८०७५९०० |
| ६. | शिक्षक महासंघ | कृष्ण आर सी | सदस्य | |
| ७. | नगरपालिका | कबिता बि.क. | सदस्य | ९८६५२०५३१७ |

| सि.नं. | निकाय | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| ८. | नगरपालिका | बिमला बि.क. -महिला तथा वालबालिका शाखा | सदस्य | ९८६४८१२७९८ |
| ९. | नगरपालिका | खगेन्द्र माझी -शिक्षा शाखा | सदस्य | ९८४८१४०२८८ |
| १० | लक परियोजना | देभराज भण्डारि | सदस्य | ९८५८७५१७५२ |

### २.८.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यस विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन, किशोरी किट, डिग्निटि किट, स्नान गृह, शौचालय सामग्री आदि) उपलब्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ।

| सि.नं. | निकाय | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १. | नगरपालिका | दिपकराज पनेरु | संयोजक | ९८४८९८९३८३ |
| २. | नगरपालिका | भानु ढकाल | सदस्य | ९८४८२४८५६८ |
| ३. | नगरपालिका | नरेन्द्र कुमार बि.क. | सदस्य | ९८४८२४१७८५ |
| ४. | नगरपालिका | शिव नेपाली | सदस्य | ९८६७०८२५९ |
| ५. | नगरपालिका | निरक के.सी. | सदस्य | ९८४८०३७५८३ |
| ६. | Helvetas/स्याक नेपाल | तिलक पुनमगर | सदस्य | ९८४८१९५१६८ |
| ७. | शुभाघाट शहरी खानेपानी आयोजना | पदम के.सी. | सदस्य | 9858052888 |
| ८ | लक परियोजना | देभराज भण्डारि | सदस्य | ९८५८७५१७५२ |

### २.८.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र

यो विषयक्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरूलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर-खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

| सि.नं. | निकाय | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | नगरपालिका | दिपक राज पनेरु | संयोजक | ९८४८९८९३८३ |
| २ | नगरपालिका | पुजा थापा | सदस्य | ९८६८११९४०९ |
| ३ | नगरपालिका | बिनिता खड्का | सदस्य | ९८४०२६७६०० |
| ४ | नगरपालिका | अमृत ढकाल | सदस्य | ९८४३४०८२५३ |
| ५ | नगरपालिका | नर बहादुर घर्ति | सदस्य | ९८४३७७९०५६ |
| ६ | नेपाल रेडक्रस सोसाईटी-उपशाखा | भोजराज पौडेल | सदस्य | 984८१९६१९२ |
| ७ | उद्योग बाणिज्य संघ | यामलाल पंगाली | सदस्य | 9848168854 |

| सि.नं. | निकाय | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| ८ | निर्माण व्यवसायि | रमेश गुरुङ्ग | सदस्य | 9858029929 |

# परिच्छेद तीन:पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ। सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुमा विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरीएका छन्।

नगरपालिकामा बाढी पहिरो लगायतका अन्य विपद्को जोखिम तथा क्षति न्यूनीकरण गर्नका लागि देहाय बमोजिमका पूर्वतयारी योजना तर्जुमा गरीएको छ ।

(क) विभिन्न प्रकारको जनशक्ति:- वर्षाको पूर्वसूचना प्राप्त गर्ने र सम्प्रेषण गर्ने टोली, समुदायमा पहिरो, भेलबाढी तथा ढुङ्गा खस्ने जोखिम निगरानी गर्ने समुह तयार गरी तालिमको आयोजना गरीएको छ ।

(ख) सामान्य खालको खोज तथा उद्धार र प्राथमिक उपचारः  स्वयंसेवक तयार गरी तालिम तथा प्राथमिक उपचार सामग्रीको व्यवस्था गरीएको छ । आपत्कालीन आश्रयमा गएकाहरूलाई आवश्यक सहयोग गर्न विषयक्षेत्र समितिले कार्यजिम्मेवारी बाँडफाँड गरेको छ ।

(ग) सुरक्षित स्थल र त्यहाँ जाने पहुँच मार्ग पहिचान गरीएको छ । त्यहाँ चाहिने आधारभुत सेवा खानेपानी, शौचालय, खाना पकाउने, सुत्ने आदिको व्यवस्था गर्नुपर्ने अवस्था छ ।

(घ) पाँच वटा विषयक्षेत्र क्लष्टर गठन गरी परिचालन गरीएको छ ।

(ङ) नगरपालिकामा आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापनाको तयारी गरीएको छ ।

(च) बाढी तथा पहिरोको जोखिममा रहेका समुदायमा समुह गठन गरी, क्षमता विकास र परिचालन गर्ने तयारी गरीएको छ ।

### ३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार, शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाको तथ्यांक लगाएतका सन्दर्भ सामाग्रीको सहाएतामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने। | प्रत्येक वर्ष चैत्र मसान्त सम्म | नगरपालिका | प्रत्येक आर्थिक वर्षमा | स्थानीय विपद् व्यवस्थापन समिति |
| २ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि सर्वेक्षण टोली गठन र पुनर्गठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने र तालिम आयोजना गर्ने | प्रत्येक वर्ष मनसुन शुरु हुनु पूर्व<br>वैशाख मसान्त सम्म | नगरपालिका र हरेक वडामा | नगरपालिकामा एक र हरेक वडामा एक एक वटा | स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| ३ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फाराम तयार गर्ने | प्रत्येक वर्ष चैत्र सम्म | नगरपालिका | ७०० प्रति | सामाजिक विकास शाखा |
| ४ | राहत वितरणका लागि सिफारिस फाराम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने | प्रत्येक वर्ष फागुन सम्म | नगरपालिका | ७०० प्रति | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ५ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने | प्रत्येक वर्ष फागुन सम्म | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा,वडा कार्यालय, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ६ | खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने | प्रत्येक वर्ष फागुन सम्म | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सूरक्षा निकाय, विषयक्षेत्र |
| ७ | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गर्ने | निरन्तर | निरन्तर | हरेक वडामा कम्तिमा एक सेट | नगरपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ८ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | निरन्तर | नगरपालिका | २ वटा एम्बुलेन्स | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ शाखा (नगरपालिका तथा मेहलकुना स्वास्थ्य चौकी) |
| ९ | बाढी/पहिरो, भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अध्यावधिक सूची तयार गर्ने | निरन्तर | वडा अनुसार | आवश्यकता अनुसार हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| १० | आपत्कालीन अवस्थामा प्रयोग गर्ने खुला स्थलहरूको सूची स्थानीय राजपत्रमा प्रकाशित गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, |
| ११ | आपत्कालीन अवस्थामा आश्रय स्थलका रुपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| १२ | प्रकोपबाट समुदायलाई बचाउन आपत्कालीन आश्रय भवनहरू पहिचान तथा निर्माण गर्ने | आवश्यक्ता अनुसार | हरेक वडामा जोखिममा रहेको समुदाय नजिक | २८ वटा | पूर्वाधार विकास शाखा र सम्बन्धित वडा |
| १३ | बाढी, पहिरो, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, सूचना दिनको लागि कम खर्चिलो, छिटो र प्रभावकारी उपायको लागि विद्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र प्रयोग गर्ने | निरन्तर | नगरपालिकामा सञ्चालित एफ.एम, पत्रपत्रिका, एस एमएस, फोन, माईकिङ्, सामाजिक सञ्जाल आदि | प्रकोपको सम्भावित समय अगावै कम्तिमा २ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| १४ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने/गराउने | प्रकोपको सम्भावित समय अगावै (वैशाख मसान्त सम्म) | नगरपालिका तथा वडामा | प्रमुख प्रकोपको लागि वर्षमा कम्तिमा एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति |
| १५ | सरोकारवाला निकायहरुको सम्पर्क सूचीतयार गर्ने। सम्पर्क सूची तयार गर्दा अति जोखिममा रहेका समूहरु जस्तै अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागारिक, एकल महिला, बिधवा भएका घरलाइ संलग्न गर्ने सन्दर्भमा बिध्यमान सामाजिक सुरक्षा प्रणालीको तथ्याङ्क प्रयोग गर्ने | प्रत्येक वर्ष फागुन सम्म | नगरपालिका तथा वडामा | वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति र विपद् सम्पर्क व्यक्ति |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १६ | LEOC सञ्चालन र व्यवस्थापन गर्ने | निरन्तर | नगरपालिका | एक | स्थानीय विपद् व्यवस्थापन समिति र विपद् सम्पर्क व्यक्ति |
| १७ | संघ, प्रदेश र जिल्ला सँग प्रतिवेदन / समन्वय गर्ने | निरन्तर | नगरपालिका | आवश्यकता अनुसार | नगरपालिका, विषयक्षेत्र |
| १८ | बाढी जोखिम सङ्केतको लागि साइरनको व्यवस्थापन गर्ने | निरन्तर | नगरपालिका तथा वडामा | कम्तिमा एक वटा | नगरपालिका, विषयक्षेत्र |
| १९ | सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, अपाङ्गता मैत्री, जेष्ठनागरीक मैत्री, बालमैत्री, लैङ्गिक मैत्री शौचालय तथा बालमैत्री धाराको व्यवस्था गर्ने। | निरन्तर | वडास्तरमा | | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| २० | विपद्बाट अत्यावश्यक सेवाहरू (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्न तत्काल प्राविधिक टोली परिचालन गर्ने। | निरन्तर | समुदायस्तर, वडास्तरमा | | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा र विषयक्षेत्र |
| २१ | सम्भावित विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शिघ्र मूल्याङ्कनको लागि टोली गठन गरी प्रशिक्षण दिने। | प्रत्येक वर्ष एक पटक | नगर स्तर | | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाईटी |
| २२ | सम्भावित विपद्बाट कृषि, पशु, रोजगारी, सेवा, उद्योग, पर्यटन, व्यवपार लगायतका क्षेत्रमा पर्न सक्ने असरहरु न्यूनीकरण गर्ने क्रियाकलाप तय गरी कार्यन्वयन गर्ने। | विपद् पश्चात तत्काल | नगर स्तर | | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, उद्योग वाणिज्य संघ |

### ३.१.२ खाध्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ

| क्र.सं | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने। भण्डारण गर्ने सन्दर्भमा व्यक्तिको जोखिमता (बालबालिका, जेष्ठ नागरीक, आदिलाई फरक फरक प्रकारको खाध्य सामग्री उपयुक्त हुने हुँदा सो व्यक्तिहरुको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिने | निरन्तर | नगरपालिका | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि शाखा, विषयक्षेत्र |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसङ्ख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने र भण्डारण गरीएको खाद्य सामग्रीको गुणस्तर कायम गर्न अनुगमन गर्ने | प्रकोपको सम्भावित समय अगावै | नगरस्तर | वर्षको २ पटक | कृषि शाखा, विषयक्षेत्र तथा जिन्सी शाखा |

| क्र.सं | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने | प्रकोपको सम्भावित समय अगावै | नगरस्तर | कम्तिमा २ वटा ठूला पसल वा उद्योग | कृषि शाखा, वडा कार्यालय |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरू बीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | प्रकोपको सम्भावित समय अगावै | वडास्तर | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तिमा १ पटक | कृषि शाखा, विषयक्षेत्र |
| ५ | विपद् क्षेत्रमा खाद्य सामग्रीहरू पुर्याउनका निम्ति सुरक्षा निकाय, यातायात व्यवसाय तथा उद्धार कर्मीहरू सँग समन्वय गरी कार्य सम्पन्न गर्ने | विपद् पश्चात | पालिका स्तर | अवश्यकता अनुसार | कृषि शाखा, विषयक्षेत्र |

### ३.१.३ स्वास्थ्य तथा पोषण, संरक्षण तथा सूरक्षा, आपत्कालीन शिक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने स्वास्थ्य तथा पोषण विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने । यसको लागि व्यक्तिको जोखिमता (बालबालिका,जेष्ठनागरीक, अपाङ्गता भएका व्यक्ति, आदिको बिशेष प्रकारको आवश्यकता हुने हुनाले तत् तत् प्रकारका व्यक्तिको विवरणको लागि सामाजिक सुरक्षा प्रणालीको तथ्याङ्कतथ्याङ्क प्रयोग गर्ने | हरेक महिना, औषधिको गुण अनुसार (म्याद समाप्ती अनुसार दुरुस्त राख्ने) | नगरपालिका स्तर | १४० परिवारको लागि | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन/पूनर्गठन गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | नगरपालिका स्तर | वर्षमा १ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संसाधनको सूची तयार/अद्यावधिक गर्ने | वडा सङ्ख्या र जनसङ्ख्या अनुसार | नगरपालिका स्तर | नगरस्तर:३० जना वडास्तर: ५ जना | स्वास्थ्य शाखा, |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | नियमित | वडास्तर | हरेक वडामा १ पटक | स्वास्थ्य शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| ५ | महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने, अति जोखिममा रहेका व्यक्तिहरुलाई सुचना सुनिश्चित गर्ने तथा कम खर्चिलो, छिटो र प्रभावकारी उपायको लागि बिध्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र प्रयोग गर्ने | नियमित | जोखिम युक्त वस्तिहरुमा | वर्षमा कम्तिमा ३ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ६ | विपद् पश्चात महिला, सुत्केरी, बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता भएको व्यक्तिहरुलाई सरसफाई सामग्री तथा पोषण युक्त खानेकुराहरु सुनिश्चित गर्ने र यसको लागि व्यक्तिको जोखिमता (बालबालिका, जेष्ठनागरीक, अपाङ्गता भएका व्यक्ति, आदि लाई विशिष्टीकृत प्रकारको सामग्री उपयुक्त हुने हुँदा सो व्यक्तिहरुको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिने | विपद् पश्चात पहिलो प्राथिमिकता | जोखिम युक्त वस्तिमा | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ७ | एम्बुलेन्स तयारी अवस्थामा राख्ने | निरन्तर | वडास्तर | | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ८ | महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरीकको पहिचान सहितको तथ्याङ्क सङ्कलन गर्ने र यस्ता व्यक्तिको संरक्षणका तरिकाबारे जानकारी पुस्तिका तयार एवं प्रकाशन गर्ने | निरन्तर | नगरस्तर | कम्तिमा १४०० प्रति | महिला तथा बालबालिका शाखा |
| ९ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू (जस्तैः डिग्निटि किट) खरिद गरी भण्डारण गर्ने। यसरी सामग्री खरिद गर्दा, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठनागरीक जस्ता संकटासन्न व्यक्तिहरुको फरक फरक आवश्यकता हुने हुनाले सो अनुसारका सामग्री समेत भण्डारण गर्नको लागि आवश्यक तथ्याङ्क बिध्यमान सामाजिक सुरक्षा प्रणालीबाट लिने । | निरन्तर | नगरका गोदाम घरहरू, नपा को गोदाम, वडा, विद्यालय, स्वास्थ्य चौकी, आदि | यस्तो जनसंख्याको कम्तिमा १० प्रतिशतलाई पुग्ने | नगरपालिका , महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| १० | सामाजिक सुरक्षा भत्ता दर्ता, नविकरण र भुक्तानीको लागि वैकल्पिक व्यवस्थापन गर्ने (जस्तै : घर दैलो तथा घुम्ती शिविर) | निरन्तर/ मासिक /त्रैमासिक | नगरस्तर | लक्षित समुदाय सबैमा | नगरपालिका, विषयक्षेत्र, जिल्ला जनस्वास्थ्य कार्यालय सँग समन्वय |
| ११ | लैङ्गिक तथा बाल हिंसा न्यूनीकरणका लागि सचेतनामूलक सन्देश प्रशारण गर्ने। | निरन्तर | वडा तथा समुदाय स्तरमा | आवश्यकता अनुसार | बालबालिका शाखा, विषयक्षेत्र, सामाजिक संघ संस्था सँग समन्वय |
| १२ | महिला, बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति र अन्य लक्षित समुहका लागि अनुकूल हुने भौतिक पूर्वाधार र सुरक्षित स्थान सम्म पुग्ने बाटो र साधनको सुनिश्चिता गर्ने। | निरन्तर | पालिका स्तरमा | आवश्यकता अनुसार | नगरपालिका, सरकारी र गैर सरकारी संघ संस्था सँग समन्वय |
| १३ | हिंसा रोकथाम तथा संरक्षण गर्न जेण्डर हेल्प डेक्सको स्थापना तथा सञ्चालन गर्ने। | निरन्तर | वडा तथा समुदाय स्तरमा | आवश्यकता अनुसार | नगरपालिका, प्रहरी, सामाजिक संघ संस्था सँग समन्वय |
| १४ | समुदाय स्तरमा जन जागरण कार्यक्रम सञ्चालन गर्ने । | मंसिर -पौष | प्रति वडा २ स्थानमf | वार्षिक १ पटक | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| १५ | बाढी, पहिरो, हावाहुरी लगायत विपद्ले प्रभावित गर्नसक्ने विद्यालयको सूची अद्यावधिक गर्ने र संभावित क्षतिको आंकलन गर्ने। | वर्षको १ पटक | प्रत्येक वडा | प्रत्येक वडाका विद्यालय | शिक्षा शाखा, |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १६ | अत्याधिक चिसो समयमा विद्यार्थीहरूलाई न्यानो कपडा वितरण र गर्मीको लागि कक्षा कोठामा पंखा व्यवस्था गर्ने | जाड़ो र गर्मी (१ पटक) | विद्यालय स्तरमा | सबै वडाका विद्यालय | शिक्षा शाखा, नगरपालिका, सम्बन्धित विद्यालय |
| १७ | विद्यालय व्यवस्थापन समितिं एवं शिक्षक अभिभावक संघ, शिक्षक र विद्यार्थीहरूलाई विपद पूर्वतयारी तालिम र अभ्यास दिने | वर्षको १ पटक | वडास्तरमा | सबै वडाका विद्यालय | नगरपालिका, विपद् व्यवस्थापन शाखा, शिक्षा शाखा |
| १८ | विपद भएमा विद्यालय सञ्चालन गर्ने वैकल्पिक स्थान पहिचान गर्ने | वर्षको १ पटक | वडास्तरमा | जोखिमयुक्त विद्यालय | नगरपालिका, विपद व्यवस्थापन समिति, शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| १९ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्री तयारी अवस्थामा राख्ने। | निरन्तर | नगरस्तर | ५ वटा विद्यालयको लागि | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| २० | सम्भावित विपद्बाट सुरक्षित हुने उपाय बारे विद्यालयमा चेतनामूलक कार्यक्रम र एफ.एम. रेडियोबाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने । प्ले कार्ड सहित विद्यार्थी र आमा समूहबाट प्रभातफेरी सञ्चालन गर्ने | निरन्तर | नगरस्तर, विद्यालयस्तर | सबै विद्यालय र एफ.एम.बाट कम्तिमा १५ दिन | विपद् व्यवस्थापन शाखा, शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| २१ | गर्मी र चिसोबाट हुनसक्ने असरबारे विद्यालयमा जनचेतनामूलक कार्यक्रम गर्ने | निरन्तर | विद्यालय स्तरमा | १/१ वटा सबै विद्यालयमा | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

### ३.१.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने खानेपानी, सरसफाई र स्वच्छता विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | नगर स्तर | ५००/५०० चक्की | खानेपानी तथा सरसफाई शाखा विषयक्षेत्र |
| २ | सरसफाइका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | नगर स्तर | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ३ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने। | प्रकोपको सम्भावित समय अगावै | नगर स्तर | १ ओटा टयाङ्कर, १ ओटा बोलेरो | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ४ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोत पहिचान र संरक्षण गर्ने | निरन्तर | सबै वडा मा | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |
| ५ | लैङ्गिक मैत्री, बाल मैत्री र अपाङ्गता मैत्री अस्थायी शौचालय, खाने पानी धारा निर्माण तथा स्नान गृह निर्माणका लागि सामग्री तयार गर्ने | प्रकोपको सम्भावित समय अगावै | वडा तथा समुदायस्तरमा | १५ ओटा | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | आपत्कालिन आवस्थाको लागि खाने पानी पाइप भण्डारण गर्ने | प्रकोपको सम्भावित समय अगावै | पालिका स्तर | १००० मीटर | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ७ | आपत्कालिन आवस्थाको लागि पिउने पानीको आवश्यक बोतल तथा जारतयारी अवस्थामा भण्डारण गर्ने | प्रकोपको सम्भावित समय अगावै | पालिका स्तर | १००० बोतल, १२० जार | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ८ | पिउने पानीको लागि ड्रमहरू खरीद गरीराख्ने | प्रकोपको सम्भावित समय अगावै | पालिका स्तर | ४२ ओटा | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |

### ३.१.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने आपत्कालिन आश्रयस्थल र गैरखाद्य सामग्री विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने। व्यक्तिको जोखिमता (बालबालिका, जेष्ठनागरीक, अपाङ्गता भएका व्यक्ति , आदि लाइ बिशिष्ठिकृत प्रकारको सुबिधा आवश्यक हुने हुँदा सो व्यक्तिहरुको तथ्याङ्क सामाजिक सुरक्षा प्रणालीबाट लिई सो बमोजिमको आश्रय स्थल निर्माणको सुनिश्चिता गर्ने | प्रकोपको सम्भावित समय अगावै | सबै वडामा | २४० घर परिवारका लागि | नगरपालिका, प्रदेश, संघ, शहरी विकास तथा भवन र नेपाल रेडक्रस सोसाईटी |
| २ | सम्भावित आपत्कालीन अवस्था तुरुन्त गैर गाद्य सामग्री खरिद गर्न को लागि सूचि दर्ता गर्ने | आवश्यकता अनुसार | थोक विक्रेता/ खुद्रा विक्रेता/ सहकारी/ ठूला कृषक/फार्मेसी | २४० घर परिवारका लागि | नगरपालिका, जिन्सी तथा कृषि शाखा |
| ३ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने तथा बालबालिका, महिला र अपाङ्गमैत्री बनाउने | निरन्तर | सबै वडामा | २४० घर परिवारकालाई पुग्ने गरी | नगरपालिका, पूर्वाधार विकास शाखा र वडा कार्यालय |
| ४ | गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने।यस्ता सामग्री भण्डारण गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिलाई आधार बनाउने। | निरन्तर | नगर स्तर, गोदाम घरहरु (Warehouse) | कम्तिमा २४० घर परिवारका लागि | नगरपालिका जिन्सी शाखावडा कार्यायल नेपाल रेडक्रस सोसाईटी, विषयक्षेत्र |
| ५ | विपद् प्रभावित स्थान वा खुल्ला क्षेत्रमा शिविर सञ्चालन गर्ने स्थानमा सवारी साधनको प्रवन्ध गर्ने। | आवश्यकता अनुसार | नगर स्तर | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ६ | लैङ्गिक-मैत्री अस्थायी आश्रय वा बास निर्माणको लागि वडा स्तरीय विपद् व्यवस्थापन समिति, युवा क्लब, आमा समूह, विध्यालय व्यवस्थापन समिति र टोल सुधार समितिको दक्षता अभिवृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने व्यवस्थापन गर्ने | मनसुन सुरुहुनु भन्दा अगाडी | वडास्तर | ७५ जना | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र |

## ३.२ पूर्वानूमानमा आधारित पूर्वतयारी योजना

पूर्वानूमानमा आधारित पूर्वतयारी योजनामा सही पूर्वानुमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु पर्दछ। यसमा सामान्य सतर्क रहने देखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन्। यस्तो योजना प्रकोपको प्रकृति, समय र संभावित प्रभाव क्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तय गरिनु पर्दछ।

पूर्वानुमानमा आधारित पूर्व कार्य गर्दा अति जोखिममा रहेका व्यक्तिहरूलाई सुचना सम्प्रेषण गर्ने, राहत (नगद तथा सामग्री वितरण) व्यवस्थापन गर्ने, सुरक्षित आश्रय स्थलमा स्थानान्तरण गर्ने , खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी गतिबिधि गर्ने, संरचना निर्माण गर्ने जस्ता विभिन्न विपद पूर्वकार्यहरू कार्यन्वयन गर्दा सामाजिक सुरक्षा प्रणालीमा आबद्ध लाभग्राहीहरूको संकटासंन्नतालाइ मध्यनजर गरि उक्त कार्यहरू कम खर्चिलो, छिटो र प्रभावकारी बनाउनका लागि बिध्यमान सामाजिक सुरक्षाको तथ्याङ्क र संयन्त्र पनी प्रयोग गर्न सकिन्छ ।

नगरपालिका क्षेत्रमा बाढी, पहिरोको जोखिम सम्बन्धी पूर्वसूचनाको आधारमा गरिने पूर्वकार्यहरू देहाय बमोजिम हुनेछन् ।

(क) वर्षाको पूर्वानुमान र यसको सम्भावित प्रभावको आधारमा, साथै

(ख) समुदायले पहिरो, ढुङ्गा खस्ने र भल बाढीको जोखिम अवस्थाको निगरानी गरेर ।

माथि (क) बमोजिमको वर्षाको पूर्वानुमान जल तथा मौसम विज्ञान विभागबाट प्राप्त गरिनेछ साथै विभागसँग समन्वय गरी नगरपालिका क्षेत्रमा वर्षामापन केन्द्रबाट वर्षाको तत्कालिक अनुगमनको व्यवस्था मिलाइने छ । (ख) बमोजिमको जोखिम अनुगमनका लागि सम्बन्धित समुदायको जोखिम क्षेत्र नजिक रहेका समुदायका विभिन्न समुह तथा समिति मार्फत स्थानीय समुदायलाई आ-आफ्नो क्षेत्रमा पहिरो तथा भलबाढीको जोखिम अनुगमन गर्न परिचालन गरिने छ । साथै आर्थिक, प्राविधिक हिसाबले सम्भव भएसम्म पहिरो जोखिम क्षेत्रमा जोखिम अनुगमन प्रविधि जडान गरिनेछ ।

विभिन्न अवधिको मौसम पूर्वानुमानको सूचना र स्थानीय निगरानीको आधारमा विपद् जोखिम अवस्थाको जानकारी आदानप्रदान गर्न नगरपालिकाको विपद् सम्पर्क व्यक्तिको संयोजकत्वमा नगरपालिका स्तरमा जोखिम पूर्वसूचना संप्रेषण संयन्त्र निर्माण गरिएको छ । सूचना संप्रेषण संयन्त्र मार्फत सम्बन्धित समुदायमा पूर्वसूचना र सम्बन्धित जानकारी पुऱ्याइनेछ । विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ ।उपरोक्त अनुसार दुबै स्रोतबाट प्राप्त हुने सूचनाका आधारमा नगरपालिका अन्तर्गतका विपद् व्यवस्थापन समितिले आवश्यक कदम चाल्नेछन् ।

नगरपालिकामा विपद् व्यवस्थापन सम्पर्क व्यक्तिका साथै स्वास्थ्य, शिक्षा, योजना, कृषि, पशुसेवा, प्रशासन, सामाजिक विकास, महिला तथा बालबालिका लगायतका सम्बन्धित शाखाका कर्मचारी, विषयक्षेत्रका विज्ञ व्यक्ति रहेको विषयक्षेत्रगत समूह/क्लष्टर परिचालन गरिनेछ ।

मौसम पूर्वानुमान तथा पहिरो जोखिमको स्थानीय निगरानीबाट प्राप्त पूर्वसूचनाका आधारमा देहाय बमोजिम पूर्वतयारी तथा पूर्वकार्य गरिनेछ ।

### ३.२.१ मनसुन परिदृष्यको सूचना

जल तथा मौसम विज्ञान विभागले सामान्यतया बैशाख महिनामा आगामी बर्खामा समग्र वर्षाको अवस्थाको मोटामोटी अनुमान (मनसुन आउटलुक) उपलब्ध गराउँछ । नगरपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन मिडियाका साथै ईमेल आदिका माध्यमबाट मनसुन सक्रिय हुनभन्दा करिब १ महिना अगावै प्राप्त गर्न सकिनेछ । यो जानकारी नगरपालिकामा प्राप्त भएपछि सम्बन्धित विषयक्षेत्रका कर्मचारी तथा सरोकारवालासँग परामर्श गरी नगरपालिका क्षेत्रमा मनसुन अवधिमा हुनसक्ने प्रभावको अनुमान गरिनेछ ।

मनसुनी वर्षा शुरु भएपछि समुदायमा स्थानीय तवरमा बाढी तथा पहिरो जोखिमको निगरानी गर्न र निगरानीकर्ताले बाढी तथा पहिरोको जोखिम बढेको, वा अरु सूचकका आधारमा बाढी तथा पहिरो जाने सम्भावना छ भन्ने खबर ल्याउने व्यवस्था गर्न सम्बन्धित वडा तथा सम्बन्धित समुदायको जोखिम क्षेत्र नजिक रहेका समुदायका विभिन्न समुह तथा समितिहरू परिचालन गरिनेछ ।

मनसुन परिदृष्य प्राप्त भएपछि नगरपालिकास्तरमा विभिन्न सरोकारवाला निकायहरुले गर्ने पूर्वतयारी तथा पूर्वकार्य क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् ।

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन समितिको बैठक बसी मनसुन पूर्वतयारीको समीक्षा र अपुग भएको तयारीको विषयमा आवश्यक निर्णयहरू गर्ने ।<br><br>साथै मनसुन परिदृश्य अनुसार नगरपालिका क्षेत्रमा पर्न सक्ने सम्भावित प्रभावको विश्लेषण गरी स्थानीय परिदृश्य तयार गर्ने र स्थानीय परिदृश्य सहितको मनसुन परिदृश्य समुदायसम्म जानकारी गराउने । | १ हप्ता भित्र | नगरपालिका | १ पटक | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| २ | विपद्को पूर्वतयारी, उद्धार र राहतका लागि प्रदेश तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय सहकार्य गर्ने । | २ हप्ता भित्र | नगरपालिका | १ पटक | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३ | मनसुनको ऋतुगत हावापानी आङ्कलन अनुसार समुदायका कृषकहरूलाई सोही अनुरूपका बालीहरूको छनौट गरी लगाउन अनुरोध गर्ने । | १ हप्ता भित्र | समुदाय स्तर | निरन्तर | कृषि शाखा | नगरपालिका |
| ४ | जमिनको प्रकृति अनुसारको कृषिबाली लगाउनका लागी वडास्तरमा अभिमुखीकरण तथा छलफल गर्ने | १ हप्ता भित्र | वडा स्तर | निरन्तर | कृषि शाखा | नगरपालिका |
| ५ | विद्यालय व्यवस्थापन समिति, शिक्षकहरूसँग वर्षायाममा हुनसक्ने विपद्को जोखिम र अपनाउनुपर्ने सावधानीका विषयमा छलफल गर्ने | १ महिना भित्र | सबै विद्यालय | १ पटक | शिक्षा शाखा | नगरपालिका |
| ६ | विद्यालय परिसरका साथै विद्यालय आउने, जाने बाटोमा बाढी तथा पहिरोको जोखिमयुक्त ठाउँमा सतर्कता अपनाउन विद्यार्थीहरूलाई अनुरोध गर्ने | १ महिना भित्र | सबै विद्यालय | १ पटक | शिक्षा शाखा | नगरपालिका |
| ७ | स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई सक्रिय बनाउने | १ हप्ता भित्र | नगरपालिका | निरन्तर | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| ८ | मनसुनको समयमा आवश्यक पर्ने खाद्यान्न सामाग्रीहरू भण्डारण गर्न समुदायलाई सामाजिक सञ्जाल र रेडियो मार्फत अनुरोध गर्ने | १ हप्ता भित्र | समुदाय स्तर | निरन्तर | कृषि शाखा | नगरपालिका |
| ९ | वर्षायाममा सिँचाई तथा पानीको मुहानमा क्षति पुग्ने सम्भावना हुने भएकोले खानेपानीको पाइपहरूको व्यवस्थापन तथा भण्डारण गर्ने | १ महिना भित्र | नगरपालिका | ५० वण्डल | खानेपानी तथा सरसफाई एकाई | नगरपालिका |
| १० | आपत्कालीन अवस्थामा वितरण गर्नुपर्ने तथा भण्डारण गर्दा खेर जाने सामाग्रीहरूका लागि करार सम्झौता गर्ने | १ महिना भित्र | नगरपालिका | १ पटक | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ११ | मनसुनजन्य विपद्को क्षति न्यूनीकरणका लागि जोखिममा रहेका बस्तीहरूको अस्थायी स्थानान्तरण योजना तयार गर्ने | २ हप्ता भित्र | वडा स्तरमा | १ पटक | वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| १२ | वडा तथा समुदाय स्तरीय विपद् व्यवस्थापन समितिको आवश्यकता अनुसार गठन तथा पुर्न: गठन गर्ने | २ हप्ता भित्र | वडा स्तरमा | १ पटक | वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| १३ | विपद्को जोखिममा रहेका समुदायहरूका लागि सुरक्षित स्थानहरूको पहिचान गर्ने | २ हप्ता भित्र | वडा स्तरमा | १ पटक | वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| १४ | विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने तालिम प्राप्त जनशक्तिको रोष्टर तयार पार्ने | १ हप्ता भित्र | वडा तथा नगरपालिका स्तरमा | निरन्तर | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| १५ | विपद् व्यवस्थापनका लागि परिचालन गर्न रोष्टर तयार गरीएको जनशक्तिहरूलाई पुर्नताजगी तालिमको आयोजना गर्ने | २ हप्ता भित्र | नगरपालिका | १ पटक | वडा विपद् व्यवस्थापन समिति | नगरपालिका तथा सह सहयोगी संस्था |

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| १६ | वडा तथा समुदाय स्तरीय विपद् व्यवस्थापन समिति लगायत स्वयंसेवी कार्यदलका सदस्यहरूलाई सचेत एवं सक्रिय बनाउने | १ हप्ता भित्र | वडा तथा नगरपालिका स्तरमा | निरन्तर | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| १७ | विपद् व्यवस्थापनका लागि समुदाय तथा वडा स्तरमा आवश्यक पर्ने खोज तथा उद्धार सामाग्रीहरूको खरिद तथा भण्डारण गर्ने | १ महिना भित्र | वडा तथा नगरपालिका स्तरमा | १ पटक | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| १८ | नगरपालिका तथा वडा स्तरमा विपद् व्यवस्थापन कोषको स्थापना गर्ने | १ महिना भित्र | वडा तथा नगरपालिका स्तरमा | १ पटक | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| १९ | विपद् व्यवस्थापनमा काम गर्ने सरोकारवाला निकायहरूको बैठक बसी समन्वय तथा सहकार्य गर्न जिम्मेवारी बाँडफाँड गर्ने | २ हप्ता भित्र | नगरपालिका | १ पटक | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| २० | विषयगत समिति सदस्यहरूलाई सक्रिय बनाउने र जिम्मेवारी अनुसार पूर्वतयारीका कार्य गर्न सचेत गराउने | १ महिना भित्र | नगरपालिका स्तरमा | निरन्तर | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| २१ | वडा स्तरमा खुल्ला क्षेत्रहरूको पहिचान गर्नुका साथै जोखिममा रहेका समुदायहरूलाई जानकारी गराउने | १ महिना भित्र | वडा तथा नगरपालिका स्तरमा | १ पटक | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| २२ | विपद् व्यवस्थापनमा काम गर्ने सरोकारवाला निकायहरूको पहिचान गरी सम्पर्क सुची स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्रमा राख्ने | १ महिना भित्र | नगरपालिका स्तरमा | निरन्तर | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| २३ | बहु विपद् बारेको पूर्व सूचना सम्प्रेषण संयन्त्र तयार गरी सञ्चालनमा ल्याउने | १ महिना भित्र | नगरपालिका स्तरमा | निरन्तर | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| २४ | वर्षा तथा बाढी मापन केन्द्रको स्थापना तथा मर्मत सम्भार तथा अवस्था चेकजाँच गर्ने | १ महिना भित्र | नगरपालिका स्तरमा | निरन्तर | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका<br>DHM |
| २५ | वर्षायाममा सडकहरू अवरुद्ध हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै तत्काल सञ्चालनमा ल्याउन र नालाहरूको सरसफाइ गर्नका लागि एक्स्काभेटर तथा अन्य उपकरण तयारी अवस्थामा राख्ने | १ महिना भित्र | नगरपालिका स्तरमा | निरन्तर | पूर्वाधार शाखा | नगरपालिका |
| २६ | समुदाय स्तरमा बाढी तथा पहिरो जोखिम क्षेत्रको अवस्थाको अनुगमनका लागि स्वयंसेवक पहिचान गर्ने | १ महिना भित्र | नगरपालिका स्तरमा | निरन्तर | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| २७ | नगरपालिका स्तरमा रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने साथै सुत्केरी तथा गर्भवती महिलाहरूको तथ्याङ्क अद्यावधिक गरी सूचना प्रवाहको व्यवस्था मिलाउने | १ महिना भित्र | नगरपालिका स्तरमा | निरन्तर | सूचना प्रविधि शाखा | नगरपालिका |
| २८ | जोखिममा रहेका घरधुरीहरूका पशुपन्छीहरूलाई सुरक्षित ठाउँमा सार्नका लागि स्थानको पहिचान र आवश्यक तयारी गर्ने | १ महिना भित्र | वडा तथा नगरपालिका स्तरमा | १ पटक | विपद् व्यवस्थापन समिति | नगरपालिका |
| २९ | जोखिममा रहेका समुदाय तथा घरधुरीहरूको तथ्याङ्क अद्यावधिक गर्ने | १ महिना भित्र | वडा तथा नगरपालिका स्तरमा | १ पटक | विपद् व्यवस्थापन समिति | नगरपालिका |

| क्र.स | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| ३० | मनसुन तथा विपद्को पूर्वतयारी तथा प्रतिकार्यका लागि तयार गरीएको योजनालाई आधार मानी नमुना घटना अभ्यास कार्यक्रम सञ्चालन गर्ने | मनसुन शुरूवात पूर्व | नगरपालिका स्तरमा | १ पटक | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका तथा सह सहयोगी संस्था |
| ३१ | जोखिममा रहेका घरधुरीहरूलाई समुदाय स्तरमा पारिवारिक विपद् व्यवस्थापन योजना निर्माण गर्न पहल गर्ने | १ महिना भित्र | वडाका समुदाय स्तरमा | १ पटक | वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३२ | विपद् पूर्वतयारी तथा प्रतिकार्य ⁄ मनसुन पुर्वतयारी योजना अद्यावधिक गर्ने | १ महिना भित्र | नगरपालिका स्तरमा | १ पटक | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३३ | पूर्वतयारी योजनाको पुनरावलोकन र पृष्ठपोषण सहित कार्यान्वयनको तयारी गर्ने | १ महिना भित्र | नगरपालिका स्तरमा | १ पटक | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३४ | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि निर्माण भएको योजना अनुसार कार्य भए, नभएको समीक्षा गर्ने। तत्काल गर्नुपर्ने र सम्भव हुने कार्यहरू सञ्चालन गर्ने | ३ महिना अवधिमा | नगरपालिका स्तरमा | ४ पटक | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३५ | मनसुन परिदृष्यको आधारमा कृषकलाई खाध्दान्न तथा विउ विजन सुरक्षित गर्नको निम्ति सुरक्षित स्थान तथा समग्रीको व्यवस्थापन गर्ने (Hermatic Bags) | ३ महिना अवधिमा | नगरपालिका स्तरमा | 1 पटक | कृषि शाखा | नगरपालिका |

### ३.२.२ मौसम विषेश बुलेटिन

जल तथा मौसम विज्ञान विभागले आगामी सात दिन (सामान्यतया आगामी तीन दिनदेखि सात दिनसम्म) मा ठूलो वर्षा हुन सक्छ र त्यसले पहिरो बाढी हुन सक्छ भन्ने मौसम विषेश बुलेटिन विषेश मौसमी प्रणाली सिर्जना हुने अवस्थामा मात्रै उपलब्ध गराउँछ। उक्त बुलेटिनमा जल तथा मौसम विज्ञान विभाग बाढी पूर्वानुमान तथा मौसम पूर्वानुमान महाशाखाबाट जिल्लामा हुनसक्ने वर्षा तथा बाढी र पहिरोको जोखिमलाई इंकित गरिएको हुन्छ।

नगरपालिकामा यसको खबर रेडियो, टिभि, अनलाइन मिडिया तथा ईमेल आदिका माध्यमका साथै विभागबाट सोझै पनि प्राप्त गर्न सकिनेछ। वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ। यो खबर पाएपछि आगामी सात दिन, पाँच दिन, तिन दिन तथा २४ घण्टा भित्रको जुनसुकै समयमा पनि भारि वर्षा शुरु हुन सक्छ। तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्बन्धित सबैलाई सजग गराइनेछ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी नगरपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्र नगरपालिकास्तरीय पूर्वसूचना संयन्त्र मार्फत सम्बन्धित समुदायमा पुऱ्याइनेछ। विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुऱ्याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ।

स्थानीय तवरमा बाढी तथा पहिरो जोखिमको निगरानीबाट वा अरू सूचकका आधारमा बाढी तथा पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा जोखिममा रहेका समुदायलाई सार्न सम्भव हुने धनमाल सहित सुरक्षित स्थानमा तत्कालै स्थानान्तरण गर्न पहल गरिनेछ। सामान्यतया निगरानीबाट यति समय भित्रै बाढी तथा पहिरो जान सक्छ वा ढुङ्गा खस्न सक्छ भन्ने निश्चित गर्न सम्भव हुँदैन। तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ।

३ दिन देखि ७ दिन समयावधिको मौसम विषेश बुलेटिन प्राप्त भएपछि नगरपालिकास्तरमा विभिन्न सरोकारवाला निकायहरुले गर्ने पूर्वतयारी तथा पूर्वकार्य क्रियाकलापहरू देहाय बमोजिम रहेका छन्।

| क्र.सं | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन समितिको बैठक बस्ने। सूचना विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने। सुझाव सहितको परिमार्जित सूचना जारी गर्ने, पूर्वसूचना संयन्त्र मार्फत सम्प्रेषण गर्ने। अत्यावश्यक मर्मत सम्भार र संरक्षणका कार्यहरू गर्न निर्णय गर्ने। | २४ घण्टा भित्र | नगरपालिका | १ पटक | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |

| क्र.सं | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| २ | आवश्यकता अनुसार विषयगत समिति सदस्यहरूलाई तयारी अवस्थाका बारेमा जानकारी गराउने | २४ घण्टा भित्र | नगरपालिका | १ पटक | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३ | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाउनुका साथै आवश्यक थप जनशक्ति व्यवस्थापन गर्ने। | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| ४ | जल तथा मौसम विज्ञान विभागबाट प्राप्त अद्यावधिक जानकारीहरू नियमित रूपमा नगरपालिकाको सामाजिक सञ्जाल पेज, फेसबुक तथा भाइबर ग्रुप, मास एसएमएस प्रणाली, एफएम मार्फत तुरुन्तै प्रवाह गरी समुदायलाई सजग गराउने। | १२ घण्टा भित्र | नगरपालिका | निरन्तर | सूचना प्रविधि शाखा | नगरपालिका |
| ५ | घरपरिवार र समुदायका व्यक्तिहरूलाई विपदबाट हुनसक्ने हानी, नोक्सानी र पूर्वतयारीबारे जानकारी गराउने, छलफल गर्ने। | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ६ | सुरक्षा निकाय तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी सामाग्रीहरू सहित उद्धारकर्मीहरू तयारी अवस्थामा राख्ने। | ३६ घण्टा भित्र | नगरपालिका | निरन्तर | सूचना प्रविधि शाखा | नगरपालिका |
| ७ | उच्च जोखिमयुक्त बस्तीहरू सुरक्षित स्थानमा नसरेको भए सुरक्षा निकायसँग समन्वय गरी थप सतर्कता अपनाउन अनुरोध गर्ने। | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ८ | विपद्को पूर्वतयारी, उद्धार र राहतका लागि प्रदेश तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग निरन्तर समन्वय गर्ने | ४८ घण्टा भित्र | नगरपालिका | २ पटक | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ९ | समुदायमा त्रास फैलन नदिन सचेतना तथा घरदैलो कार्यक्रम सञ्चालन गर्ने | ३६ घण्टा भित्र | वडा तथा समुदाय | निरन्तर | वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| १० | पूर्वकार्य तथा प्रतिकार्य गतिविधिमा परिचालित हुने जनशक्ति, स्वयंसेवकहरू परिचालनका लागि तयारी अवस्थामा राख्ने | ३६ घण्टा भित्र | वडा तथा समुदाय | निरन्तर | नगर तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ११ | वितरणका लागि आवश्यक पर्न सक्ने खाद्य तथा गैर खाद्य सामाग्रीहरू रणनैतिक स्थानहरूमा ढुवानी गरी तयारी अवस्थामा राख्ने। | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | कृषि तथा पूर्वाधार शाखा | नगरपालिका |
| १२ | नगरपालिका स्थित मौज्दात औषधीजन्य सामाग्रीहरू माग र सम्भावित आवश्यकताको आधारमा स्वास्थ्य केन्द्रहरूमा ढुवानी गर्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | स्वास्थ्य शाखा | नगरपालिका |
| १३ | नियमित आवतजावत गर्ने सडक पानी परेर अवरुद्ध हुनसक्ने कुलो, गोरेटोबाटो अवरुद्ध भएका नालाहरू खुलाउने साथै भलपानी तर्काउने। | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | समुदाय, पूर्वाधार शाखा | नगरपालिका |
| १४ | खोलाबाट कटान हुनसक्ने ठाउँहरूको आकलन गरी स्थानीय स्रोत सामाग्रीको प्रयोग गरेर बाँध लगाउने। | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | समुदाय, पूर्वाधार शाखा | नगरपालिका |
| १५ | समुदायको जोखिम क्षेत्र मा बसोबास गर्ने मानिसहरूका साथै गर्भवती, सुत्केरी, बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरूलाई एफ एम मार्फत अपनाउनु पर्ने सतर्कता सन्देश प्रवाह गर्ने। | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | महिला बालबालिका तथा सुचना शाखा | नगरपालिका |

| क्र.सं | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| १६ | पाकी सकेका र भित्राउन मिल्ने कृषि उपज (बाली) हरु भित्राउने वा लगाउने समय नभएमा नलगाउन वा लगाउने समय भएमा लगाउने सूचना प्रवाह गर्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | कृषि शाखा | नगरपालिका |
| १७ | जोखिम क्षेत्रका मानिसहरूका लागि आवश्यक पर्ने खाद्य तथा गैर खाद्य सामाग्रीको बजारमा उपलब्धताका बारेमा जानकारी लिनुका साथै व्यवस्थापन गर्न व्यवसायीहरूलाई अनुरोध गर्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | नगर तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| १८ | सुरक्षित तथा खुल्ला स्थानहरूको अवलोकन गरी उक्त ठाउँमा अस्थायी आवास निर्माणका लागि आवश्यक तयारी गर्ने। | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | समुदाय, पूर्वाधार शाखा | नगरपालिका |
| १९ | विद्यालय लगायतका सामुदायिक तथा सार्वजनिक भवनहरूलाई आवश्यक परेको खण्डमा प्रयोगमा ल्याउन सकिने गरि तयारी अवस्थामा राख्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | समुदाय, पूर्वाधार शाखा | नगरपालिका |
| २० | औषधी व्यवस्थापन तथा उपचारका लागि जनशक्तिहरूलाई तयारी अवस्थामा रहन स्वास्थ्य संस्थाहरूलाई जानकारी गराउने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | स्वास्थ्य शाखा | नगरपालिका |
| २१ | मुख्य सडक तथा समुदायमा बाढी तथा पहिरो जोखिम स्थानहरूको अवस्थाको अनुगमनलाई थप सक्रिय बनाउने | ४८ घण्टा भित्र | वडा तथा समुदाय | निरन्तर | समुदाय तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| २२ | विपद्को जोखिमलाई मध्यनजर गर्दै, आवश्यक परेको खण्डमा तत्काल परिचालीत हुन युवा क्लब, आमा समूह, स्वयंसेवक तथा समाजसेवीहरूलाई तयारी अवस्थामा रहन सुझाव दिने। | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| २३ | खोज तथा उद्धारका लागि आवश्यक पर्ने सामाग्रीहरूको चेक जाँच गरी तयारी अवस्थामा राख्ने। | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| २४ | अस्थायी आश्रय स्थल निर्माणका लागि आवश्यक पर्ने त्रिपाल, डोरी, बाँस, आदीको विवरण अद्यावधिक तथा चेक जाँच गर्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | पूर्वाधार शाखा | नगरपालिका |
| २५ | समुदाय नजिक रहेका भलकुलोहरू अवलोकन गर्ने र आवश्यक परेको खण्डमा सफा गर्ने साथै चिराहरू देखिएका भए पुर्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | समुदाय तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| २६ | पशुपन्छीको लागि आवश्यक घाँसपात र दानापानीको व्यवस्थापन गर्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | समुदाय तथा पशु शाखा | नगरपालिका |
| २७ | समुदायका सबै घरमा झटपट झोला तयारी अवस्थामा राख्न र आवश्यक पर्ने सामाग्रीहरूको बारेमा एफ एम मार्फत सूचना प्रवाह गर्ने। | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| २८ | आगामी दिनमा पर्न सक्ने असरहरूलाई मध्यनजर गरी परिवारहरूलाई १ हप्ताका लागि आवश्यक पर्ने खाद्यान्न तथा अन्य सामाग्रीहरूको व्यवस्थापन गर्न रेडियो मार्फत अनुरोध गर्ने। | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| २९ | विपद् सूचना प्रवाहका लागि आवश्यक पर्ने एस एम एस प्रणाली र रकम, हातेमाईकको ब्याट्री तथा चार्ज, पूर्वसुचना प्रवाहका लागि स्वयंसेवकको उपलब्धता जाँच गर्ने। | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |

| क्र.सं | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| ३० | जोखिम क्षेत्रमा बसोवास गर्ने समुदायका व्यक्तिहरुले मोबाईलमा प्रयाप्त ब्याट्री, ब्यालेन्सका साथै रिचार्जकार्डको व्यवस्था गर्न एफएम मार्फत जानकारी गराउने । | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| ३१ | जोखिम क्षेत्रहरूको अवलोकन गरी समुदायको सहभागितामा सामान्य संरक्षणका कार्यहरु सञ्चालन गर्ने । | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | समुदाय तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३२ | जोखिम वर्गमा रहेका बस्तीहरूलाई अवस्था हेरी स्थानान्तरणका लागि आवश्यक तयारी थाल्ने । | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | नगर तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३३ | पानीको बहाव बढेर सडक अवरुद्ध हुनसक्ने स्थानहरूको मर्मत तथा व्यवस्थापन गर्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | पूर्वाधार शाखा | नगरपालिका |
| ३४ | आपत्कालीन अवस्थामा गर्नुपर्ने र गर्न नहुने काम र जिम्मेवारीका बारेमा समुदायलाई सञ्चार माध्यम र सरोकारवाला निकायहरूमार्फत सचेतनाका गतिविधि सञ्चालन गर्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| ३५ | विपद्को पूर्वतयारी, उद्धार र राहतका लागि प्रदेश तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग निरन्तर समन्वय गर्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३६ | विद्यार्थीहरूलाई विद्यालयमा मौसम पूर्वसूचनाबारे जानकारी गराउनुका साथै विद्यार्थीहरू मार्फत अभिभावक र समुदायमा जोखिम सुचना र अपनाउनु पर्ने सतर्कताका बारेमा जानकारी गराउने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | शिक्षा शाखा | नगरपालिका |
| ३७ | जोखिम स्थानमै भएका विद्यालयहरू उक्त अवधिमा सञ्चालन गर्ने वा बन्द गर्ने विषयमा छलफल गरी विद्यालयहरूलाई जानकारी गराउने । | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | शिक्षा शाखा | नगरपालिका |
| ३८ | समुदाय स्तरमा मानिसहरू भोज, भतेर तथा चाडपर्वका अवसरमा भेला हुने जस्ता गतिविधिहरू आयोजना गर्दा मौसमको अवस्था र अपनाउनु पर्ने सावधानीका विषयमा एफएम मार्फत सूचना प्रवाह गर्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| ३९ | नगरपालिका क्षेत्र भित्र रहेका एम्बुलेन्सहरूको अवस्थाको जाँचबुझ गर्नुका साथै परिचालनका लागि तयारी अवस्थामा रहन फोन मार्फत जानकारी दिने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | स्वास्थ्य शाखा | नगरपालिका |
| ४० | खोला किनारका बस्तीहरूलाई सतर्क रहन र समय समयमा माथिल्लो भेगका बस्तीहरूबाट जानकारी लिई खोलाको बहावबारे जानकारी प्रदान गर्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| ४१ | प्रभावित हुने क्षेत्रमा विकास निर्माणका कार्यहरु गर्न केही समयका लागी स्थगित गर्न रेडियो मार्फत सूचना प्रवाह गर्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | पूर्वाधार शाखा ,सुचना प्रविधि शाखा | नगरपालिका |
| ४२ | सडक सञ्जालहरू बन्द हुनसक्ने आङ्कलन गरी सडक सञ्जाल तत्काल सञ्चालनमा ल्याउनका लागि आवश्यक उपकरण तथा सामाग्री तयारी अवस्थामा राख्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | पूर्वाधार शाखा | नगरपालिका |

| क्र.सं | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| ४३ | जोखिम समुदायका बालबालिका, ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि योजना निर्माण गर्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | महिला तथा बालबालिका शाखा | नगरपालिका |
| ४४ | समुदायका व्यक्तिहरूलाई जोखिम क्षेत्रमा आवतजावत गर्दा समूहमा मात्र यात्रा गर्ने र एक्लै यात्रा नगर्न रेडियो मार्फत जानकारी गराउने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | विपद् सम्पर्क व्यक्ति | नगरपालिका |
| ४५ | अस्थायी आश्रय स्थलमा शौचालय, खानेपानी, बिजुली, टेन्ट, औषधि लगायतका न्यूनतम आधारभूत आवश्यकताको व्यवस्थापन गर्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | खानेपानी तथा सरसफाई ईकाइ | नगरपालिका |
| ४६ | समुदाय स्तरमा पिउने पानी शुद्धीकरणका लागि पीयूष, वाटर गार्ड जस्ता औषधीहरूको व्यवस्थापन र प्रयोग विधिबारे स्वयंसेविका मार्फत जानकारी गराउने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | स्वास्थ्य शाखा | नगरपालिका |
| ४७ | नगरपालिका स्तरीय स्वास्थ्य प्रतिकार्य टोली (RRT) आवश्यक सामाग्री सहित तयारी अवस्थामा राख्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | स्वास्थ्य शाखा | नगरपालिका |
| ४८ | समुदाय स्तरमा गठन गरीएका खोज तथा उद्धार, प्राथमिक उपचार, पूर्व सूचना सम्बन्धी तालिम प्राप्त जनशक्तिहरूलाई परिचालनका लागि तयारी अवस्थामा राख्ने र आवश्यकताको आधारमा परिचालन गर्ने | ४८ घण्टा भित्र | नगरपालिका | निरन्तर | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ४९ | सामाजिक सुरक्षा लाभग्राहीहरूलाई मोबाईल एसएमएस मार्फत विपद् पूर्वतयारी सूचनाका बारेमा सूचित गर्ने। | ६० घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| ५० | एम्बुलेन्स सेवाको सम्पर्क नम्बर बारेमा समुदायलाई जानकारी दिने र तयारी अवस्थामा राख्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | स्वास्थ्य तथा सुचना प्रविधि शाखा | नगरपालिका |
| ५१ | विपद्को जोखिम क्षेत्रमा आवश्यक पर्ने बन्दोबस्तीका सामाग्रीहरू ढुवानी गर्ने | ६० घण्टा भित्र | नगरपालिका | निरन्तर | पूर्वाधार विकास शाखा | नगरपालिका |

### ३.२.३ तिन दिने मौसम पूर्वानुमान बुलेटिन

जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनमा ठूलो वर्षा हुन सक्छ र त्यसले बाढी तथा पहिरो बढी हुन सक्छ भन्ने अनुमान उपलब्ध गराउँछ। जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान तथा तथा मौसम पूर्वानुमान महाशाखाबाट जारी हुने ३ दिने बाढी तथा मौसम पूर्वानुमान बुलेटिनले जिल्ला स्थित खोला तथा नदीलाई रातो रंगले इंकित गर्दै बाढी, पहिरो तथा वर्षाको उच्च जोखिममा रहेको प्रक्षेपण गर्नुका साथै जल तथा मौसम विज्ञान विभागको गणीतिय मौसम पूर्वानुमान मोडेल (Numerical Weather Prediction-NWP) तिन दिने वर्षा पूर्वानुमानले आगामी २४ घण्टा देखि ७२ घण्टा अवधिमा अति भारी वर्षा (१५० मी.मी. भन्दा बढी) हुने प्रक्षेपण गर्ने गर्दछ।

नगरपालिकामा यसको खबर रेडियो, टिभी, अनलाइन मिडिया, ईमेलका माध्यमबाट विभागको ३ दिने मौसम पूर्वानुमान सूचना प्राप्त गर्न सकिनेछ। वर्षा लागेपछि यो खबर जुनसुकै दिनमा पनि आउन सक्छ। यो खबर प्राप्त भएपछि आगामी तीन दिन भित्र जुनसुकै समयमा भारी वर्षा सुरु हुन सक्छ। तसर्थ, अब अर्को सूचनाको बारेमा चनाखो रहन सम्बन्धित सबैलाई सजग गराइनेछ।

अनुमानित मौसम तथा विपद् जोखिम अवस्थाको जानकारी नगरपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट नगरपालिका स्तरीय पूर्वसूचना तथा आपत्कालीन सञ्चार संयन्त्र मार्फत सम्बन्धित समुदायमा पुर्‍याइनेछ। विभिन्न प्रकारको अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका लगायतका जोखिममा रहेका समुदायसम्म जानकारी पुर्‍याउन उपयुक्त माध्यम र रणनीति अपनाइनेछ।

अर्कोतर्फ, स्थानीय तवरमा बाढी तथा पहिरो जोखिमको निगरानी वा विभिन्न सूचकका आधारमा बाढी तथा पहिरो जाने सम्भावना छ भन्ने जानकारी प्राप्त गर्न सकिनेछ। यसमा यति समय भित्रै बाढी तथा पहिरो जान सक्छ वा ढुङ्गा खस्न सक्छ भन्ने ठोकुवा गर्न सकिने चाहिँ हुँदैन। तसर्थ जोखिमको जानकारी प्राप्त भएपछि सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ।

२४ घण्टा सहितको तिन दिने मौसम पूर्वानुमान बुलेटिन प्राप्त भएपछि नगरपालिकास्तरमा विभिन्न सरोकारवाला निकायहरुले गर्ने पूर्वतयारी तथा पूर्वकार्य क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् ।

| क्र.सं | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | सूचना विश्लेषण गरी स्थानीय परिवेश अनुसार परिमार्जन गर्ने । परिमार्जित सूचना जारी गर्ने, पूर्वसूचना संयन्त्र मार्फत सबै समुदाय र सरोकारवालालाई सम्प्रेषण गर्ने | १२ घण्टा भित्र | नगरपालिका | निरन्तर | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| २ | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाई आवश्यक जनशक्ति परिचालन गरी सञ्चालनमा ल्याउने | १२ घण्टा भित्र | नगरपालिका | निरन्तर | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३ | विषयगत समितिहरूलाई सक्रिय बनाउनुका साथै परिचालन गर्ने | १८ घण्टा भित्र | नगरपालिका | निरन्तर | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ४ | साईरन तथा रेडियो मार्फत सूचना प्रसारण गरी सबैलाई सतर्क र तयारी रहन आग्रह गर्ने | ६ घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| ५ | जोखिम सूचना बारेको निरन्तर अपडेट लिदै स्थानीय रेडियो तथा सामाजिक सञ्जाल मार्फत ताकिएको सुरक्षित स्थान सहित स्थानान्तरणका बारेको नयाँ सूचनाहरू प्रवाह गर्ने | प्रत्येक ३ घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| ६ | झटपट झोला तयारी अवस्थामा रहे नरहेको यकिन गरी तयारी गर्ने | १६ घण्टा भित्र | नगरपालिका | निरन्तर | समुदाय तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ७ | आफ्नो घरमा भण्डारण गरीएको खाद्यान्न तथा अन्नबाली क्षति नहुने ठाउँमा सार्ने | १८ घण्टा भित्र | नगरपालिका | निरन्तर | समुदाय | नगरपालिका |
| ८ | प्रभावित क्षेत्रका रहेका व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि विभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने | १६ घण्टा भित्र | नगरपालिका | निरन्तर | नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ९ | जोखिम क्षेत्रमा विभिन्न सञ्चार माध्यम मार्फत सुरक्षित स्थानको बारेमा जानकारी दिने | १२ घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| १० | जोखिम समुदायका मानिसहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण हुँदा मानिसहरूलाई आवश्यक पर्ने सामाग्री सहित जान रेडियो तथा एसएमएस मार्फत जानकारी दिने | १६ घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| ११ | विद्यालयमा विद्यार्थीहरूलाई विद्यालय सुरक्षा अवस्थाबारे जानकारी गराउने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | शिक्षा शाखा | नगरपालिका |
| १२ | जोखिम क्षेत्रमा अवस्थित विद्यालयका विद्यार्थीहरूलाई आगामी दिनको मौसम पूर्वानुमानका साथै घर तथा समुदायमा अपनाउनु पर्ने सतर्कताका विषयमा जानकारी गराउने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | शिक्षा शाखा | नगरपालिका |
| १३ | सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूको मोबाइल नम्बरमा एसएमएस मार्फत स्थानान्तरण बारे सूचना प्रवाह गर्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| १४ | स्वयंसेवकहरू परिचालन गरी प्रथमिकताका आधारमा ज्येष्ठ नागरीक, अपाङ्गता, गर्भवती तथा सुत्केरी महिला, नवजात शिशुहरूलाई स्थानान्तरण गर्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | महिला तथा बालबालिका शाखा | नगरपालिका |

| क्र.सं | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| १५ | समुदाय स्तरमा गठन गरीएका खोज तथा उद्धार, प्राथमिक उपचार, पूर्व सूचना सम्बन्धी तालिम प्राप्त जनशक्तिहरूका साथै टोल विकास समितिहरूलाई सक्रिय बनाई सबै मानिसहरूलाई सूचना पुऱ्याउन परिचालन गर्ने | १६ घण्टा भित्र | नगरपालिका | निरन्तर | वडा तथा नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| १६ | जोखिम क्षेत्रमा बसोबास गर्ने सबै परिवारहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्ने | २४ घण्टा अगाबै | नगरपालिका | निरन्तर | वडा तथा नगर विपद् व्यवस्थापन समिति | नगरपालिका |
| १७ | माईकिंङ्ग मार्फत थप प्रभावित हुन सक्ने समुदायलाई सचेत रहन र विचलित नहुन आग्रह गर्ने | १६ घण्टा भित्र | नगरपालिका | निरन्तर | समुदाय तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| १८ | आवश्यकताका आधारमा घाइते, बिरामी तथा गर्भवती, सुत्केरी महिलाहरुलाई अस्पतालसम्म लैजान र ल्याउनका लागि एम्बुलेन्स सेवा परिचालन गर्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | स्वास्थ्य शाखा | नगरपालिका |
| १९ | सुरक्षित स्थानमा प्राथमिक उपचार बाकस र तालिम प्राप्त जनशक्ति तयारी अवस्थामा राख्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | स्वास्थ्य शाखा | नगरपालिका |
| २० | आस्थायी आश्रय स्थलमा रहेका वा सरेका मानिसहरूलाई आवश्यक परेको खण्डमा खाद्य तथा गैर खाद्य बस्तुहरूको वितरण गर्ने | ६ घण्टा अगावै | नगरपालिका | निरन्तर | कृषि तथा पूर्वाधार शाखा | नगरपालिका |
| २१ | स्थानान्तरणका लागि अस्थायी टहरा निर्माण कार्य सम्पन्न नभएको भए थप जनशक्ति परिचालन गरी निर्माण कार्य सम्पन्न गर्ने | ६ घण्टा अगावै | नगरपालिका | निरन्तर | पूर्वाधार शाखा | नगरपालिका |
| २२ | अस्थायी अवासमा सरेका घरधुरीहरूलाई लत्ताकपडा, खानेपानी, बत्ती, शौचालय, भाडाँकुडाँ, स्वास्थ्य तथा सरसफाइ सामग्रीहरूको सुनिश्चितता र वितरण गर्ने | ६ घण्टा अगावै | नगरपालिका | निरन्तर | नगर तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| २३ | चोरी, लुटपाट, हिंसा जस्ता गतिविधि हुन नदिन सचेतना जगाउने र आस्थायी आश्रय स्थलमा गुनासो सुनवाइ तथा सहायता कक्ष निर्माण गर्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | महिला तथा बालबालिका शाखा | नगरपालिका |
| २४ | जोखिम क्षेत्र आसपासमा एक्लै हिँडडुल नगर्न समुदायलाई रेडियो मार्फत जानकारी दिने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | सुचना प्रविधि शाखा | नगरपालिका |
| २५ | जोखिम क्षेत्रमा अवस्थित विद्यालयहरू सञ्चालनका लागि वैकल्पिक व्यवस्था गर्ने | २४ घण्टा भित्र | नगरपालिका | निरन्तर | शिक्षा शाखा | नगरपालिका |
| २६ | सुत्केरी हुने समय भएका तथा प्रस्तुति व्यथा लागेका महिलाहरूलाई समयमै स्वास्थ्य केन्द्रमा लैजान सल्लाह दिने | २४ घण्टा अगावै | नगरपालिका | निरन्तर | स्वास्थ्य शाखा | नगरपालिका |
| २७ | महिला स्वास्थ्य स्वयंसेविका मार्फत आमासमुहहरूलाई विपद् पूर्वतयारीका विषयमा जानकारी गराउने | २४ घण्टा अगावै | नगरपालिका | निरन्तर | स्वास्थ्य शाखा | नगरपालिका |
| २८ | स्वास्थ्यकर्मीहरूलाई औषधी सहित समुदायहरू स्थानान्तरण भएको स्थानमा परिचालन हुन जानकारी दिने | २४ घण्टा अगावै | नगरपालिका | निरन्तर | स्वास्थ्य शाखा | नगरपालिका |
| २९ | गाईवस्तुहरूलाई सुरक्षित स्थानमा सार्नुका साथै घाँस, पराल र दानाको व्यवस्था गर्ने | २४ | नगरपालिका | निरन्तर | कृषि तथा पशु शाखा | नगरपालिका |

| क्र.सं | पूर्वकार्यहरु | समय | स्थान | परिमाण | जिम्मेवारी | स्रोत |
|---|---|---|---|---|---|---|
| | | घण्टा अगावै | | | | |
| ३० | गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरूलाई खाद्यान्न व्यवस्था र वितरण गर्ने | ६ घण्टा अगावै | नगरपालिका | निरन्तर | कृषि शाखा | नगरपालिका |
| ३१ | जोखिम सूचनाको बारेमा घरदैलो अभियान सञ्चालन गर्ने | १२ घण्टा अगावै | नगरपालिका | निरन्तर | समुदाय तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३२ | थप आवश्यक सूचना लिन दिनका लागि मोबाईलको चार्ज र रिचार्जको व्यवस्था गरी राख्ने . | १२ घण्टा अगावै | नगरपालिका | निरन्तर | समुदाय तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |
| ३३ | जोखिमयुक्त क्षेत्रका साथै एक्लै टाढाको यात्रा नगर्ने । | १२ घण्टा अगावै | नगरपालिका | निरन्तर | समुदाय तथा वडा विपद् व्यवस्थापन समिति | नगरपालिका |

नोट:-

(१) वर्षाको पूर्वानुमानको आधारमा पहिरोको जोखिममा रहेका समुदायलाई सामान्यतया ३ दिन अगाडि भारी वर्षाको सूचना पाएपछि वा कुनै पनि बखतमा ३ दिनभन्दा कम अवसर समय रहेको सूचना पाएपछि त्यस अवधिलाई अन्तिम बिन्दु (trigger) मानेर बाढी तथा पहिरोको जोखिममा रहेका समुदायलाई तत्काले सुरक्षित ठाउँमा सर्न, सार्न आवश्यक पहल गरिनेछ । कतिपय अवस्थामा २४ वा अझ कम अवधिको मात्र जानकारी आउन पनि सक्छ । रातिको समयमा बाढी तथा पहिरोको उद्धार गर्न कठिन हुन्छ । तसर्थ २४ घण्टाको पूर्वसूचनामा वास्तविक उपलब्ध अवसर समय २ देखी ४ घण्टा मात्र हुन पनि सक्छ।

(२) बाढी तथा पहिरो र ढुङ्गा खस्ने जोखिमको स्थानीय निगरानी गर्दा अनुगमनकर्ताले बाढी तथा पहिरो जाने प्रवल सम्भावना छ भनी खबर ल्याएमा समुदायमा रहेका समुह तथा समिति लगायत नगरपालिकाको स्रोतसाधन परिचालन गरी सम्भव भएसम्म जोखिम कम गर्ने, जोखिम रहेका ठाउँका बासिन्दालाई अन्यत्र सार्ने र जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने उपायहरू अवलम्बन गरिनेछ । अवस्थाको विचार गरी निगरानीकर्ताको खबरका आधारमा नगरपालिकाबाट तत्काले जाँचबुझ टोली खटाएर उक्त स्थानको निरीक्षण गरी आवश्यक निर्णय गर्न पनि सकिनेछ ।

(३) जोखिममा रहेका समुदायलाई अस्थायी रूपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय सरोकारवाला तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल र समन्वय गरिनेछ ।

(४) अवसर समय तीन दिन वा सो भन्दा कम रहेको अवस्थामा नगरपालिका प्रमुख, उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत वा विपद् सम्पर्क व्यक्ति, जिल्ला प्रशासन कार्यालय र स्थानीय सरोकारवालासँग परामर्श गरी तत्काले आवश्यक निर्णय गरिनेछ ।

बाढी तथा मौसम पूर्वानुमान सम्बन्धि जानकारी लिनु परेमाः

जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाले मनसुन सिजन अवधिभर हरेक दिन विहान ७ बजे तीन दिनपछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट (www.hydrology.gov.np) लगअन गरी हेर्न सक्नुहुनेछ।

तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट (यहाँ क्लिक गरी) मा गई Rainfall Watch बटन थिच्नुहोला ।

त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ ? बढ्दो छ कि घट्दो होला? खतरा होला की नहोला भन्ने जान्न चाहीं सोही वेवसाइट (यहाँ क्लिक गरी) मै गई River Watch बटन थिच्नुहोस ।

- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्व सूचना यस विभागको आधिकारिक ट्विटर: Nepal Flood Alert! नेपाल बाढी सूचना। र फेसबुक: नेपाल बाढी सूचना - Nepal Flood Alert मा पनि हेर्न सक्नुहुनेछ।
- जारी भएको बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्व सूचना यस विभागको आधिकारिक ट्विटर पेज : Nepal Flood Alert! नेपाल बाढी सूचना। र फेसबुक पेज: नेपाल बाढी सूचना - Nepal Flood Alert मा पनि हेर्न सक्नुहुनेछ।

- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढीबाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एसएमएस पठाइनेछ ।
- जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले हरेक दिन विहान ६ बजे तीन दिन सम्मको मौसम पूर्वानुमान बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट (www:mfd.gov.np) लगअन गरी वा निम्न (लिंक) मा गई हेर्न सक्नुहुनेछ।
- विभागबाट जारी भएको मौसम पूर्वानुमान बुलेटिन वा मौसम संग संबन्धीत हरेक सूचना तथा जानकारी यस विभागको आधिकारिक ट्विटर पेज : NepalDHM र फेसबुक पेज : Mfd Weather Forecast मा पनि हेर्न सक्नुहुनेछ।
- देशै भरका सर्वसाधारणको लागि ११५५ नम्वरको टोल फ्रि सेवा बाढी पूर्वसूचना तथा मौसम पूर्वानुमान प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ । जो कोहीले ११५५ डायल गरेर बाढी तथा मौसम पूर्वानुमान सम्बन्धि पूर्वसूचना लिन सक्नुहुनेछ ।

## ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

आपत्कालीन प्रतिकार्य योजनामा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण, राहत वितरण र विपद् लेखाजोखा तथा सूचना व्यवस्थापन र संप्रेषणका क्रियाकलापहरू सहित प्रत्येक विषयगत क्षेत्र परिचालनको समय तालिका सहितको कार्यविधि समावेश गरिएको छ । प्रतिकार्यको लागि देहाय बमोजिमका विषयगत क्षेत्रका क्रियाकलापहरू तर्जुमा गरिएको छ ।

### ३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार, शीघ्र पुनर्लाभ क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| **० देखि २४ घण्टा** | १ | स्थानीय विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बसी हरेक विषयगत क्षेत्रलाई तयारी अवस्थामा रहन निर्देशन दिने | नगर बिपद ब्यबस्थापन समिती |
| | २ | वडा बिपद ब्यबस्थापना समिती र नगर बिपद ब्यबस्थापन समिती बाट प्रारम्भिक दुर्त लेखाजोखा (Innitial Rapid Assessment ) गरी प्रतिबेदन जिल्ला बिपद ब्यबस्थापना समितीमा पठाउने | नगर बिपद ब्यबस्थापन समिती |
| | ३ | समन्वय खोज तथा उद्धार विषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने | नगर बिपद ब्यबस्थापन समिती |
| | ४ | खोज उद्धार र सुरक्षाको लागि उद्धारकर्मी, सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय / जिल्ला विपद् व्यवस्थापन समिति |
| | ५ | खोज तथा उद्धारका लागि आवश्यक सामग्री र यातायातको बन्दोबस्त गर्ने | बन्दोबस्ती विषयगत क्षेत्र |
| | ६ | घाइतेहरूको शिघ्र उद्धार गर्ने र बेपत्ताहरूको खोजी कार्यलाई तीव्रता दिने | सुरक्षा निकाय |
| | ७ | सम्भावित जोखिम क्षेत्रका समुदायको सुरक्षित स्थानान्तरण गर्ने | सुरक्षा निकाय, वडा समिति |
| | ८ | घाइतेहरूको तत्काल प्राथमिक उपचारका लागि आवश्यक समन्वय गर्ने | स्वास्थ्य विषयगत क्षेत्र |
| | ९ | मृतकहरूको पहिचान गरी मुचुल्का गरेर शव आफन्तलाई जिम्मा लगाउने | वडा समिति |
| | १० | शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको वारे छलफल गर्ने | शीघ्र पुनर्लाभ विषयगत क्षेत्र |
| | ११ | विपदबाट क्षति भएका सडक संचार तथा विद्युत पूर्वाधार सूचारू गर्न पहल गर्ने | शीघ्र पुनर्लाभ विषयगत क्षेत्र |
| **२४ घण्टा देखि ७ दिन** | १२ | खोज उद्धार कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिने | सुरक्षा निकाय |
| | १३ | २४ घण्टाको कामको समीक्षा गरी आवश्यकता अनुसार थप खोज उद्धार कार्य अघि बढाउने | सुरक्षा निकाय |
| | १४ | प्रभावितहरूको व्यक्तिगत सम्पत्ति तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | १५ | आवश्यकता अनुसार शव व्यवस्थापन कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १६ | बहु क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा गर्नको लागि सबै विषयगत क्षेत्रलाई समन्वय तथा परिचालन गर्ने | सुरक्षा निकाय |
| | १७ | विपद्को घटनाको प्रकृति हेरी आवश्यकता अनुसार जिल्ला प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गर्ने | नगर बिपद ब्यबस्थापन समिती |
| | १८ | पुनर्स्थापनाका लागि आवश्यक पूर्वाधारहरूको आवश्यकता लेखाजोखा गर्ने | शीघ्र पुनर्लाभ विषयगत क्षेत्र |

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| | १९ | अस्थायी आश्रयस्थलमा आधारभूत अस्थायी पूर्वाधार निर्माण गर्ने | शीघ्र पुनर्लाभ विषयगत क्षेत्र |
| | २० | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) को आधारमा तत्कालको लागि प्राथमिकता तय गर्ने | शीघ्र पुनर्लाभ विषयगत क्षेत्र |
| | २१ | आफ्नो घर फर्कन चाहने विस्थापितहरूलाई समुदायमा पुनर्स्थापित गर्ने प्रकृया तय गरि पुनर्स्थापित गर्ने | शीघ्र पुनर्लाभ विषयगत क्षेत्र |
| **७ दिन देखि १ महिना** | २२ | आवश्यकता अनुसार खोज उद्धार कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | २३ | विपदमा हराएका वा नष्ट भएका अत्यावश्यक दस्तावेजहरुको लगत सङ्कलन गर्ने | सुरक्षा निकाय, वडा समिति |
| | २४ | हराएका वा नष्ट भएका कागजातहरुको पुनर्निमार्ण तत्काल गर्ने | वडा कार्यालय |
| | २५ | विषय क्षेत्रगत विस्तृत लेखाजोखाको आधारमा विपदबाट भएको क्षतिको लागि पुनर्स्थापना योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |
| | २६ | विपद् पश्चातको आवश्यकता लेखाजोखाको आधारमा नगरपालिकाको पुनर्निमाण योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |
| | २७ | विषय क्षेत्रगत विस्तृत लेखाजोखाको आधारमा क्षेत्रगत पुनर्स्थापन योजना तयार गर्ने | सबै विषयगत क्षेत्र |
| | २८ | सामान्य क्षति भएका पूर्वाधार तथा संरचनाहरूको मर्मत सम्भार गरी सेवा सुचारू गर्ने | पूर्वाधार विकास शाखा |
| | २९ | विपद् पछिको आवश्यकताको लेखाजोखाको आधारमा नगरपालिकाको पुनर्निमाण योजना तयार गर्ने | सबै विषयगत क्षेत्रहरु |
| | ३० | पुनर्निमाण नसकिएसम्म पुनर्निमाणको कामलाई निरन्तरता दिने | नगर बिपद ब्यबस्थापन समिती |

### ३.३.२ खाद्य कृषि विषयगत क्षेत्रको प्रतिकार्य योजना

| समय | क्र.सं | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | खाद्य तथा कृषि विषयगत क्षेत्रको आकस्मिक बैठक बोलाउने र अवस्था विश्लेषण गर्ने, प्रभावित हुनसक्ने जनसङ्ख्याको आकलन गरी आवश्यक खाद्य सामग्रीको प्रवन्ध गर्ने | नगर बिपद ब्यबस्थापन समिती |
| | २ | विस्थापित तथा प्रभावितहरूलाई तत्काल स्वच्छ र सुरक्षित पिउने पानी उपलब्ध गराउने | खोज उद्धार विषयगत क्षेत्र |
| | ३ | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि तत्काल खान मिल्ने खाद्य सामग्री उपलब्ध गराउने | नगर बिपद ब्यबस्थापन समिती |
| २४ घण्टा देखि ७ दिन | ४ | प्रारम्भिक द्रुत आबश्यक्ता लेखाजोखा (Initial Rapid Need Assessment-IRNA) आधारमा अवस्था हेरी आगामी एक महिनाको लागि खाद्य आवश्यकताको आकलन गर्ने | विपद् लेखाजोखा टोली |
| | ५ | थप खाद्य सामग्री आवश्यक भएमा स्थानीय तहमा क्रियाशील मानवीय सहायता कार्यमा संलग्न निकायहरूसँग समन्वय तथा अनुरोध गर्ने। | नगर बिपद ब्यबस्थापन समिती |
| | ६ | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि आवश्यकता एवं न्यूनतम मापदण्ड बमोजिम खाद्य उपलब्ध गराउने | नगर बिपद ब्यबस्थापन समिती |
| ७ | ७ | विस्थापित तथा प्रभावितहरुलाई खाद्य सामग्री आवश्यकता अनुसार खाद्य सामग्री निरन्तर उपलब्ध गराउने | खाद्य तथा कृषि विषयगत क्षेत्र |

| समय | क्र.सं | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| दिन देखि १ महिना | ८ | खाद्य सामग्री वितरणमा आईपरेका समस्या तथा चुनौतीहरूको विषयमा विषयक्षेत्रको समिक्षा बैठक गर्ने र निष्कर्ष सहितको प्रतिवेदन स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने | खाद्य तथा कृषि विषयगत क्षेत्र |

### ३.३.३ स्वास्थ्य तथा पोषण, संरक्षण तथा सूरक्षा, आपत्कालीन शिक्षा क्षेत्र

| समय | क्र.स | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | २ | घाइतेको खोज उद्धारसँगै प्राथमिक उपचारका लागि प्राथमिक उपचार टोली परिचालन गर्ने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | ३ | संकटग्रस्त क्षेत्रमा तत्काल प्रतिकार्यको लागि द्रुत प्रतिकार्य टोली (Rapid Response Team - RRT) परिचालन गर्ने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | ४ | स्वास्थ्य संकटग्रस्त क्षेत्र घोषणा गरिएको क्षेत्र एवम् अवधिमा स्वास्थ्य सम्बन्धी प्रोटोकल पूर्ण रूपमा पालना गर्ने / गराउने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | ५ | उच्च संक्रामक महामारी फैलिएको अवस्थामा नगरपालिका प्रवेश गर्ने नाकाहरुमा कडाई गरी स्क्रिनिङ र क्वारेन्टिनको व्यवस्था गर्ने | सुरक्षा निकाय |
| | ६ | संक्रमितको कन्ट्र्याक ट्रेसिङ् परीक्षण गरी आइसोलेसन र उपचारको प्रवन्ध गर्ने | स्वास्थ्य संस्थाहरु |
| | ७ | अस्पताल तथा स्वास्थ्य संस्थाहरू नियमित निसंक्रमित गर्ने | स्वास्थ्य संस्थाहरु |
| | ८ | विपद् प्रभावित क्षेत्रमा प्राथमिक उपचार डेस्क स्थापना गरी सेवा सञ्चालन गर्ने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | ९ | गम्भीर अवस्थाका घाइतेहरूलाई थप उपचारको लागि जिल्ला तथा प्रदेश अस्पतालमा रिफर गर्ने | नगर बिपद ब्यबस्थापन समिती |
| | १० | दीर्घ रोगीहरू पहिचान गरी उनीहरूको लागि औषधि तथा उपचार सेवा उपलब्ध गराउने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ११ | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | १२ | प्रभावित महिला बालबालिका अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई संरक्षण दिने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | १३ | पहिचान भएका आवश्यकता बमोजिम गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई सहयोग गर्ने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | १४ | शिक्षा विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | १५ | अवस्था अनुसार आपत्कालीन प्रतिकार्यको लागि विद्यालय बन्द गर्नु पर्ने भएमा बन्द गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | १६ | विद्यालयको क्षति तथा शिक्षक विद्यार्थीको अवस्थाको आकलन गरी खोज उद्धारमा सहयोग गर्ने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ११ | मापदण्ड अनुसार शुद्ध पिउने पानी र प्रभावितहरूको अवस्था अनुसार पोषणयुक्त खानाको सुनिश्चतता गर्ने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | १२ | संक्रमणजन्य महामारीका समयमा अस्पताल तथा स्वास्थ्य संस्थाहरू नियमित निसंक्रमित गर्ने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | १३ | विपद् प्रभावित क्षेत्र तथा अस्थायी आश्रयस्थलमा नियमित औषधि उपचारका साथसाथै गर्भवती जाँच, सुत्केरी र परिवार नियोजन सेवालाई निरन्तरता दिने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |

| समय | क्र.स | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| | १४ | गर्भवती महिला, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा पोषणयुक्त खानेकुरा वितरणको व्यवस्था मिलाउन खाद्य तथा पोषण क्षेत्रलाई सिफारिस गर्ने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | १५ | प्रभावित क्षेत्रमा अति जोखिमपूर्ण समुहको पहिचान गर्ने र पहिचान गरिएका अति जोखिम पूर्ण समुहलाई बिशेष निगरानी तथा स्वास्थ्य सेवा उपलब्ध गराउने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | १६ | उच्च संक्रामक महामारी फैलिएको अवस्थामा नगरपालिका प्रवेश गर्ने नाकाहरुमा कडाई गरी स्क्रिनिङ र क्वारेन्टिनको व्यवस्था गर्ने | सुरक्षा निकाय |
| | १७ | मनोसामाजिक परामर्श सेवा सञ्चालनलाई आवश्यकता अनुसार निरन्तरता दिने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | १८ | अस्थायी आश्रयस्थल तथा प्रभावित समुदायमा महामारीजन्य विपद् फैलिन नदिन थोकथामका उपायहरू अपनाउने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | १९ | स्वास्थ्य तथा पोषण क्षेत्रको विषयगत आवश्यकता लेखाजोखा गरी पुनर्स्थापन योजना तयार गर्ने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | २० | आवश्यकता अनुसार स्वास्थ्य उपचार र सेवा प्रवाहलाई निरन्तरता दिने | स्वास्थ्य संस्थाहरू |
| | २१ | आवश्यकता अनुसार प्रभावितहरूलाई मनोसाजिक परामर्श सेवा उपलब्ध गराउने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | २२ | विपद्का कारण हराएका वा छुट्टिएका बालबालिकाहरुलाई अभिभावकसँग पुनर्मिलन गराउने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | २३ | विपद्को घटनाबाट मानसिक रूपमा प्रभावित व्यक्ति र परिवारका सदस्य गुमाएका व्यक्तिहरूलाई परिस्थितीको आकलन गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | २४ | मानव बेचबिखन, ओसारपसार र अपहरण जोखिम न्यूनीकरणका लागि नगरपालिकाको सिमा नाकाहरूमा नागरिक सुरक्षा चेक पोष्ट स्थापना गर्ने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | २५ | गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि आवश्यक सामग्रीहरूको दैनिक सूची तयार गरी सामग्री जुटाउने र वितरण गर्ने। | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | २६ | विशिष्ट आवश्यकता अनुसारका सामग्री जस्तैः डिग्निटी किट वितरण गर्ने। | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | २७ | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक विवरण संकलन गरी आवश्यकता आकलन गर्ने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| | २८ | विपद्का कारण हराएका वा छुट्टिएका बालबालिकाहरुलाई अभिभावकसँग पुनर्मिलन गराउने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| | २९ | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक विवरण संकलन गरी आवश्यकता आकलन गर्ने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| | ३० | सिकाई निरन्तरताको कार्ययोजना क्रियाशील गर्ने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| | ३१ | तत्काल विद्यालय सञ्चालन हुन नसक्ने अवस्थामा अस्थायी सिकाई केन्द्र स्थापना गरी सिकाई सुचारु गर्ने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| | ३२ | अस्थायी सिकाई केन्द्र पनि सञ्चालन हुन नसक्ने अवस्थामा वैकल्पिक विधिबाट सिकाई सुचारू गर्ने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| | ३३ | शिक्षकहरूका लागि आपत्कालीन शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| ७ दिन देखि १ महिना | ३४ | जनस्वास्थ्य (पोषण, खोप, सुरक्षित मातृत्व, बाल स्वास्थ्य, परिवार नियोजन) सेवा सुरक्षित तरीकाले नियमित संचालन गर्ने प्रवन्ध मिलाउने | स्वास्थ्य संस्थाहरू |
| | ३५ | स्वास्थ्य संकट नियन्त्रण तथा सुरक्षा सम्बन्धी सन्देशमूलक सामग्रीहरू निमित प्रसारण गर्ने | सञ्चार माध्यम |
| | ३६ | थप महामारी फैलिन नदिन रोकथामका उपायहरू निरन्तर गर्ने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |

| समय | क्र.स | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| | ३७ | स्वास्थ्य क्षेत्रको विपद् पछिको आवश्यकताको लेखाजोखा गरी पुनर्निमाण योजना तयार गर्ने | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र |
| | ३८ | नेपाल प्रहरी र स्थानीय सामाजिक संस्थाहरूवीच संयन्त्र तयार गरी बाहिरबाट आउने व्यक्तिहरूमाथि निगरानी राख्ने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | ३९ | विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा सामाजिक र लैंगिक विभेद नभएको सुनिश्चित गर्ने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | ४० | अस्थाई सिकाई केन्द्रहरूमा छात्रा विद्यार्थीहरूमाथि हुन सक्ने हिंसा रोक्नका लागि सुरक्षा संयन्त्र निर्माण गर्ने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | ४१ | विपद् प्रभावित समुदाय वा अस्थायी आश्रयस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिलाई निगरानी राख्ने र विशेष संरक्षणको व्यवस्था मिलाउने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | ४२ | बालबालिकाका लागि मनोरन्जनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | ४३ | विपद् पछिको आवश्यकता लेखाजोखा गरी संरक्षण तथा सुरक्षा क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र |
| | ४४ | बालबालिकाहरूलाई विद्यालय फर्कने वातावरण बनाउन अभिभावकहरूसँग समुदायमा छलफल गर्ने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| | ४५ | विपद् प्रभावित विद्यार्थीहरूको लागि अवस्था र आवश्यकता अनुसार विद्यालय पोशाक, पाठ्यपुस्तक र स्टेसनरी सामग्रीहरू उपलब्ध गराउने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| | ४६ | विद्यालय आउने जाने बाटोहरू भत्किएको बिग्रिएको भए मर्मत गराउने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| | ४७ | बालबालिकाका लागि मनोरन्जनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| | ४८ | गम्भीर प्रकृतिको अवस्था बाहेक सामान्यत विपद्को घटना भएको ७ दिन सम्ममा सिकाई सुचारू गर्ने प्रवन्ध गर्ने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |
| | ४९ | विपद् पछिको आवश्यकता लेखाजोखा गरी शिक्षा क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | आपत्कालीन शिक्षा विषयगत क्षेत्र |

### ३.३.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको प्रतिकार्य योजना

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| **० देखि २४ घण्टा** | १ | खानेपानी सरसफाई तथा स्वस्थता प्रवर्द्धन विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | नगर विपद् व्यवस्थापन समिति |
| | २ | प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा सुरक्षित शुद्ध पिउने पानी तथा सरसफाईको लागि मापदण्ड अनुसारको आवश्यक पानी उपलब्ध गराउने प्रवन्ध गर्ने | अस्थायी आश्रय स्थल तथा राहत व्यवस्थापन क्षेत्र |
| **२४ घण्टा देखि ७ दिन** | ३ | खानेपानी तथा सरसफाई आवश्यकताको आँकलन गर्ने | विपद् लेखाजोखा क्षेत्र |
| | ४ | अस्थायी आश्रय स्थलमा सरसफाईका अस्थायी संरचनाहरू तयार गर्ने | अस्थायी आश्रय स्थल तथा राहत व्यवस्थापन क्षेत्र |
| | ५ | प्रभावित समुदायमा सामान्य क्षति भएका खानेपानी तथा सरसफाईका संरचनाहरू तत्काल मर्मत गर्ने | पुनर्स्थापन तथा पुनर्निर्माण विषयगत क्षेत्र |
| | ६ | खानेपानी शुद्धीकरणका विधिहरू समुदायलाई जानकारी गराउने | यस क्षेत्रमा कार्यरत गैससहरु रेडक्रस |
| | ७ | अस्थायी आश्रयस्थलको फोहोर मैला व्यवस्थापनको प्रवन्ध गर्ने | सामाजिक अभियन्ता तथा गैससहरु |
| | ८ | अस्थायी आश्रयस्थलमा नियमित स्वास्थ्य, खानेपानी तथा सरसफाई शिक्षा प्रवर्द्धन गर्ने | रेडक्रस तथा अन्य गैससहरु |

| | | | |
|---|---|---|---|
| | ९ | खानेपानी तथा सरसफाई क्षेत्रको पुनर्स्थापन योजना तयार गर्ने | रेडक्रस तथा अन्य गैससहरु |
| | १० | अस्थायी आश्रय स्थलमा मापदण्ड अनुसारको खानेपानी र सरसफाइको प्रवन्ध नियमित गर्ने | यस क्षेत्रमा कार्यरत गैससहरु |
| **७ दिन देखि १ महिना** | ११ | आवश्यकता अनुसार अस्थायी आश्रय स्थलमा खानेपानी र सरसफाईको प्रवन्ध नियमित गर्ने | रेडक्रस तथा अन्य गैससहरु |
| | १२ | खानेपानी तथा सरसफाई क्षेत्रको क्षेत्रगत आवश्यकताको लेखाजोखा गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | १३ | अस्थायी सिकाई केन्द्रहरूमा खानेपानी र सरसफाईको प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १४ | विपद् पछिको क्षेत्रगत आवश्यकताका आधारमा खानेपानी तथा सरसफाई क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |

### ३.३.५ आपत्कालीन आश्रय र गैर खाद्य सामग्री तथा बन्दोबस्ती क्षेत्रको प्रतिकार्य योजना

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धि क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १ | अस्थायी आश्रय स्थल, खाद्य तथा गैर खाद्य सामग्री र राहत व्यवस्थापन विषयगत क्षेत्रको आकस्मिक बैठक बोलाउने र अवस्था विश्लेषण गर्ने, प्रभावित हुनसक्ने जनसंख्यको आकलन गर्ने | नगर विपद् व्यवस्थापन समिति |
| | २ | विस्थापितहरूको लागि तत्काल अस्थायी बसोबासको प्रवन्ध गर्ने | नगर विपद् व्यवस्थापन समिति |
| | ३ | प्रारम्भिक द्रुत लेखाजोखाको लागि आवश्यक बन्दोबस्त गरी लेखाजोखा टोली परिचालन गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ४ | उद्धारकर्मी, स्वास्थ्यकर्मी तथा घाइतेहरुको ओसार पसार र राहत सामग्रीको ओसार पसार गर्नको लागि यातायातका साधनहरुको प्रवन्ध गर्ने | खोज उद्धार विषयगत क्षेत्र |
| | ५ | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि तत्काल खान मिल्ने खाद्य सामग्री उपलब्ध गराउने | नगर विपद् व्यवस्थापन समिति |
| | ६ | विपद् प्रभावितहरूलाई गर्मीको समयमा झुल र जाडोको समयमा न्यानो कपडाको प्रवन्ध गर्ने | cfkTsfnLg cf>o / u}/ vfB ;fdu\|L tyf aGbf]a:tL |
| २४ घण्टा देखि ७ दिन | ७ | प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment) का आधारमा आगामी एक महिनाको लागि खाद्य तथा गैर खाद्य आवश्यकताको आकलन गर्ने | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| | ८ | प्रभावितहरूको लागि अस्थायी आश्रय स्थलमा बसोबासको प्रवन्ध गर्ने कार्यलाई निरन्तरता दिने | आपत्कालीन आश्रय र गैर खाद्य सामग्री तथा बन्दोबस्ती |
| | ९ | अस्थायी आश्रयस्थलमा वा प्रभावित समुदायमा शौचालय, खानेपानी, सरसफाई तथा औषधि उपचारको लागि अन्य विषयगत क्षेत्रसँग समन्वय गर्ने | खानेपानी सरसफाई र स्वास्थ्य विषयगत क्षेत्र |
| | १० | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि खाद्य सामग्री, खाना पकाउने भाँडाकुँडा र ओढ्ने ओछ्याउने सामग्री उपलब्ध गराउने | आपत्कालीन आश्रय र गैर खाद्य सामग्री तथा बन्दोबस्ती |
| | ११ | अपांगता भएका व्यक्ति एकल महिला र पुरुषका लागि उपयुक्त आश्रय स्थलको प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १२ | विपद्को कारण आघातमा रहेका व्यक्तिहरूलाई आश्रयस्थलमा नै मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १३ | अस्थायी आश्रयस्थलमा बालबालिकालाई खेल्ने ठाउँको प्रवन्ध गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १४ | आवश्यकता अनुसार विस्थापितहरुलाई घर फर्काउने प्रवन्ध गर्ने | आपत्कालीन आश्रय र गैर खाद्य सामग्री तथा बन्दोबस्ती |

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धि क्रियाकलापहरू | समन्वय/सहयोग |
|---|---|---|---|
| ७ दिन देखि १ महिना | १५ | भौतिक संरचना पुनर्निर्माणका लागि आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गर्ने | सामुदायिक वन उपभोक्ता समिति |
| | १६ | अस्थायी आश्रयस्थलमा रहेका बालबालिकाको सिकाई निरन्तरताको लागि नगरपालिकाको शिक्षा शाखा र शिक्षा विषयगत क्षेत्रसँग समन्वय गर्ने | संरक्षण तथा शिक्षा विषयगत क्षेत्र |
| | १७ | विपद् पश्चातको आवश्यकता लेखाजोखाको लागि आवश्यक बन्दोबस्त मिलाउने | आपत्कालीन आश्रय र गैर खाद्य सामग्री तथा बन्दोबस्ती |

# परिच्छेद चारः बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा

## ४.१ स्रोत-साधनको वर्तमान अवस्थाका साथै थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत विवरण

बन्दोबस्तीका सामग्रीहरुको उपलब्धताको लेखाजोखा विषयक्षेत्रका आधारमा गरिएको छ। यस नगरपालिकामा विपद्जन्य घटनाहरूमा सम्बन्धित विषयक्षेत्र अन्तर्गत उपलब्ध श्रोत साधन तथा सामग्रीहरूको विद्यमान अवस्थाका साथै भावी दिनमा गरिने विपद् प्रतिकार्यका लागि विषय क्षेत्रहरूलाई आवश्यक पर्ने थप स्रोत, साधन र उपकरणको विवरण तथा सोको अनुमानित लागत देहायको तालिकामा प्रस्तुत गरिएको छः

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान | थप आवश्यक संख्या | अनुमानित रकम |
|---|---|---|---|---|---|
| समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार, शीघ्र पुनर्लाभ क्षेत्र | दमकल (सेट सहित) | १ | नगरपालिका | ० | ० |
| | लाईफ ज्याकेट | २० | LEOC | २० | ५०००० |
| | क्लाइम्बिङ डोरी | १ | LEOC | ५ | २०००० |
| | सेफ्टि हेल्मेट | ८ | सिटी हल | ५० | ५०००० |
| | रवर बोट | १ | LEOC | १ | ७००००० |
| | स्ट्रेचर | १० | LEOC | २० | ८०००० |
| | मेगा ह्याण्ड माइक | १ | LEOC | १५ | ७५००० |
| | ईमर्जेन्सी टर्च लाईट | ५ | LEOC | २० | ६०००० |
| | आगो निभाउने यन्त्र (फायर एक्टिङ्गईसर) | २० | LEOC | २५ | १००००० |
| | फाएर बल | २० | LEOC | | |
| | फाएर बलाङ्केट | १ | LEOC | | |
| | फाएर मास्क | ५ सेट | LEOC | | |
| | बेल्चा | ५ | LEOC | | |
| | खन्ती | १० | LEOC | | |
| | हटौडा | १० | LEOC | | |
| | हाते साईरन | ० | LEOC | ५ | ५०००० |
| | रवरको पञ्जा | ५० | LEOC | १०० | ५०००० |
| | थ्रो व्याग | ६ | LEOC | १४ | ५०००० |
| | प्राथमिक उपचार किट | १० | LEOC | २८ | ८४००० |
| | शव वाहन | ० | मेहलकुना अस्पताल | १ | |
| | एक्साभेटर (जेसिबि) | १ | नगरपालिका | १ | |
| | एम्बुलेन्स | १ | नगरपालिका | ० | |
| | चामल | | | | |
| | दाल | | | | |

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान | थप आवश्यक संख्या | अनुमानित रकम |
|---|---|---|---|---|---|
| खाद्यान्न तथा कृषि (४० घरधुरी) | नुन | | | | |
| | तेल | | | | |
| | मसला | | | | |
| | किटनाशक बिषादी | | | | |
| स्वास्थ्य तथा पोषण, संरक्षण तथा सूरक्षा, आपत्कालीन शिक्षा क्षेत्र | स्यानीटरी प्याड (प्याकेट) | ५०० | नगरपालिका | ५०० | २५००० |
| | इमेरजेन्सी किट (सेट) | ४ | नगरपालिका | ५ | १०००० |
| | ह्याण्डवास, साबुन (दर्जन) | ४ | नगरपालिका | १० | ५००० |
| | पिपिई सेट/गाउन (थान) | १०० | नगरपालिका | ० | ० |
| | सर्जिकल ग्लोब (जोर) | ५० | नगरपालिका | १०० | २००० |
| | स्यानीटाईजर (थान) | २० | नगरपालिका | २० | २००० |
| | क्लोरिन पाउडर (प्याकेट) | ४० | नगरपालिका | ५० | ५००० |
| | आर.एल. (वोटल) | ५० | नगरपालिका | ५० | ५००० |
| | व्याग | ० | | ५०० | ५००००० |
| | किताब | ० | | १००० | २००००० |
| | कापी | ० | | २०० | १००००० |
| | इसिडी किट | २ | | ५ | २०००० |
| | खेलौना सेट | २ | | ५ | २०००० |
| | | | | | |
| खानेपानी, सरसरफाई तथा स्वच्छता | पियुष | नभएको | | १००० | |
| | एक्वा ट्याब | नभएको | | ५०० | |
| | पि.ए.भाइल | नभएको | | २०० | |
| | पानी जाँच्ने किट | नभएको | | १०० | |
| | पाईप, फिटिङ्स (मिटर) | ३००० | | ० | |
| | अस्थाई शौचालय किट | नभएको | | २०० | |
| | मयर्दा सामाग्री | नभएको | | ५० | २५०००० |
| आपत्कालीन आश्रय तथा गैर–खाद्य सामग्री क्षेत्र | चेन स | २ | | ४ | १००००० |
| | खन्ती (सव्वल) | १० | LEOC | ५ | ५००० |
| | गैंति र वेल्चा सेट | १० | LEOC | ५ | ५००० |
| | त्रिपाल/टेन्ट | ३० | LEOC | १०० | ३००००० |
| | भाँडाकुँडा सेट | ० | | ४० | २००००० |

| विषयक्षेत्र | स्रोत, साधन/उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान | थप आवश्यक संख्या | अनुमानित रकम |
|---|---|---|---|---|---|
| | जस्तापाता (सेट) | ० | | २० | २००००० |
| | डोरी | ३० के.जी | LEOC | ४० रोल | |
| | कम्बल | | | ४० | |
| | म्याट (पिफोम) | | | १०० मि | |

**नोट:** यस्ता सामग्रीहरुको विषयक्षेत्रबाट प्राप्त विवरण अनुसार अभिलेख अद्यावधिक गर्ने कार्य विपद् व्यवस्थापन शाखाले नियमित रुपमा गर्नेछ।

## ४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता

